States must implement national regulation on the requirement for all organization involved in aeronautical data processing and publication, to have a Quality Management System in place, which shall manage the safety of all their services.

P-18 — Agreements with Data Originators

Data of high quality can only be maintained if the source material is of good quality. States will be required to better control relationships along the whole data chain from the producer to the distributor. This may take

the form of template service level agreements (SLA) with data originators, neighboring States, information service providers or others.

Description:

Agreements with data originators are usually made up in the form of Service level agreements (SLA's). The SLA package is a series of interrelated elements to facilitate the establishment of agreements between aeronautical data originators and Aeronautical Information Services (AIS). The SLA requirement must also be included into the national regulations to ensure compliance.

P-19 — Interoperability with Meteorological Products

The meteorological data products of the future will be combined with the AIM data products to form the future flight briefings and the new services provided to all ATM components. Now that the bandwidth of telecommunication links and space for digital storage devices are no longer limiting factors, the move towards net-centric and system-wide information management (SWIM) is becoming feasible for the wider distribution of meteorological forecast data from the world area forecast centers in a format that will not require considerable effort for the learning and configuration of decoding software, thereby ensuring true interoperability. Meteorological information is essential in the compilation of pilot briefings. The transition to AIM will include activities at both the standardization and the implementation level to find solutions for the interoperability of meteorological data products with the new AIM data products.

Description:

The established and implementation of an exchange model would ensure that data in products like METAR/SPECI/TAF/SIGMET is exchanged in digital form in accordance with a globally interoperable information exchange model which will use extensible mark-up language (XML) and geography mark-up language (GML).

P-20 — Electronic Aeronautical Charts

New electronic aeronautical charts, based on digital databases and the use of geographic information systems, will be defined to complement some paper charts and to replace others that have become obsolete and need to be improved to satisfy user needs. The possibility of deploying these new products over the Internet will be explored.

Description:

A dataset of GML and XML aeronautical, terrain and obstacle data that can be interpreted by systems to produce a graphical representation of the applicable data.

P-21 — Digital NOTAM

One of the most innovative data products that will be based on the Standard for an aeronautical data exchange model will be a digital NOTAM that will provide dynamic aeronautical information to all stakeholders with an accurate and up-to-date common representation of the aeronautical environment in which flights are operated.

Description:

A dataset of AIXM / XML encoded NOTAM that can be exchanged through multiple media and with multiple systems for the updating (temporarily or permanent) of "published"/stored data.

Recommendations for the transition from AIS to AIM: CAAN's Perspective

1. Develop the AIS/AIM policies, i.e. strategies, guidlines for the transition from AIS to AIM taking into consideration all involved parties;
2. Designate data originators and determine quality requirement and make service level agreements (SLA) with data originators;
3. Establish Quality Management System.
4. AIM staff should be properly trained to perform the tasks within the AIM Department according to the standards and regulations. The training and education curriculum should be defined. Personnel should be given prior awareness of the roles and responsibilities before being transferred from other business units to the AIM Department.
5. Elaborate and execute awareness workshops for CAAN management and staff to increase the awareness of AIM within CAAN and to other data originators.
6. Establish and maintain an Integrated Aeronautical Information database.

References:

ICAO Doc 9750 - Global Air Navigation Plan

ICAO Roadmap for the Transition from AIS to AIM

ICAO Doc 9854-Global Air Traffic Management Operational Concept

Draft Conceptual Framework Report on Preparation of Design and Specification Work for AIS Automation in AIM Department, CAAN.

सामाजिक सुरक्षाको हक

विनोद प्रसाद न्यौपाने
निर्देशक, ने.ना.उ.प्रा.

नेपालको संविधान २०७२ को धारा ३४ को उपधारा २ मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था छ। मानव अधिकारको विश्वव्यापी घोषणाको धारा २२ मा प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको रुपमा सामाजिक सुरक्षाको नैसर्गिक हक हुनेछ र राष्ट्रिय अन्तर्राष्ट्रिय प्रयासद्वारा व्यक्तिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई उसको आत्म स्वाभिमान तथा व्यक्तित्व विकासको अभिन्न अंगको रुपमा स्वीकार गरिनेछ भन्ने उल्लेख भएको छ। यसरी नेपालको संविधानमा नागरिकको मौलिक हक र मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा मानवको नैसर्गिक हकको रुपमा परिभाषित सामाजिक सुरक्षाको हक भनेको के हो त आखिर ?

सामाजिक सुरक्षाको अवधारणा

पूर्वीय सभ्यतामा सर्वजन हिताय सर्वजन सुखाय वैदिक कालदेखि नै धार्मिक मान्यताको प्रमुख प्रेरणाको रुपमा रहेको पाइन्छ। परोपकाराय च पुण्याय, पापाय परपीडनमः भन्ने उक्तिमा लुकेको सामाजिक कार्यमा उदार हृदय हुनुपर्ने र शोषण उत्पीडन गर्न नहुने सन्देश कसैबाट छिपेको छैन। हिन्दु धर्म ग्रन्थहरुमा विभिन्न महापुरुषहरुले गरेका समाज सुधारका कार्यहरुलाई स्वर्णिम अक्षरमा लेखिएको छ। राम राज्यको परिकल्पना, सम्राट अशोकको धर्म अभियान, चाणक्यको अर्थशास्त्रीय मान्यता सामाजिक सुरक्षाका उत्तम स्वरुप हुन। यी बाटै प्रेरणा लिएर मध्ययुगीन राजा महाराजाहरुले समेत सामाज सुधारका अनेक कार्यहरु गरेको उदाहरण इतिहासमा वर्णित भएको पाइन्छ। ठाँउ ठाँउमा पाटीपौवा बनाउने, बृद्धबृद्धाको लागि मठ मन्दिरमा आश्रयको व्यवस्था गर्ने, धर्म भकारीको चलन चलाउने, सबै प्रजाको चुल्होमा आगो बलेपछि मात्र आफूले खाने राजकर्मका वयान हामीले सुनेकै छौ। बौद्ध धर्ममा सत्कर्म सद्विचार मार्फत समाजमा समानता ल्याउने बाटो देखाइएको छ। बुद्ध वचनमा दानलाइ सत्कर्म र सद्विचारको बीजांकुरण मानिएको छ।

पश्चिमी सभ्यतामा इशाइ तथा इस्लाम धर्मकै मूल मान्यतामा दान (Charity) लाई महत्व दिएको पाइन्छ। दान र धर्म एक अर्कासंग अकाट्य रुपमा रहेबाट समाजका धनीमानीहरुले आफ्नो आर्जनबाट केही हिस्सा सामाजिक कार्यको लागि छुट्याउने गरेको इतिहास विगतदेखि वर्तमानसम्म देखिन्छ। विभिन्न च्यारिटी संगठनहरु खोल्ने र तिनका माध्यमबाट विश्वभर शिक्षा, स्वास्थ्य, जनचेतना अभिवृद्धि गर्ने क्षेत्रमा निरन्तर कार्य गरिदै आएको भेटिन्छ। रोग, भोक र युद्धग्रस्थ क्षेत्रहरुमा पुगेर लाखौं, करोडौं मानिसहरुलाई मद्दत गर्ने; उनीहरुको जिवन बचाउने अभियान सामाजिक सुरक्षाको महत्वपूर्ण पाटो हो।

सामाजिक सुरक्षाको उच्चतम अभ्यास गरिरहेका युरोपियन देशहरुको Social Safety Net को विकासक्रम खोज्दै जाँदा जर्मन साम्राज्यको उदय सम्म पुगिन्छ। जर्मनीका प्रथम चान्सलर Otto Von Bismarck (1871-90) ले करीव १४० वर्ष अघि जर्मन राष्ट्रवादको जग राख्ने क्रममा शुरु गरेको वृद्ध उमेरका नागरिकलाई पेन्सन दिने, दुर्घटनाको क्षतिपूर्ति वापत बीमा गर्ने र राष्ट्रसेवक सैनिक कर्मचारीको स्वास्थ्य बीमा गर्ने कार्यक्रम कै विकसित स्वरुप आजको युरोपको सामाजिक सुरक्षा कार्यक्रम हो। यूरोपमा पेरिस कम्यून (१८७१) बाट बढेको श्रमिक वर्गको चेतनास्तरको कारण जर्मन साम्राज्य विस्तारमा अप्ठेरो पर्ने ठानी कामदार वर्गको समर्थन हासिल गर्न Bismarck ले अवलम्बन गरेको सामाजिक नीति नै कालान्तरमा युरोपेली महासंघको मार्गदर्शन बन्न पुग्यो। जसमा आजको समयसम्म आईपुग्दा देहायका कार्यक्रमहरु थपिएर कार्यान्वयनमा आएका छन;

- निःशुल्क शिक्षा
- निःशुल्क स्वास्थ्य सुविधा/औषधोपचार बीमा
- पेन्सन सुविधा
- सुपथ मुल्यका घर (Housing)
- निःशुल्क/सस्तो मुल्यका सार्वजनिक सवारी
- सुपथ मुल्यका पसल र राशन कार्डको व्यवस्था
- कृषि, पशुपन्छि र औद्योगिक बीमामा सहुलियत
- निःशुल्क कानूनी सहायता
- बेरोजगार भत्ता
- उपभोक्ता हित संरक्षण आदि।

औद्योगिक क्रान्ति पछि विश्वभरी नै मालिक र मजदुर वर्गका बीच आम्दानी र जीवनस्तरको अन्तर वढ्दै गएर सामाजिक सुरक्षाको विषय दान धर्मको सीमाबाट छुट्टिएर राज्यको अनिवार्य दायित्व बन्न पुगेको छ। मालिक र मजदुर वर्गको बीचमा आयको असमानता (Income Disparity) जति जति चुलिदै गयो, उति उति सरकारले सामाजिक सुरक्षाका नवीन उपायहरु अवलम्बन गर्दै आएको छ। यसले लोक कल्याणकारी राज्य (Welfare State) को अवधारणा सर्वव्यापी बन्दै गएको छ।

के हो त लोक कल्याणकारी राज्य ?

समाजमा हुने खाने र हुँदा खाने (Haves and Haves not) बीचको अन्तर चुलिदै जाँदा गरीबी, बेरोजगारी, असमानता बढ्दै जाँदा, सामाजिक विभेद, अन्याय, उत्पीडन संस्थागत बन्दै जाँदा धर्ती बस्न लायक ठाँउ रहेन। समाज राम राज्य भएन। द्धन्द बढ्दै गयो। हत्या, हिंशा, लुटपाट, अशान्ति सामाजिक विकारको रुपमा विकसित

हुदै गए । गरीबी र असमानताको विकारको रुपमा सामाजिक अस्थिरता बढेपछि लोक कल्याणकारी राज्यका औजारहरु (Tools of Welfare State) लाई त्यसको रोकथामका लागि प्रयोग गर्न थालिएको छ । सन् १९९० को दशक देखि विकसित भएको नया विश्व अर्थव्यवस्था (New Economic Order) को अभिन्न अङ्गको रुपमा लोक कल्याणकारी राज्यको अवधारणाले विश्वका सबै राज्यहरुमा अत्याधिक महत्व पाएको छ ।

विश्वव्यापी प्रचलनमा रहेका लोक कल्याणकारी सामाजिक सुरक्षा कार्यक्रमहरुमा;

- वृद्ध अवस्थामा दिइने भत्ता/पेन्सन,
- अशक्त, अपाङ्ग, सहारा विहीनहरुको लागि सुरक्षा भत्ता,
- बेरोजगारहरुको लागि भत्ता,
- बच्चा बच्चीहरुको लागि पालन पोषण भत्ता,
- स्वास्थ्य उपचार तथा मातृत्व सुरक्षा भत्ता,
- दुर्घटना तथा अशक्तता अवधिको भत्ता,
- रोजगारी स्थलमा हुने दुर्घटना र मृत्यु पश्चात दिइने सुविधा,
- आश्रित परिवारको सुरक्षा कार्यक्रम,
- पिछडिएका जातजाति संरक्षण कार्यक्रम,
- दुर्गम क्षेत्रका बासिन्दा सहायता कार्यक्रम,
- सहुलियत कार्ड/रासन कार्ड, सुपथ मुल्य पसल,
- स्वास्थ्य बीमा कार्यक्रम आदि रहेका छन ।

लोक कल्याणकारी सामाजिक सुरक्षा कार्यक्रमहरुले सरकारले दिने नगद सुविधा मात्र होइन; कामको सुरक्षा, स्वास्थ्य उपचार र सामाजिक विकासका वहुआयामिक पक्षहरुलाई समेटेको हुन्छ । लोक कल्याणकारी राज्यको आवरण भित्र राज्यका सबै नागरिकको गाँस, बास र कपासको सुनिश्चितता हुँदै शिक्षा, स्वास्थ्य र रोजगारीको हक समेटिएको हुन्छ ।

नेपालमा सामाजिक सुरक्षाको वर्तमान अवस्था

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमहरुको माध्यमबाट गरीव, श्रमिक/मजदुर, वृद्ध वृद्धा, अशक्त, अपाङ्ग, विधवा, पिछडिएका सीमान्तकृत जनजाति, दुर्गम क्षेत्रका बासिन्दाको सुरक्षा र संरक्षण गर्ने प्रयास हुँदै आएको छ । देशको कमजोर आर्थिक अवस्थाका बाबजुद राज्यले सरकारी आयको ठूलो हिस्सा यस्ता कार्यक्रममा खर्चदै आएको छ । सामाजिक सुरक्षा कार्यक्रमहरुमा विगत २५ वर्ष देखि राज्यले गर्दै आएको खर्चले अपेक्षित नतिजा दिन नसकेको तथ्य अनुभूत गरी राज्यकोषबाट खर्च हुने कार्यक्रमहरुको प्रभावकारीता बढाउदै लाभग्राही जनताको अधिकतम हित गर्ने उद्देश्यले विगत २ वर्षमा ऐन नियम संशोधन गरी व्यवहारिक बनाइएको छ । संसोधित ऐन नियमका आधारमा नया' नियमावली तथा कार्यविधिहरु जारी गरिएका छन् । जसमा;

१. श्रम ऐन, २०७४
२. श्रम नियमावली, २०७५
३. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
४. योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
५. सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५
६. रोजगारीको हक सम्वन्धि ऐन, २०७५ मुख्य रहेका छन ।

श्रम ऐन, २०७४ को व्यवस्था

श्रमिकको हक हित तथा सुविधाको व्यवस्था गर्न; श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न; श्रम शोषणका सबै व्यवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्न श्रम सम्वन्धी विद्यमान कानूनलाई संशोधन गरी नयाँ श्रम ऐन लागू भएको छ ।

श्रम ऐनका नवीनतम प्रावधानहरु देहाय अनुसार छन;

क) रोजगारीको वर्गीकरण गरिएको, १.नियमित रोजगारी २.कार्यगत रोजगारी ३.समयगत रोजगारी ४.आकस्मिक रोजगारी र ५.आंशिक रोजगारी
ख) काम गर्ने समय किटान, श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालिस घण्टा भन्दा बढी समय हुनेगरी काममा लगाउन नपाइने ।
ग) ४८ घण्टा भन्दा बढी हुनेगरी श्रमिकलाई काममा लगाउनु परेमा प्रति दिन चार घण्टा र एक हप्तामा चौबीस घण्टासम्म अतिरिक्त समय काममा लगाउन सकिने र यस वापत नियमित काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक भुक्तानी गर्नुपर्ने,
घ) रोजगारदाताले रोजगार सम्झौता नगरी काममा लगाउन नहुने,
ङ) श्रम ऐन सबै श्रमिक र उनीहरुसंग सम्वन्धित विषयमा न्यूनतम मापदण्डको रुपमा रहने,
च) कसैलाई पनि बा'धा श्रममा लगाउन नहुने,
छ) बालबालिकालाई काममा लगाउन नहुने,
ज) श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा, बैचारिक आस्था वा अन्य त्यस्तै आधारमा भेदभाव गर्न नपाइने,
झ) समान कामको लागि पारिश्रमिकमा भेदभाव गर्न नपाइने,
ञ) श्रम इजाजत नलिई विदेशी नागरिकलाई श्रमिकको रुपमा काममा लगाउन नपाइने,
ट) मुख्य रोजगारदाता, रोजगारदाता र श्रमिकहरुको दायित्व र आपसी सम्वन्धको स्पष्ट व्यवस्था गरिएको,
ठ) प्रत्येक प्रतिष्ठानले श्रम ऐन, नियमावली र प्रचलित कानून बमोजिम काम कारवाही भए नभएको सम्वन्धमा तोकिए वमोजिम श्रम अडिट गरी सोको प्रतिवेदन तयार गर्नुपर्ने,
ड) प्रत्येक दुई वर्षमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस बमोजिम मन्त्रालयले न्यूनतम पारिश्रमिक निर्धारण गर्ने,
ढ) सामुहिक विवादको सम्वन्धमा मेलमिलाप गराउन तथा मध्यस्थता गर्न श्रम व्यवस्था ट्राइव्यूनल गठन गर्न सक्ने,
ण) अनुशासन, कर्तव्यपालना, आचरण र सजाय सम्बन्धि विस्तृत व्यवस्था,
त) नियमित रोजगारीमा रहेका श्रमिकले ५८ वर्षको उमेर पुरा भएपछि रोजगारीबाट अनिवार्य अवकाश पाउने,
थ) श्रम अदालतको गठन सम्वन्धि व्यवस्था ।

श्रम ऐनमा सामाजिक सुरक्षा सम्बन्धी प्रावधानहरु

श्रम ऐनको दफा २१ मा एकभन्दा बढी रोजगारदातासंग आंशिक

समयको लागि काम गर्ने श्रमिकको हकमा निज कार्यरत प्रत्येक रोजगारदाताले त्यस्तो श्रमिकले पाउने आधारभूत पारिश्रमिकको आधारमा उपदान, संचयकोष र सामाजिक सुरक्षा सम्वन्धी अन्य सुविधा वापतको योगदान गनुपर्ने व्यवस्था रहेको छ।

श्रम ऐनको दफा ५२ मा रोजगारदाताले प्रत्येक श्रमिकको आधार भूत पारिश्रमिकबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा शत प्रतिशत रकम थप गरी संचय कोष वापतको रकम जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तो रकम रोजगारदाताले सम्वन्धित श्रमिकले यो ऐन प्रारम्भ भएको मिति देखि नै लागू हुनेगरी निजको नाममा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ।

श्रम ऐनको दफा ५७ मा सामाजिक सुरक्षा कोष सम्वन्धी कानून बमोजिम संचय कोष, उपदान, औषधि उपचार, बीमा समेत सुविधा पाउने गरी सामाजिक सुरक्षा योजनामा योगदान गर्ने रोजगारदाता वा श्रमिकले योगदान गरेको हदसम्म यस परिच्छेद वमोजिम थप योगदान वा बीमा गर्नुपर्ने छैन भन्ने व्यवस्था गरेको छ।

उपरोक्त व्यवस्थाहरु सहित श्रम ऐनले श्रमिकहरुको सामाजिक सुरक्षा प्रत्याभूत हुनेगरी देहायका सुविधाहरु दिनुपर्ने व्यवस्था समेत गरेको छ।

क) प्रत्येक हप्तामा एक दिन साप्ताहिक विदा पाउने,
ख) प्रत्येक वर्ष मइ दिवस सहित तेह्र दिन पारिश्रमिक सहितको सार्वजनिक विदा पाउने,
ग) रोक्न नहुने वा लगातार गर्नुपर्ने काममा संलग्न श्रमिकले साप्ताहिक विदा वा सार्वजनिक विदाको दिनमा काम गरे वापत सट्टा विदा पाउने,
घ) काम गरेको अवधिको बीस दिनको एक दिनको दरले पारिश्रमिक सहितको घर विदा पाउने,
ङ) बार्षिक वाह्र दिन पारिश्रमिक सहितको विरामी विदा पाउने,
च) महिला श्रमिकले प्रसूतिको अघि वा पछि चौध हप्ताको प्रसूति विदा पाउने । यस्तो विदा वस्ने महिला श्रमिकले साठ्ठी दिनको पुरा पारिश्रमिक पाउनेछ भने बाँकी अवधिको पारिश्रमिक पाउने छैन।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

श्रमिकको योगदानमा आधारित समाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न विश्वव्यापी सामाजिक सुरक्षाको अवधारणा आत्मसात गर्दै नेपालमा पनि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागू भएको छ। सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्ति सरह अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले समेत योगदान कोषमा रकम जम्मा गरी सामाजिक सुरक्षा योजनामा सहभागि हुन सक्ने भएकोले यसले वृहत क्षेत्र समेटेको छ। हाल करीब ५ लाख राष्ट्रसेवकले संचयकोषमा योगदान गरिरहेकोमा सामाजिक सुरक्षा कोषले करीब ३५ लाख श्रमिक तथा स्वरोजगारकर्तालाई सामाजिक सुरक्षा योजनामा समेट्ने अपेक्षा गरिएको छ।

यो ऐनका प्रमुख प्रावधानहरु देहाय अनुसार छन् ;

क) सामाजिक सुरक्षा योजनामा योगदान गर्ने सबैले सामाजिक सुरक्षा कार्यक्रममा सहभागि हुन पाउने,
ख) रोजगारदाता सूचीकृत हुनुपर्ने। प्रत्येक सूचीकृत रोजगारदाताले आफूले नियुक्ति गरेको वा रोजगार सम्बन्ध कायम भएको प्रत्येक श्रमिकको योगदान र नियमानुसार थप गर्नुपर्ने रकम थपी नियमित रुपमा कोषमा जम्मा गर्नुपर्ने,
ग) अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्ति सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्ने,
घ) अनौपचारिक क्षेत्रमा श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले योगदानको आधारमा कुनै एक वा एक भन्दा बढी सामाजिक सुरक्षा योजनामा सहभागि हुनेगरी छनौट गर्न सक्ने,
ङ) सामाजिक सुरक्षा योजनामा सहभागी भएको योगदानकर्तालाई सम्बन्धित सुरक्षा योजनामा तोकिए बमोजिमको सुविधा भुक्तानी हुने,
च) नियमित प्रकृतिको आय आर्जनमा संलग्न नरहेको तोकिएको श्रमशक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रयोजनको लागि नेपाल सरकारले तोकिए बमोजिमको योगदान त्यस्तो श्रमशक्तिको नाममा कोषमा जम्मा गरिदिन सक्ने,
छ) यो ऐन प्रारम्भ भएपछि सूचीकृत रोजगारदाताले आफूले नियुक्त गरेको व्यक्तिलाई नियुक्ति मितिले तीन महिना भित्र र ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको रोजगारदाताले यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र कोषमा सूचीकरण गराई सक्नु पर्ने।

सामाजिक सुरक्षा कोषको स्थापना

सामाजिक सुरक्षा कार्यक्रमको संचालन र व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोष (Social Security Fund) को स्थापना भएको छ। यो कोष आवर्ती कोष (Revolving Fund) को रुपमा रहने छ। यसमा देहाय वमोजिमको रकम रहने छ;

क) सामाजिक सुरक्षा योजनाको लागि योगदानकर्ता र रोजगारदाताबाट योगदानस्वरुप प्राप्त रकम,
ख) श्रम सम्बन्धी प्रचलित कानून बमोजिम श्रमिकको आधारभूत पारिश्रमिकबाट कट्टी हुने दश प्रतिशत र रोजगारदाताबाट संचयकोष वापत थप गर्ने दश प्रतिशत रकम,
ग) श्रम सम्बन्धि प्रचलित कानून बमोजिम रोजगारदाताले उपदान, निवृत्तिभरण र अन्य सुविधा वापत श्रमिकलाई उपलब्ध गराउनु पर्ने रकम,
घ) बोनस सम्बन्धि प्रचलित कानून बमोजिम राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा भएको र जम्मा हुन आउने रकम,
ङ) सामाजिक सुरक्षा कर वापत हालसम्म संकलित र भविष्यमा संकलन हुने रकम,
च) नेपाल सरकारबाट प्राप्त अनुदान,
छ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान, सहयोग वा ऋण रकम,
ज) कोषको रकम लगानीबाट प्राप्त हुने व्याज तथा मुनाफाको रकम,

झ) नेपाल सरकारबाट ऋण स्वरुप प्राप्त हुने रकम र

ञ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनको पक्ष

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, नियमावली र सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ को कानूनी आधारमा सामाजिक सुरक्षा योजना २०७५ मंसिर ११ देखि शुरु भएको छ । यस योजनामा सहभागी हुन सर्वप्रथम रोजगारदाताले अनलाइन सूचीकरण हुनुपर्दछ । आफू सूचीकरण भएको तीन महिना भित्र रोजगारदाताले आफ्ना कर्मचारी तथा श्रमिकको समेत सूचीकरण गरिसक्नु पर्नेछ । सूचीकरण पश्चात रोजगारदाताले कर्मचारी तथा श्रमिकको आधारभूत ११ प्रतिशत रकममा रोजगारदाताको २० प्रतिशत रकम थप गरी कुल ३१ प्रतिशत बराबरको योगदान रकम मासिक रुपमा कोषमा जम्मा गर्नु पर्नेछ ।

योजना (Scheme) अन्तर्गत पाइने सुविधाहरु

नेपाल सरकारले सामाजिक सुरक्षा कोष संचालक समितिको सिफारिसमा सामाजिक सुरक्षाको थप योजनाहरु चरणवद्ध रुपमा संचालन गर्नेछ । हाल सामाजिक सुरक्षा योजनाको शुभारम्भ संगै देहायका ४ वटा सुविधाहरु दिने व्यवस्था गरिएको छ;

१. औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षाको सुविधा

यस अन्तर्गत चिकित्सकको परामर्श सेवा, अस्पताल भर्ना तथा शल्यकृया वापतको शुल्क, रोग परीक्षण तथा उपचार वापतको खर्च र औषधि वापतको सुविधा पाइन्छ । अस्पताल भर्ना भई उपचार गराउँदा वार्षिक रु. एक लाख र अस्पताल भर्ना नभै उपचार गराउँदा बार्षिक पच्चीस हजार रुपैयामा नबढ्ने गरी उपचार खर्च पाइन्छ । तर कुल दावी रकमको २० प्रतिशत रकम योगदानकर्ता आफैले व्यहोर्नु पर्दछ ।

मातृत्व सुरक्षा योजनामा गर्भ परीक्षण, अस्पताल भर्ना, शल्यकृया तथा तीन महिना सम्मको शिशुको उपचार वापतको खर्च र प्रसूति स्याहारको लागि एक महिना बराबरको न्यूनतम पारिश्रमिक पाइन्छ ।

औषधि उपचार र स्वास्थ्य सुविधा पाउन कम्तिमा ६ महिनाको योगदान गरेको हुनुपर्दछ भने मातृत्व सुरक्षा सुविधा पाउन पछिल्लो अठार महिनामा कम्तिमा १२ महिनाको योगदान गरेको हुनु पर्दछ ।

२. दुर्घटना तथा अशक्तता सुरक्षाको सुविधा

रोजगारीजन्य दुर्घटना तथा व्यवसायजन्य रोगको उपचारमा लाग्ने सम्पूर्ण खर्च पाइन्छ । तर व्यवसायजन्य रोगको उपचार गर्न दुई वर्षसम्म योगदान गरेको हुनुपर्दछ । रोजगारजन्य दुर्घटना बाहेक अन्य दुर्घटना भएको अवस्थामा रु. सातलाख सम्मको उपचार खर्च स्कीमबाट प्राप्त हुनेछ । तर प्राकृतिक विपत्तिको कारण दुर्घटना भएकोमा वा सडक दुर्घटना भएकोमा वा अन्य बीमा प्रणाली बाट सुविधा पाउने अवस्थामा कोषको स्कीमबाट त्यस्तो सुविधा प्राप्त हुने छैन ।

३. आश्रित परिवार सुरक्षाको सुविधा

योगदानकर्ताको मृत्यु भएमा आश्रित परिवारलाई प्राप्तहुने सुविधा अन्तर्गत निजको परिवार पतिलाई योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको साठ्ठी प्रतिशतका दरले मासिक रुपमा जीवित रहेसम्म निवृत्तिभरण (पेन्सन) र निजको १८ वर्ष उमेर पुरा नभएको सन्ततिलाई १८ वर्षका उमेरसम्म चालिस प्रतिशत सन्तति शैक्षिक वृत्ति पाउने व्यवस्था छ । यसैगरी योगदानकर्ताको एकाघरको पति वा पत्नि वा छोराछोरी कोही पनि नभएको अवस्थामा निजको आश्रित बाबु आमाले मासिक रुपमा साठ्ठी प्रतिशत रकम जीवनभर पाउने व्यवस्था छ ।

४. वृद्धावस्थाको सुरक्षाको सुविधा

योगदानकर्ताको अवकाश पछि अवकाश योजना वा निवृत्तिभरण (पेन्सन) मध्ये एउटा सुविधा पाउने व्यवस्था छ ।

क) अवकाश योजनामा हाल संचय कोष र उपदान पाउनेले अवकाश पछि एकमुष्ट रकम पाउने व्यवस्था छ,

ख) पेन्सन योजनामा योगदानकर्ताले जीवित रहेसम्म मासिक पेन्सन पाउने व्यवस्था छ । अवकाश योजना पाउनेले सामुहिक सौदावाजी गरी संचयकोष र उपदानको हालसम्मको रकम कोषमा जम्मा गराई पेन्सन पाउन सक्छन । तर २०७६ साल साउन १ गतेपछि रोजगारीमा प्रवेश गर्ने सबैले अनिवार्य रुपमा पेन्सन स्कीममा सहभागी हुने कानूनी व्यवस्था छ ।

यसरी सर्वजन हिताय सर्वजन सुखाय को परिष्कृत रुप आधुनिक समयको लोक कल्याणकारी राज्य हो । यूगीन मान्यताहरुलाई आत्मसात गर्दै आजको समयसम्म आइपुग्दा लोक कल्याणकारी राज्यको अवधारणामा सबै नागरिकलाई आधारभूत सुख, सुविधा सुनिश्चितता गर्ने प्रयास शुरु भएको छ । रोग, भोक र अशिक्षाको अँध्यारोबाट सबैलाई मुक्त गर्ने विश्वव्यापी अभियान अर्थात सहश्राब्दी विकाश लक्ष्य (Millenium Development Goal-MDG) को मुख्य बाधक तत्वको रुपमा गरीबी, असमानता र कुसंस्कार देखिएका छन । नेपालको संविधान २०७२ ले परिकल्पना गरेको सामाजिक न्याय (Social Justice) सहितको समावेशी लोकतन्त्रको सफलता सामाजिक सुरक्षा कार्यक्रमको सफलतामा अडेको छ । सरकारी कोषबाट तलब सुविधा प्राप्त गर्ने राष्ट्र सेवकहरु सरह जीवनभर राज्यको हित खातिर काम गर्ने अनौपचारिक क्षेत्रका श्रमिक, मजदुर तथा स्वरोजगारमा रहेका लाखौ किसान, साना उद्यमी/व्यवसायी सबैलाई समेट्ने वृहत सामाजिक सुरक्षा योजनाको माध्यमबाट नै समानता (Equity) समृद्धि (Prosperity) र विकास (Development) को महाअभियान प्रारम्भ हुनेछ । बढ्दो गरीबी र असमानताको खाडल पुर्ने र समाज सबैका लागि बस्न लायक स्थान बनाउने दिशामा यो एक महत्वपूर्ण कोशेढुंगा बन्ने छ ।

Discussion on Viability Problem of Airport Projects

Shaligram Poudyal
Former Director, CAAN

Civil Aviation Authority of Nepal (CAAN) Act 2053, Clause 18 provides guidelines on the operational modality of CAAN. The Act clearly states that "the (CAAN) Board shall follow the business principles while discharging the functions of the Authority". Accordingly CAAN board has also developed guidelines on "Budgeting and Budgetary Control". Section 4.2.3 of the guidelines mentions, "As CAAN is supposed to generate its own fund for financial capital expenditure, financial viability is most important". While deciding on capital budget investment, the financial viability of the project is to be evaluated. "Generally a capital expenditure project should be able to pay back its expenditure within five years. Furthermore, incremental operating and financial cost should be less than incremental revenue generated by the capital item planned to be acquired. To evaluate financial viability, tools such as Net Present Value (NPV) and Internal Rate of Return (IRR) should be analyzed". This guideline has also provided a Form format (No. B2) to required to submit 10 years incremental cash inflow, incremental cash outflow, and net cash inflow summary to show project's justification.

ICAO Manual on Airport Planning (Doc. 9184-AN/902 Part 1) Master Planning has mentioned the importance of preliminary economic feasibility of a new airport. It states, "The financial burden of major airport expansion or development of a new airport can be formidable. In order to determine the significance of this burden and the problems of financing such development, very early determination of economic feasibility is advisable (Para 2.4.1). A comparison of quantifiable economic benefits and costs, computed by using the appropriate opportunity cost of capital should be made and the benefit/cost ratio and the rate of return applicable to the anticipated development should be estimated (Para 2.4.2)". Further it says, "Once the availability of adequate capital has been established, a realistic assessment needs to be made of the financial provision that would be required annually if the airport authority is to discharge its debt obligations (i.e. capital repayment and interest charges) and build up replacement reserves (Para 2.5.1)

Despite such provisions of the Act and the Budgetary Guidelines, we have invested in a dozen or more domestic airport development, expansion and concrete pavement projects without being rigid to economic and financial feasibilities. A few of the examples are concrete pavement works into non-operational airports (Manang and Dang) and four chartered operation airports (Taplejung, Rumjatar, Rukum Salley and Rukum Chaurjhari). We are also investing in four new airports (Arghakhanchi, Gulmi, Ilam and Lumjung). Financial viability of these airports has not been analyzed as per the provision of section 4.2.3 and Form B2 of the Budgetary Control Guideline. Clause 18 of CAAN Act is not followed in this regard. Thus relaxation in development capital expenditure project's financial viability analysis has established loose values and is consequently triggering weak financial health of CAAN.

Air connectivity requirement within the country is being replaced by spreading road accesses in many districts. Those airports felt necessary for connectivity a decade ago are now not necessarily important from connectivity point of view. As a result of road connectivity expansion non-operational airports have increased from 12 to 20 now. Seven others airports operate only chartered flights.

Investment in Gautam Buddha Airport Upgrading Project:

CAAN is developing Gautam Buddha Airport (GBA) to serve international flights. With a runway of 3000 meter and with four international parking bays it will serve to 4E category aircrafts (i.e. Boeing 777-200, Airbus 330-300 type). Total investment in GBA will be US$ 85.557 million including ADB/OEID loan/grant assistance. Main objective of GBA upgrading is to increase Buddhist tourist by establishing air connectivity in Buddhist Circuit. Lumbini of Nepal, the birthplace of Gautam Buddha and Bodhgaya, Saranath and Kushinagar of India are included in the Buddhist Circuits. There are about 535 million Buddhist population in the world, most of them residing in Asia & Pacific region. Maya Devi Temple of Lumbini the actual birth place of Siddhartha Gautam is one of the most sacred

pilgrimage destinations of Buddhism.

GBA upgrading is also intended to serve as an alternate international airport for TIA, Kathmandu. Alternate international airport is necessary in Nepal when landing in TIA is not possible due to bad weather conditions or other technical reasons. GBA's financial Internal Rate of Return (FIRR) was mentioned to be 12.9%. Our analysis is not positive. A rough analysis of annual revenue and cost estimate for up to 2033 gave an idea that this airport's annual loss may come to be Rs. 339 million even after 13 years of its operation. Therefore Airport Development Fee (ADF) collected in TIA is to be diverted for debt servicing of GBA'S loan. Although there is financial viability gap, this airport will create economic multiplier effect by boosting tourist arrivals and providing alternate international airport facility within Nepal.

Investment in New Pokhara Airport:

Pokhara is one of the most visited tourist destination of Nepal. World famous Annapurna circuit trekking route is also near its vicinity. In 2017 Pokhara Airport handled 373403 passengers with the domestic aircraft movement numbering to 28106. Presently ATR72 type aircraft can operate in its 1440 meter long runway. Due to proximity of hills around Pokhara Valley, aircrafts bigger than ATR72 (such as Fokker 100) could not be operated in the past.

New Pokhara International Airport (NPKR) is being developed in an area of 200 hectare in Chhinne Danda near the Pokhara city. The conceptual master plan of the new NPKR is designed to the category 4D standard set by the ICAO. Runway length will be 2500 meter long and 45m wide. Terminal building capacity will be for one million passengers per annum. It will support operations of commercial aircraft such as Airbus A320, Boeing 737-700 series, and Boeing 757-200. Hill proximity limitation has been a barrier to future expansion of runway of NPKR in the new site of development. Therefore, increasing runway length to 3000 meters and aiming to operate bigger than ICAO 4D type aircraft cannot be a vision. The airport's elevation of about 2650ft. from sea level also creates some load penalty to restrict Maximum Takeoff Weight of aircraft.

Construction contract of NPKR is awarded to China CAMC Engineering Co. Ltd in Engineering Procurement Construction (EPC) model. Total project cost is 215.965 million US$. On 21st March 2016, Ministry of Finance (MoF) signed loan agreement with China. MoF and CAAN have signed Subsidiary Loan Agreement (SLA) on 5th June, 2016. Applicable interest rate is 5%. USD215.965 million loan is financed from the Export-Import Bank of China. The airport development is expected to be completed by 2020. Commercial operation will start from 2021. Total loan amount in NRs comes to Rs. 23045.63 million (@ 1US$=Rs.106.71 exchange rate of agreement date 21st March 2016).

CAAN's debt servicing of NPKR will start from the fiscal year 2022/23 (2079/80 B.S). At a 5% rate and payment period of 20 years, the interest and principle amount payable annually will be Rs. 2304.56 million. Operation Maintenance and Overhead Costs (OMOC) may come to be about 168.7 million (assumed as20% of TIA's OMOCs). With OMOC cost, annual cash expense requirement will be Rs. 2473.26 million. On the revenue side, after 4 years of operation (i.e. in the year 2025) assuming international outgoing passengers to reach 400 thousand, and domestic 250 thousand, the total PSC revenue would be about Rs. 284.2 million.* Other incomes (assumed to be 45% of total revenue) would be about Rs. 232.5 million and total revenue about Rs. 516.7 million. Still there will be a huge cash deficit of Rs. 1956.56 million. Let us assume that government decides to levy ADF of Rs. 1000 (with VAT)/PAX in NPKR. Additional Rs.353.9 million could be generated from ADF. Even with ADF income, NPKR will have to bear cash shortage of Rs. 1602.66 million. Here, the question arises, how could this cash shortage be managed?

By any means, we must have to manage this cash shortage to pay the Chinese debt. Total solution of this problem may be that government takes the burden of loan by converting loan into equity. In that situation CAAN may be able to bear operation and maintenance costs. Could it be done within existing policies? Clause 5.5 of Aviation Policy 2063 has some provisions. Clause5.5 states that, for the Regional Hub Airport development, CAAN shall contribute 15% and the Government will bear 70% of the costs. For remaining 15%, Local Bodies and the private parties shall invest in the project. In case, the Local Body's and the private party's investment is in short/excess, Government's share of contribution shall be adjusted accordingly. If this clause of Aviation Policy is implemented, CAAN has to bear only 15% (Rs.3456.84 million) of the Chinese Loan. Anyway, sooner or later, this cash shortage problem must be solved. To work upon solving this problem now (i.e. five years ahead) would be a visionary approach.

The Way Forward:

For managing a public entity, there is no other way than to follow legal provisions, Rules, Regulations and Procedures. CAAN being an airport operator and natural monopoly business holder, there are no competitors in the market. As such there is no chance of arising loss in its business. But if we are not managing our business sustainably, there is no one to blame but ourselves. If there is pressure from political leaders, they could be convinced with appropriate facts, figures and advocacy.

Business principles means any investment should not be decided which creates net loss in the long run. Long run means a period more than five years. Ten years net positive cash flow generating projects selection is our budgetary guideline. A big challenge to CAAN management is how the legal provision and budgetary guidelines could practically be followed.

Certainly there is another side of CAAN's role. CAAN is also a part of government system, a partner of government for our nation building. We cannot avoid taking responsibilities to implement justifiable government policies and programs. Government has also some basic policies to choose a development project. Government projects need an EIRR rate of 16% or more. We should first of all analyze economic IRR and financial IRR of the project. If the projects are not financially viable, the amount of viability gap should be calculated and submitted to the government for Viability Gap Funding (FGF). Government should bear the viability gap with subsidy or with equity investment. Aviation policy 2063 clause 5.5 has already incorporated such modality and was implemented in Surkhet airport expansion project. Other countries are also adopting VGF modality in airport development. For example Delhi Airport expansion under PPP model had a viability gap of INR 3415 crore. This was compensated with ADF fund raised until April 2016. Likewise, there was 40% viability gap in Kushinagar Airport project out of its cost of INR 350 crore. India central government is bearing 20% and UP government 20% of Kushinagar Airport's VGF. India has also created INR 45000 million funds to develop new and existing regional airports.

To Sum Up:

On the basis of above discussion, we can draw some conclusions on investment decision of CAAN. Firstly, in deciding airport projects whether domestic or international the guiding principle is to be based on clause 18 of CAAN Act. Following the business principles guideline is paramount for CAAN's sustainability. Secondly, Aviation Policy 2063 is favorable to this principle. Policy is providing that in Regional Hub Airport development, government's investment shall be 70% and CAAN will bear 15%. For new small airport development, local bodies, local people's participation or joint investment modality shall be adopted. Third point is that, CAAN's budgetary guidelines do not permit to invest in loss making projects. Considering these provisions CAAN should prepare detailed project analysis of each project to identify financial viability. For New Pokhara airport as well CAAN should identify viability gap amount and submit to the government. Evaluating the financial viability gap, government should bear 85% (70%+15%) of the NPKR's project cost. Government's responsibility to bear up to 85% of project cost comes from clause 5.5 of the Aviation Policy 2063.

Existing legal, policy wise and procedural provisions are positive, supportive in CAAN's independent decision. Therefore CAAN should not hesitate to invest only on feasible projects and defend to not involve in loss making airport projects. The opportunity of adopting business principle based strategy was missed in the past and some sort of soft values gradually came developing. Let us learn from the past shortcomings. The situation has not been uncontrollable as yet. Still, we can build and maintain financial strength of CAAN. One additional thing we could do is creation of general reserve fund in our Balance-sheet by transferring 25% of our profit in the general reserve fund. Year by year this fund should grow until it is equal to the amount of CAAN's paid up capital. In this regard Ministry of Finance (MoF) had also given directives to all government corporations in 2060's. General reserve fund is a saving for a rainy day. With 70% government takeover of NPKR airport's liability and with financial viability based investment, CAAN could be the MINIRATNA public sector entity of Nepal.

Note: -*PSC income calculation rate is based on annex 20 of Airport Service Charge Rules 2067. For International PSC is taken at Rs 600 per PAX, the average of Rs 700 for non-SAARC flights and Rs.500 for SAARC flights.

References:

ICAO Manual on Airport Planning (Doc. 9184-AN/902 Part 1) Master Planning, Second Edition, 1987

http://www.caanepal.gov.np/wp-content/uploads/2016/03/Nepal-Civil-Aviation-Authority-Act-2053-1996.pdf

https://centreforaviation.com/data/profiles/newairports/new-pokhara-international-airport

GBA's Operational Preparedness, CAAN Souvenir, 2017

ने.ना.उ.प्राधिकरण विमानस्थल सेवाशुल्क नियमावली 2067

http://tourism.gov.np/publications/4

http://pib.nic.in/newsite/PrintRelease.aspx?relid=151850

https://en.wikipedia.org/wiki/Buddhism#cite_note-FOOTNOTEHarvey20135-614

त्रिलोचन पौड्याल
उप-निर्देशक, ने.ना.उ.प्रा.

सूचनाको हक: आजको आवश्यकता

क. पृष्ठभूमि

कुनै पनि लोकतान्त्रिक शासन प्रणालीमा पारदर्शिता सूचना प्रवाहको महत्वपूर्ण अङ्ग हो । राष्ट्रिय सरोकारको विषयमा आमनागरिकले सूचना माग्ने र पाउने जन्मसिद्ध अधिकार हो । लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक नै सर्वेसर्वा र निर्णायक भूमिकामा हुन्छन् । नागरिकबाट कर संकलन गरेर, राज्यकोषबाट खर्च गरेर र वैदेशिक ऋण, अनुदान तथा सहयोगबाट सरकारले राज्यको गतिविधि/क्रियाकलापहरु सञ्चालन गर्ने हुँदा ती सबै विषयमा नागरिकले सूचना, जानकारी र तथ्याङ्क प्राप्त गर्ने नैसर्गिक अधिकार राख्दछ । सूचना नागरिकको मौलिक अधिकार हो । सूचना नै लोकतन्त्रको मुख्य आर्दश, मूल्य, संस्कार र मान्यता हो । सार्वजनिक निकायका पदाधिकारीहरुले सार्वजनिक विषयको सूचना मागेको बखत कुनै पनि नागरिकलाई उपलब्ध गराउनु पर्दछ ।

सूचनाको अधिकार कुनै पनि व्यक्तिको मौलिक र आधारभूत अधिकार हो । विश्वविख्यात फ्रान्सेली दार्शनिक Michael Focaut ले शक्ति ज्ञानबाट प्राप्त हुन्छ र सूचना ज्ञानको आधारभूत पक्ष हो भनेका छन । नागरिकलाई सुसूचित र सशक्तिकरण बनाउनु राज्यको दायित्व हो र राज्यको गतिविधि/क्रियाकलापप्रति सचेत र जानकार हुनु आमनागरिकको कर्तव्य हो । सूचनाको हकको सिद्धान्तले राज्य सरकारलाई पारदर्शी, जनउत्तरदायी, जिम्मेवार र सर्वशक्तिमान बनाउन उत्प्रेरणा जागृत गर्दछ । वास्तवमा सूचना नागरिकका लागि शक्ति र अवसर हो भने सरकारका लागि जनविश्वास, नीतिगत र वैधानिक आधार हो । सूचनालाई लोकतन्त्रको प्राणवायु/अक्सिजन पनि भन्न सकिन्छ । सूचनाको आवश्यकता लोकतन्त्रको संस्थागत विकास, विस्तार र सुदृढीकरणको लागि कोशेढुंगा सावित हुन सक्छ । सूचनाको हक अन्य हकहरुको पूर्वाधार हो । यो सबै विकार हरुको सर्वोपरि औषधि हो । सूचना सुशासनको Master Key हो ।

ख. विकासक्रम

१) Sweden मा सन् १७६६ डिसेम्बर २ मा Freedom of Press Act आयो । सूचनाको हक सम्बन्धी विश्वको पहिलो ऐन नै यही हो । Sweden बाट सूचनाको हकको पहिलो खुड्किलो प्रारम्भ हुन्छ । Sweden को संसदमा सूचनाको हकको विधेयक पेश गर्ने व्यक्ति पादरी Anders Chydenius हुन् । Freedom of Press Act ले नागरिकले तिरेको करबाट सरकारले कसरी खर्च गरिरहेको छ भन्ने सूचना वा जानकारी पाउन सक्ने र आमनागरिक र पत्रकारद्वारा सरल, छिटो छरितो र चुस्त रुपले सूचना प्राप्त गर्न सक्ने व्यवस्था गरेको थियो त्यस ऐनमा ।

२) सन् १८०० मा अमेरिकाको अदालतबाट जनताको जान्न पाउने हक सम्बन्धी फैसला ।

३) सन् १९६६ मा अमेरिकामा Freedom of Information Act जारी भएको पाइन्छ जसलाई Sunshine Law भनी चिनिन्छ ।

४) बेलायतले सन् १९११ मा प्रकाशित गरेको Official Secret Act सन् १९८९ मा संशोधन गरी जनताले प्राप्त गर्ने सूचनाहरुको प्रकृति, प्रकाशित गर्न नहुने सूचनाहरु तथा अति गोप्य सूचनाहरु सार्वजनिक गरेमा फौजदारी अपराध मानी सजाय गर्ने सकिने कानूनी प्रावधान समेटिए ।

५) सन् १९७० मा Norway

६) सन १९७८ मा France / Netherlands

७) सन् १९८२ मा Australia, New Zealand / Canada

८) सन् १९८५ मा Denmark

९) सन् १९८६ मा Greece

१०) सन् १९८७ मा Austria

११) सन् १९९० मा Italy

१२) सन् २००० मा EU को Charter of Fundamental Rights बन्यो जसमा अभिव्यक्तिको स्वतन्त्रता सूचनाजन्य सामग्रीहरुको पहुँचको अधिकारलाई समावेश भएको थियो ।

१३) सन् २००२ मा भारतमा The Freedom of Information Act निर्माण भै २ अक्टोबर २००५ मा सो ऐन कार्यान्वयनमा आयो ।

१४) अहिलेसम्म सूचनाको हक कार्यान्वयन गर्ने मुलुकहरुको संख्या ११७/११८ भन्दा बढी पुगेकोछ ।

ग. नेपालको सन्दर्भमा सूचनाको हक सम्बन्धी व्यवस्था

१) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा सूचनाको हक सम्बन्धी संवैधानिक व्यवस्था भएको देखिन्छ । जसमा "प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको

कुनै पनि विषयको सुचना माग्ने हक हुनेछ।" भनिएको थियो। सूचनाको सम्बन्धी संवैधानिक व्यवस्था भए तापनि ऐनको यो हक प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेन।

२) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा "कुनै पनि नागरिकले कुनै पनि सार्वजनिक निकाय बाट आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ" भनी स्पष्ट व्यवस्था छ।

३) २०६४ श्रावण ५ गते सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भयो।

४) २०६५ माघ २१ गते सूचनाको हक सम्बन्धी नियमावली, २०६५ जारी भयो।

५) २०६५ सालमा राष्ट्रिय सूचना आयोगको स्थापना।

६) नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ" भनी सूचनाको हक सम्बन्धी व्यवस्था भएको।

घ. सूचनाको हक सम्बन्धी सिद्धान्त/मार्गदर्शनहरु

१) अधिकतम सार्वजनिकीकरणको सिद्धान्त (Maximum Disclosure Principle)

२) खुला र पारदर्शी सरकारको प्रबर्द्धनमा जोड (To promote open and transparent system)

३) केही अपवादहरु विद्यमान हुन सक्छन र तिनीहरुको सीमित रुपमा मात्र प्रयोग गर्नु पर्छ (Limited Scope of Exceptions)

४) सरल कार्यविधि (Simple Procedure) सूचना माग्ने र पाउने विधि सरल र छिटो हुनु पर्दछ।

५) सूचनाको वर्गीकरण (Classification of Information)

६) सूचना प्रकाशन गर्ने दायित्व राज्य वा सार्वजनिक निकायलाई तोकिनु पर्छ (Key obligation to publish should be bourne by the state)

७) सूचनादाता र सूचना मागकर्ताको संरक्षण गरिनुपर्छ (Protection of Whistle-blowers)

८) खुला बैठक (Open Meeting) : सार्वजनिक निकाय र सार्वजनिक सरोकारवालाहरु बीच खुला क्रिया/अन्तर्क्रिया/बहस/छलफल/बैठक हुनुपर्छ।

९) खुला सरकारको प्रबर्द्धन (Promotion of Open Government)

१०) सूचना सित्तैमा पाउने पहुँच (Free of Cost)

ङ. सार्वजनिक निकाय, सूचना र सूचनाको हक

क) सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम र तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखित सामाग्री वा जानकारी। दफा २ (ख)

ख) सार्वजनिक निकायमा भए गरेको काम कारवाही खुला र पारदर्शी बनाउनका लागी ऐन द्वारा प्रदत्त सार्वजनिक महत्व र सरोकारको सूचना माग्ने वा प्राप्त गर्ने अधिकारनै सूचनाको हक हो। यस हकले नागरिकलाई निम्न अधिकारको सुनिश्चित गरेको हुन्छ : कुनै सार्वजनिक निकायमा रहेको लिखित तथा सामाग्रीको अध्ययन, अनुसन्धान गर्ने तथा प्रमाणित प्रतिलिपी प्राप्त गर्ने। सार्वजनिक निकाय, सूचना र सूचनाको हक सार्वजनिक महत्वको निमार्ण कार्य भएको स्थानको अध्ययन, अवलोकन भ्रमण गर्ने र प्रमाणित नमुना लिने। कुनै पनि यन्त्रको संचालन सम्बन्धी सूचना प्राप्त गर्ने आदी। दफा २ (छ)

ग) सार्वजनिक निकायहरु : संवैधानिक निकाय र सरकारी कार्यालयहरु राजनीतिक दल, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरु, निजी क्षेत्र र ऐन द्वारा स्थापित सबै निकायहरु सार्वजनिक निकाय हुन।

च. सूचनाको हक प्रवाह गर्ने बाध्य नहुने क्षेत्र प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ र ऐनको अधीनमा रही सूचना प्राप्त गर्ने हक भए तापनि देहायका विषयमा सूचना प्रवाह गर्न बाध्य हुनु पर्दैन :

१) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

२) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

३) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

४) विभिन्न जातजाती वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष खलल पार्ने,

५) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउँ-ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने।

तर सूचना प्रवाह गर्नु नपर्ने उचित र पर्याप्त कारण भएको बाहेक अन्य कारणवस सूचना प्रवाह गर्ने दायित्वमा पन्छिन मिल्दैन।

छ. सूचनाको अद्यावधिक र स्वत: प्रकाशन सम्बन्धी व्यवस्था

- आफ्नो निकायको सूचना अद्यावधिक गरी राख्नु पर्ने,
- ऐन लागू हुनु भन्दा २० वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्वाद-सूचना अद्यावधिक गर्नु-गराउनु पर्ने।
- सार्वजनिक निकायले ऐनमा व्यवस्था भएको १३ वटा र नियमावलीमा भएको ७ वटा गरी २० हक प्रत्येक

३/३ महिनामा आफ्नो निकायको सूचना विवरण स्वतः प्रकाशन गरी सार्वजनिकीकरण गर्नु पर्दछ । सोको विवरण राष्ट्रिय सूचना आयोगमा समेत पठाई Website मा राख्नु पर्दछ ।

ज. सूचना अधिकारी, सूचना प्राप्त गर्ने कार्यविधि र सूचना वापत लाग्ने दस्तुर

- सूचना अधिकारी प्रत्येक सार्वजनिक निकायले सूचना प्रवाहको लागि आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गरी सूचना अधिकारीको व्यवस्था गर्नु पर्छ ।
- सूचना प्रवाहको लागि प्रत्येक कार्यालय प्रमुखले सूचना अधिकारीलाई नियमति रुपमा सूचना उपलब्ध गराउनु पर्छ ।
- सूचना अधिकारी तोक्दा, प्रशासकीय प्रमुखले आफूभन्दापछिको पहिलो वा दोस्रो वरिष्ठतम अधिकारीलाई तोक्नु पर्छ ।
- सूचना प्राप्त गर्ने कार्यदेखि निवेदनको ढाँचा नतोकिएकोले सूचना अधिकारी समक्ष निवेदन दिने सूचना अधिकारी नतोकिएको अवस्थामा सोझै कार्यालय प्रमुख समक्ष निवेदन दिने ।
- सूचना अधिकारी, सूचना प्राप्त गर्ने कार्यविधि र सूचना वापत लाग्ने दस्तुर :
- सूचना माग गर्नुको कारण खुलाउनु पर्छ ।
- निरक्षर र शारीरिक अपाङ्गता भएका व्यक्तिले पनि मौखिक सूचना माग गर्न सक्छ ।
- कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना भए २४ घण्टा भित्र उपलब्ध गराउनु पर्छ ।
- अन्य सूचना भए सूचना अधिकारी समक्ष निवेदन गरेको १५ दिन भित्र प्राप्त हुन्छ ।
- सूचना अधिकारीले सूचना नदिएको भनेर कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्छ र कार्यालय प्रमुखले ७ दिन भित्र सूचना दिनुपर्छ ।
- कार्यालय प्रमुखले सूचना दिन इन्कार गरेमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सकिन्छ ।

झ. सूचना अधिकारी, सूचना प्राप्त गर्ने कार्यविधि र सूचना वापत लाग्ने दस्तुर

- सूचना माग गर्दा टिकट टाँस्नु पर्दैन ।
- प्रचलित कानूनमा छुट्टै दस्तुरको व्यवस्था भएमा सोही अनुसराको दस्तुर र नभएमा निम्नानुसार दस्तुर बुझाउनु पर्छ ।
- पहिलो १० पृष्ठ सम्मको सूचनामा शुल्क नलाग्ने ।
- सामान्य आकारको (८.३ इन्च चौडाई र ११.७ इन्च लम्बाई सम्म साइज) को कागजमा तयार भएको सूचनाको लागि प्रतिपृष्ठ रु ५/- र सो भन्दा बढीको भए प्रतिपृष्ठ रु १०/-
- सूचना अधिकारी, सूचना प्राप्त गर्ने कार्यविधि र सूचना वापत लाग्ने दस्तुर :
- Diskette, CD र अन्य विद्युतीय माध्यमको सूचना भए प्रति Diskette, CD रु. ५०/-
- कुनै लिखत, सामग्री,अध्ययन, अवलोकन गर्ने भए आधा घण्टा निशुल्क र त्यसपछि आधा घण्टाको प्रसत व्यक्ति रु. ५०/-
- प्रमाणित प्रतिलिपिप उपलब्ध गराउनु पर्ने भए फोटोकपि गर्दा लाग्ने वास्तविक खर्च वरावरको शुल्क ।
- सूचना वापतको दस्तु प्रत्येक दुई वर्षमा पुनरावलोकन हुनेछ । सूचना वापतको दस्तुर नगदै वा वैंकको जम्मा गरेको भौचर समेत हुनसक्छ ।

ञ. सूचनाको वर्गीकरण र संरक्षण

सार्वजनिक निकायमा रहेको सूचनाको संरक्षण गर्नका लागि नीतिगत रुपमा सूचनाको वर्गीकरण गर्नु पर्ने कानूनी व्यवस्था रहेकोछ । सूचनाको वर्गीकरण गर्न एक समिति रहनेछ :

क) मुख्य सचिव, नेपाल सरकार - अध्यक्ष

ख) सचिव, समबन्धित कार्यालय - सदस्य

ग) कार्यालय प्रमुख वा अध्यक्षज्यूले तोकेको सम्बन्धित निकायको विशेषज्ञ - सदस्य

सूचनाको संरक्षण ५ वर्षदेखि बढीमा ३० वर्षसम्म राख्नु पर्नेछ । कुनै सूचना गोप्य राखी वर्गीकरण गर्नु पर्ने भएमा कारण र आधार खुलाउनु पर्छ । सूचना वर्गीकरण भएपछि त्यसको जानकारी राष्ट्रिय सूचना आयोगलाई दिनुपर्छ । व्यक्तिगत प्रकृतिको सूचना, प्रकाशन र प्रसारण गर्न नहुने र व्यक्तिगत सूचना सम्बन्धित व्यक्तिको लिखित सहमति विना प्रयोग गर्न नहुने व्यवस्था छ :

सार्वजनिक निकायमा कुनै व्यक्तिले जुन प्रयोजनका लागि सूचना प्राप्त गरेको हो सोही प्रयोजनमा मात्र गर्न पर्छ । सूचना अन्यत्र प्रयोग गरी दुरुपयोग गरेमा सार्वजनिक निकायले ३५ दिन भित्र राष्ट्रिय सूचना आयोग समक्ष उजुरी दिन सक्नेछ ।

ट. सजाय तथा क्षतिपूर्तिको व्यवस्था

सार्वजनिक निकायमा प्रमुख वा सूचना अधिकारीले सूचना नदिए वा दिन इन्कार गरे वा आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा राष्ट्रिय सूचना आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई रु.१,०००/- देखि रु.२५,०००/- सम्म जरिवाना हुने । त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा भए भिागीय सजायको लागि सम्बन्धित

निकायमा लेखी पठाउनेछ। विभागीय कारवाही ३ महिना भित्र गरी सोको जानकारी राष्ट्रिय सूचना आयोगलाई दिनु पर्छ। सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकीले समयमा दिनु पर्ने सूचना दिन ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रतिदिन रु. ३००/- का दरले जरिवाना हुनेछ।

सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो सो सूचना सोही प्रयोजनमा प्रयोग नगरी दुरुपयोग गरेमा त्यसले व्यक्तिलाई रु. ५,०००/- देखि रु.२५,०००/- सम्म जरिवाना राष्ट्रिय सूचना आयोगले गर्न सक्छ। राष्ट्रिय सूचना आयोगले दिएको निर्णय वा आदेश पालना नगर्ने व्यक्तिलाई रु. १०,०००/- सम्म जरिवाना हुन सक्नेछ। सूचना नदिएको कारण कुनै व्यक्तिलाई हानि-नोक्सानी भएमा ३ महिनाभित्र क्षतिपूर्तिको लागि राष्ट्रिय सूचना आयोग समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ। राष्ट्रिय सूचना आयोगमा निवेदन परेमा अवस्थामा व्यक्तिगत हानि-नोक्सानी भएको देखिएमा मनासिव माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सकनेछ।

ठ. सूचनादाताको संरक्षण

सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारवाही सम्बन्धमा कुनै मुद्दा चलाइने वा सजाय हुने छैन।

त्यस्तै सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सकने भ्रष्टाचार अनियमितता प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु कर्मचारीको दायित्व हुने। यस्तो सूचना दिनेलाई कुनै सजाय वा हानि-नोक्सानी पुऱ्याइने छैन।

ड. प्राधिकरणको सूचना प्रवाह सम्बन्धमा

नेपाल नागरिक उड्डयन प्राधिकरणसँग सम्बन्धित प्रवाह गर्न मिल्ने सूचना/जानकारी सरोकारवाला मागकर्ता कुनै पनि व्यक्ति, संस्था, पत्रकार, Media Group लाई सरल, सहज र तोकिएको समयावधिमा लिखित/मौखिक रुपमा उपललब्ध गराउने व्यवस्था गरिएको छ। प्राधिकरणबाट भए गरेका गतिविधि र क्रियाकलापहरु चौमासिक रुपमा CAAN NEWS प्रकाशन गरी सूचना प्रवाह गर्ने गरिएको छ। प्राधिकरणबाट प्रवाह गर्न मिल्ने र प्रवाह गर्न नमिल्ने सूचनाको वर्गीकरण नहुँदा सरोकारवाला सूचना मागकर्तालाई सूचना प्रवाह गर्न केही बढी समय लागे तापनि सूचना उपलब्ध गराउने गरिएको छ। प्राधिकरणबाट प्रवाह गर्न मिल्ने र प्रवाह गर्न नमिल्ने सूचनाको वर्गिकरण गर्ने कार्यप्रक्रिया अगाडि सकेको हुँदा आगामी दिनमा अहिले देखिएको समस्या समेत हल हुनेछ।

अन्त्यमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ आउनुपूर्व जोसँग प्रशस्त धन र सैन्य शक्ति हुन्छ उसलाई सर्वशक्तिमान मानिन्थ्यो। तर हिजोआज जुन व्यक्तिसँग प्रशस्त सूचना, जानकारी र तथ्याङ्क हुन्छ उसैलाई धनी र शक्तिशाली मान्ने परम्परा बसेको छ। सूचनाको हक प्रभावकारी रुपमा कार्यान्वयन हुन तीन पक्षलाई महत्वपूर्ण अंगको रुपमा लिन सकिन्छ।

पहिलो : सूचना मागकर्ता, जसलाई संविधान र कानूनले सार्वजनिक संकायबाट सूचना माग गर्ने र प्राप्त गर्ने सर्वशक्तिमान तुल्याएको छ।

दोस्रो : सार्वजनिक निकायमा प्रमुख वा सूचना अधिकारी जसले आफ्नो निकायको सूचना आमनागरिक समक्ष सरल, सजिलो र प्रभावकारी रुपमा सूचना प्रवाह गर्ने संवैधानिक र कानूनी व्यवस्था छ।

तेस्रो : राष्ट्रिय सूचना आयोग जसले सूचना मागकर्ताले माग गरेको सूचना सार्वजनिक निकायले तोकिएको समयमा उपलब्ध नगराएको अवस्था संवैधानिक कानूनी उपचार गरी मागकर्ताको आवश्यकता पूर्ति गर्दछ। साथै राष्ट्रिय सूचना आयोगले आम नागरिकको सूचनाको संरक्षण, संवर्द्धन, प्रबर्द्धन र प्रचलन गरी गर्ने महत्वपूर्ण दायित्व निर्वाह गरी आमनागरिकको सूचनाको हकमा सुसूचित हुने अधिकारको उल्लेखनीय रुपमा भूमिका निर्वाह गर्दछ।

Shyam Kishor Sah
Dy. Director, CAAN

Challenges of Safety Management in Aviation

Concept of Safety

Simply, safety is freedom from danger, risk or threat of harm or injury to person and damage to aircraft and property but airport operation or aircraft operation is not free from hazard or risk due to the nature and complexities of operation. At the airport there are many hazards such as person, vehicle, fuel, foreign object debris (FOD), runway surface conditions, birds and wildlife activities, the aircraft itself and its components. In fact, no human activity or human-made system can be absolutely free from hazard and operational errors. Hence, controlled risks and controlled errors are accepted in aviation industry to maintain the highest level of safety and efficiency. ICAO defines safety as follows:

Safety is the "state in which the possibility of harm to persons or of property damage is reduced to, and maintained at or below, an acceptable level through a continuing process of hazard identification and safety risk management."

Safety Management

Safety management is an organizational function which ensures that all safety risks have been identified, assessed and satisfactorily mitigated. The objective of safety management in the aviation industry is to prevent human injury or loss of life and to avoid damage to the environment and property. ICAO defines 'Safety management' as, *a systematic approach to managing safety, including the necessary organizational structures, accountabilities, policies and procedures.* In order to maintain the highest level of safety in the aviation industry collaboration between the state and the service providers has been given the highest priority. To manage safety in aviation ICAO has prescribed separate safety management framework for both the service providers and the regulator.

SSP and SMS

As per the standards and recommended practices (SARPs) contained in ICAO Annex 19, states are responsible to establish State Safety Program (SSP) and conduct safety oversight functions whereas the service providers are required by the State to establish and maintain Safety Management Systems (SMS) appropriate to the complexities of their aviation activities. Both SSP and SMS are established on four pillars termed as the components. The four components of SSP are State Safety Policy and Objectives, State Safety Risk Management, State Safety Assurance and State Safety Promotion. Similarly, the four components of SMS are Safety Policy and Objectives, Safety Risk Management, Safety Assurance and Safety Promotion.

The ultimate aim of safety management in aviation is to ensure safe operation of each activity by controlling the errors or failures and reducing the unwanted situations to the minimum. By establishing SMS, the service provider or operator defines its policy and commitment for safety, delegates authority for resource allocation, clearly defines safety responsibilities, trains personnel to identify and manage safety risks, ensures safe operation and maintenance, and promotes the safety activities. The safety accountability is delivered by personnel responsible for the day to day operational activities. With the clear organizational structures, policies and procedures, all possible attempt is made to avoid errors and failures to maintain safe operation every time. Similarly, the regulator (State) conducts safety oversight functions from the time of licensing till operation or service delivery through its mechanism. The State conducts inspection, audits and assessment to find out shortcomings and areas for improvement, investigate incidents and accidents to find out the causes to avoid repetition of similar occurrences, and enhance safety.

Challenges in Safety Management

The regulator and the operators or service providers collaborate for safe aviation activities through the ICAO safety management framework, i.e. SSP and SMS, and the State continuously conducts safety oversight function still incidents and accidents occur. Accidents and serious incidents very rarely happen

but minor incidents or unwanted situations arises frequently that raise question on the approaches for safety management. Why the regulations, management commitment or 'safety first' policy and the knowledgeable, trained and skilled personnel fail to ensure safety all the times? We often get the answer that human is fallible (like machine) and commits error, systems may fail and the environmental factors are not in our control. The ready-made answers for safety breakdown are not sufficient to convince the stakeholders and mainly those who lose not only their near and dear one but their own lives and everything.

Myths about Safety Management

In the best of all possible worlds, safety is managed by highly trained and rationale people using carefully selected indicators and effective methods. In reality, safety management is usually a collection of best practices based on a number of assumptions that are taken for granted, hence rarely discussed. Examples include the traditional dictum of 'safety first', the belief that increasing protection will increase safety, or the notion that most accidents are caused by human error. These and other assumptions are common to many (if not all) industrial sectors and determine individual attitudes, corporate policies and regulatory practices. Since these assumptions express common beliefs rather than facts, they are not verifiable and can therefore be considered as myths. [1]

Besnard and Hollnagel, in their working paper considered following six major safety myths and tried to challenge them on the basis of alternative views:

- ✔ Human error is the largest single cause of accidents and incidents.
- ✔ Systems will be safe if people comply with the procedures they have been given.
- ✔ Safety can be improved by barriers and protection; increasing the layers of protection leads to higher safety.
- ✔ Root cause analysis can identify why mishaps happen in complex socio-technical systems.
- ✔ Accident investigation is the logical and rational identification of causes based on facts.
- ✔ Safety always has the highest priority and will never be compromised.

These assumptions are the foundations of safety management in aviation as well as in other industries. It is assumed that going against these facts will result in unwanted events or degrade the level of safety. But these are not verified taking into consideration the alternative views such as why human who perform well most of the time can commit error sometimes. Similarly, can comply with procedures all the time or is safety level improves with barrier and protection only. Whether knowing root causes is sufficient to stop similar events of investigations are conducted without biasness. And keeping safety on top priority only cannot stop safety tradeoff in the industry or ground flights of the operator compromising safety.

Alternative views

Thus, Besnard and Hollnagel propose the following alternative views for safety management:

- ✔ 'Human error' is an artifact of a traditional engineering view, which treats humans as if they were (fallible) machines and overlooks how performance adjustments are used to match the working conditions.
- ✔ Actual working situations usually differ from what the procedures assume and strict compliance may be detrimental to both safety and efficiency. Procedures should be used carefully and intelligently.
- ✔ Technology is not value neutral. Additional protection changes behavior so that the intended safety improvements might not be obtained.
- ✔ Human performance cannot be described as if it was bimodal. In socio-technical systems, things that go wrong happen in the same way as things that go right.
- ✔ Accident investigation is a social process, where causes are constructed rather than found.
- ✔ Safety will be as high as affordable—from a financial and ethical perspective.

Conclusion

Considering the paradigm shift in aviation industries, it is high time to discuss on assumptions of safety management and the alternative views to ensure safe operation and service delivery. Instead of relating safety with unwanted events and assuming human as fallible, focus should be given on safe performance and making human more intelligent and capable to handle bad situations as well. Then only we can reduce the unwanted events to zero.

1 D. Besnard and E. Hollnagel, "Believe some myths about safety management", 2014

जनार्दन गौतम
उपनिर्देशक, ने.ना.उ.प्रा.

नेपाल नागरिक उड्डयन प्राधिकरणमा कर्मचारीहरूको बढुवा व्यवस्था

नेपाल नागरिक उड्डयन प्राधिकरण तत्कालिन हवाई विभागको रुपान्तरित संस्था हो । यसको मुख्य उदेश्य नागरिक उड्यन क्षेत्रलाई नियमन गर्ने कार्यको साथै उडान सम्बन्धी सञ्चार सेवा प्रदान गर्ने, पथ प्रदर्शन गर्ने, एयर नेभिगेशन सेवा प्रदान गर्ने पनि हो । यसको लागि हाल प्राधिकरणमा प्रशासन तथा प्राविधिक सेवाका गरी कूल १०६५ जनको दरवन्दी रहेको छ, जुन संख्या तत्कालिन हवाई विभागबाट प्राधिकरणमा रुपान्तरित हुदा नै कायम भएको संख्या हो ।

बढुवाको अर्थ:

बढुवा कर्मचारीहरुको लागि महत्वको विषय हो । यो उनीहरुले सम्पादन गरेको कामको मूल्याङ्कनको दृश्यात्मक पाटो पनि हो । यसमा पदीय हैसियत तथा जिम्मेवारी थप हुनुको साथै प्रतिष्ठा समेत जोडिएको हुन्छ । त्यसैले यो कार्यरत कर्मचारीहरुको मनोवल अभिवृद्धि गर्ने औजार पनि हो । कर्मचारीहरुमा बढुवा पाउने चाहनाको मात्रा समय, औकात, अवस्था र परिवेशअनुसार केही घटबढ अवश्य हुन्छ । यसको उचित व्यवस्थापन गरी कार्यालयले सबैलाई उसको क्षमता, लगन, दक्षता र उसले सम्पादन गरेको कामको आधारमा केही न केही तहसम्म बढुवा पाउने गरी अवसर खुल्ला गरिदिनुपर्छ । यसो भएन र वृत्ति विकासको ढोका वन्द भयो भने त्यसले कर्मचारीमा निरासा पैदा गर्छ, जसबाट उसको मनोवल खस्किनुको साथै कार्य सम्पादन स्तरमा पनि गिरावट आउँछ ।

सार्वजनिक निकायले कर्मचारी बढुवा गर्दा विवेकको आधारमा नभई एउटा निश्चित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ, जसबाट आउने परिणाम जे हुन्छ त्यसलाई सर्वस्वीकार्य मानिन्छ । त्यसैले बढुवाको लागि अपनाइने प्रक्रिया निश्पक्ष, विश्वासनीय र भरपर्दो हुन आवश्यक हुन्छ ।

प्राधिकरणमा बढुवाको संरचनागत व्यवस्था:

प्राधिकरणमा कर्मचारीहरुको नियुक्ति तथा बढुवा गर्ने प्रयोजनको लागि कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावलीमा नै पदपूर्ति समितिको व्यवस्था गरिएको छ । विगतमा पदपूर्ति समितिबाटै लिखित परीक्षा लिई नतिजा समेत प्रकाशन गर्ने गरेको सन्दर्भमा अन्तर्वार्ता लिने प्रयोजनको लागि लिखित परीक्षाको अंक थाहा नभएको र अन्तर्वार्तामा को को रहन्छन् भन्ने पहिले नै थाहा नभएको पदाधिकारीहरुको व्यवस्था गनुपर्ने महशुश गरी पदपूर्ति समितिमा नभएका छुट्टै व्यक्तिहरु सम्मिलित अन्तर्वार्ता समितिको व्यवस्था गरिनुको साथै पदपूर्ति समिति र अन्तर्वार्ता समितिमा लोक सेवा आयोगको समेत प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

कर्मचारीको अनुभव:

प्राधिकरण स्थापना भएपछि पनि कर्मचारीहरुको वृत्ति विकासको अवसरलाई निरन्तरता दिनुपर्ने भएकोले कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावलीमा पदपूर्ति समितिको व्यवस्था गरी बढुवा सम्बन्धी कार्यलाई निरन्तरता दिइएको थियो । तथापि विगतमा लोक सेवा आयोगले गर्दे आएको कार्यलाई समेत समेटेर बढुवा प्रक्रियालाई अघि बढाउनुपर्ने भएकोले थप भएको नया जिम्मेवारी समेत पूरा गर्नुपर्दा अनुभवको कमिको कारण अपेक्षाकृत रुपमा गति लिन नसकेको गुनासो कर्मचारी वृत्तमा नभएको भने होइन । अनुभवले आवश्यकताको जन्म दिन्छ भन्ने मान्यता अनुसार निश्पक्षताको विश्वास अभिवृद्धि गर्न छुट्टै अन्तर्वार्ता समितिको व्यवस्था पनि कर्मचारीहरुकै पहलबाट भएको हो ।

प्राधिकरण गठन भएपछिको यो २० वर्षको अवधिमा कर्मचारीहरुको दरवन्दी संख्या थप भएको छैन । तथापि बढुवाको सन्दर्भमा भने विद्यमान् संरचनामा भने धेरै फरक आइसकेको छ । प्राधिकरणको प्रारम्भिक अवस्थामा हालको तहबाट माथिल्लो पदमा बढुवा पाउन अत्यन्त कठिन थियो । उच्च तहका पदहरु ज्यादै कम थिए भने तल्ला तहका पदहरु धेरै हुनुको साथै दरवन्दी बाहिर पनि स्वतः सिर्जित पद कायम गरी धेरै संख्यामा कर्मचारीहरुलाई राखिएको थियो । तत्कालिन हवाई विभागको निजामति सेवाबाट प्राधिकरणको सेवामा कर्मचारीहरुलाई परिणत गर्दा श्रेणिगत व्यवस्थाबाट तहगत व्यवस्थामा जानुपर्ने भएको र पद मिलान गर्दा तह ७, ९, र ११ मा पद खाली राखी मिलान भएकोले एक पुस्ताका कर्मचारीलाई उक्त खाली पदमा बढुवा हुन एक हदसम्म सहजता देखिए पनि अधिकाँश कर्मचारीहरुले लामो समयसम्म बढुवाको अवसर प्राप्त गर्न सकेका थिएनन् । जसको कारण कर्मचारीहरुको उत्साह क्रमशः घट्दै

गएकोले कर्मचारीहरुको चाहना बमोजिम निश्चित अवधिसम्म एउटै सेवामा रही कार्य गरी बढुवाको अवसर नपाएका कर्मचारीहरुलाई दरवन्दीमा व्यवस्था नभए पनि विशेष पद श्रृजना गरी एक तह वृद्धि गरिदिने व्यवस्था गरियो । यसबाट धेरै कर्मचारीहरुले एकैपटक बढुवा पाई राहतको महशुश गरे । पछि यस व्यवस्थालाई अझ फराकिलो बनाउदै जाँदा र धेरै कर्मचारीहरु यस प्रक्रियाबाट बढुवा हुदै जाँदा दरवन्दीको मर्म मर्न थाल्यो । साथै, दरवन्दीमा रहेका र विशेष पदमा रहेका समान तहका कर्मचारीहरुबीच अधिकारको विषयमा विवाद हुन थाल्यो । यही परिवेशमा हाल निजामति सेवामा रहेको यस्तै प्रकारको व्यवस्था खारेज भैसकेको छ ।

वर्तमान सन्दर्भ:

गणतन्त्रको स्थापना पश्चात संविधान सभाबाट जारी संविधानमा निजामति कर्मचारीहरुका अतिरिक्त नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, र अन्य संघीय सरकारी सेवाको पदमा लिइने लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुने व्यवस्था भएकाले अब लोक सेवा आयोगको भूमिका संवैधानिक आधारमा फराकिलो हुन गएको छ । यसरी थप भएको कार्य सम्पादन गर्नको लागि आयोगमा सुरक्षा निकाय तथा संगठित संस्था महाशाखाको गठन भई कार्य भईरहेको छ । यसका साथै आयोगले यी निकायहरुमा हुने नियुक्ति, बढुवा र विभागीय कारवाहीका विषयहरुमा सकेसम्म एकरुपता ल्याउने प्रयास गर्नुको साथै आयोगको सामान्य सिद्धान्तको परिधिभित्र समेट्ने प्रयास गरिरहेको छ । यसको लागि यस प्राधिकरण लगायत सबै निकायहरुले आ आफ्नो निकायको कर्मचारी नियमावलीहरुमा सुधार गरी आयोगको स्वीकृति लिई अघि बढ्ने क्रममा रहेका छन् ।

प्राधिकरणमा बढुवाको कानूनी आधार र बढुवाको किसिम:

नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली २०५६ मा तह ४ देखि ११ सम्मको पदमा बढुवा प्रयोजनको लागि रिक्त दरवन्दीबाट प्रतिशत निर्धारण गरी तोकिएको प्रतिशतमा देहाय बमोजिम २ किसिमले बढुवा गर्ने व्यवस्था गरिएको छ ।

१) आन्तरिक प्रतियोगितात्मक परीक्षा

२) कार्यक्षमताको आधार वा फायल बढुवा

आन्तरिक प्रतियोगितात्मक परीक्षा तह ६ देखि तह ११ सम्म मात्र छ । यसको लागि सम्बन्धित सेवा, समूह वा उप समूह भित्रका ३ वर्ष सेवा अवधि पुगेका कर्मचारीहरुबीच प्रतिस्पर्धा गराई योग्य ठहरिएका उम्मेद्वारलाई बढुवा गरिन्छ । त्यसैगरी सहायक चौथो तहदेखि अधिकृत बाह्रौं तहसम्म कार्य क्षमताको आधारमा बढुवा गर्दा देहाय बमोजिम तोकएको शैक्षिक योग्यता प्राप्त गरेका कर्मचारीहरुमध्ये देहाय बमोजिम ज्येष्ठता, कार्य सम्पादन स्तर, शैक्षिक योग्यता, तालिम र तोकिएको भौगोलिक क्षेत्रमा रही कार्य गरेको आधारमा प्राप्त हुने अंक मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारलाई बढुवा गर्ने व्यवस्था छ । यसरी बढुवा गर्दा बाह्रौं तह बाहेक अन्य तहका पदहरुमा देहाय बमोजिम अंक गणना गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीहरुलाई क्रमशः बढुवा गर्ने व्यवस्था छ ।

(क)	जेष्ठता वापत अधिकत्तम	- २५ अंक सम्म
(ख)	शैक्षिक योग्यता वापत अधिकत्तम	- २० अंक सम्म
(ग)	तालिम वापत अधिकत्तम	- ३ अंक सम्म
(घ)	भौगोलिक क्षेत्रमा काम गरे वापत अधिकत्तम	- १२ अंक सम्म
(ङ)	कार्य सम्पादन मूल्यांङ्कन वापत अधिकत्तम	- ४० अंक सम्म
		**जम्मा १००

तह १२ को पदमा भने कार्य क्षमताको आधारमा बढुवा गर्दा पदपूर्ति समितिले रिक्त पदको उपलब्ध भएसम्म तेव्वर संख्यामा सम्भाव्य उम्मेद्वारहरुको नाम सिफारिस गर्दछ । यसरी सिफारिसमा परेका तह ११ का कर्मचारीहरुमध्येबाट प्राधिकरण सञ्चालक समितिले नेतृत्व गर्न सक्ने क्षमता र कार्य कुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेद्वारलाई वढुवा गर्ने व्यवस्था छ । तह २ र ३ को लागि आन्तरिक प्रतियोगितात्मक परीक्षा वा कार्य क्षमताको आधारमा बढुवा गर्ने व्यवस्था रहेको छैन । यस्तो पदमा बढुवाको लागि विशेष पद श्रृजना गरी तोकिएको सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका कर्मचारीहरुलाई बढुवा दिने व्यवस्था राखिएको छ । तर वर्तमान् सन्दर्भमा लोक सेवा आयोगले सबै खालका विशेष बढुवाको प्रावधान खारेज गर्न लागेको हुदा यसको लागि अलग्गै व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

बढुवा कर्मचारीहरु सबैको चाहनाको विषय हो । त्यसैले धेर थोर जे जति भएपनि सबैले बढुवाको अवसर पाउनुपर्छ । सम्बन्धित सेवा समूह र उप समूहमा रहेका कर्मचारीहरुको संख्याले बढुवाको अवसरलाई सीमित गर्दछ । यस प्राधिकरणमा प्रशासन सेवा र प्राविधिक सेवाका विभिन्न समूह तथा उप समूह अन्तर्गत रहेका पदहरुको दरवन्दी संख्याको ठूलो भिन्नताले बढुवाको सम्भावनालाई समान अवसर प्रदान गरेको छैन । अझ कतिपय सेवा समूहका पदहरुमा माथिल्लो तहको दरवन्दी नै छैन । यस्तो अवस्थामा बढुवाको लागि अवसर नपाएका सम्बन्धित सेवा समूहका कर्मचारीहरुलाई प्राधिकरणमा रहेको दरवन्दीको कार्य विवरण हेरी कुनै विशिष्ट ज्ञानको आवश्यक नपर्ने पदहरुमा मिश्रित पद सिर्जना गरी वृत्ति विकासको ढोका फराकिलो पार्ने प्रयास गरिएको छ ।

कार्यक्षमताको अंक भार र प्राप्तांक गणना गर्ने आधार :

कार्यक्षमताको लागि अंक गणना गर्दा देहाय ताकिएको अंकभारको आधारमा कर्मचारीले प्राप्त गरेको अंकको गणना गरिन्छ

जेष्ठताको लागि	अंक २५ सम्म	प्रत्येक वर्ष अंक २.५ का दरले **यसमा रहेको थप व्यवस्था** १) गयल भएको तथा असाधारण विदामा वसेको अवधिको लागि ज्येष्ठता वापत अंक नदिइने व्यवस्था रहेको । २) चानचुन महिना वा दिनको निमित्त दामासाहीको हिसावले अंक दिने व्यवस्था रहेको ।
शैक्षिक योग्यताको लागि	अंक २० सम्म	१) न्यूनत्तम शैक्षिक योग्यताको लागि अंक १६ २) माथिल्लो शैक्षिक योग्यताको लागि अंक ४
तालिमको लागि	अंक ३ सम्म	१) प्रथम श्रेणिको लागि अंक ३ २) द्वितीय श्रेणिको लागि अंक २.५ ३) तृतीय श्रेणिको लागि अंक २ **यसमा रहेको थप व्यवस्था** १) श्रेणी नखुलेको शैक्षिक योग्यता तथा तालीम वापत द्वितीय श्रेणी वरावरको अंक दिइने व्यवस्था रहेको । २) तालीमको अंक दिंदा एक महीना वा सो भन्दा वढी अवधिको सेवासंग सम्वन्धित विषयको सेवाकालीन तालीम वापत अंक दिइने व्यवस्था रहेको ३) तालीमको अंक गणना गर्दा जुन तहमा छंदा तालीमको लागि मनोनयन भएको हो, सो अंक सोही तहको लागि मात्र गणना गरिने व्यवस्था रहेको ।
भौगोलिक क्षेत्रमा काम गरे वापत	अंक १२ सम्म	१) क वर्गको क्षेत्रमा काम गरेवापत प्रतिवर्ष अंक २.०० २) ख वर्गको क्षेत्रमा काम गरेवापत प्रतिवर्ष अंक १.७५ ३) ग वर्गको क्षेत्रमा काम गरेवापत प्रतिवर्ष अंक १.५० ४) घ वर्गको क्षेत्रमा काम गरेवापत प्रतिवर्ष अंक १.२५ **यसमा रहेको थप व्यवस्था** १) रुजु हाजिरको आधारमा अंक गणना गरिने व्यवस्था रहेको । २) कुनैपनि भौगोलीक क्षेत्रमा २३३ दिन रुजु हाजिर भई सेवा गरेमा मात्र भौगोलिक क्षेत्रको अंक दिने व्यवस्था रहेको । ३) चानचुन महिना वा दिनको निमित्त दामासाहीको हिसावले अंक दिने व्यवस्था रहेको । ४) भौगोलीक क्षेत्रमा काम गरे वापत पाउने अंक बहाल रहेको तहमा प्राप्त गरेको भए मात्र पाउने व्यवस्था रहेको । ५) असाधारण विदामा वसेको अवधिको भौगोलीक क्षेत्र वापतको अंक गणना नगरिने व्यवस्था रहेको । ६) विदेशमा ३० दिन भन्दा बढी अवधि तालिम लिएमा जुनसुकै भोगोलिक क्षेत्रमा रहेको भएपनि सो अवधिको लागि घ वर्गको हिसावले पाउने अंकको आधा मात्र पाउने व्यवस्था रहेको ।
कार्य सम्पादन मूल्यांङ्कन वापत	अंक ४० सम्म	१) सुपरिवेक्षकले अधिकत्तम २५ अंक सम्म २) पुनरावलोकन कर्ताले अधिकत्तम १० अंक सम्म ३) पुनरावलोकन समितिले अधिकत्तम ५ अंक सम्म **यसमा रहेको थप व्यवस्था** १) असाधारण विदामा वसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेद्वारको अंक गणना गरिने व्यवस्था रहेको । २) तोकिएको म्याद नाघेपछि दर्ता भएको कार्यसम्पादन मूल्यांकन वापत सोही वर्ष प्राप्त गरेको प्राप्तांकबाट पदपूर्ति समितिले पाँच अंक घटाउने व्यवस्था रहेको । ३) बढुवा प्रयोजनको लागि पछिल्लो ३ वर्षको मात्र कार्य सम्पादन मूल्यांङ्कन वापतको अंक गणना गरिने र यसरी अंक गणना गर्दा ३ वर्षको कूल प्राप्ताङ्कको औषत निकालिने व्यवस्था रहेको ।

अन्य व्यवस्था

१) बढुवाको लागि रिक्त पदको गणना गर्दा गत आर्थिक वर्षसम्म रिक्त भएको पदहरुको मात्र गणना गर्ने गरिएकोमा नियमावलीको १५ औं संशोधनमा आगामी पौष मसान्तसम्म अनिवार्य अवकास भई रिक्त हुन सक्ने पदहरु समेतको गणना गरी सो समेतको विज्ञापन पहिलेनै गर्ने व्यवस्था गरिएको थियो । हाल आएर लोक सेवा आयोगको प्रचलन अनुसार यसलाई अझ फराकिलो बनाई आगामी आषाढ महिनासम्म अनिवार्य अवकास भई रिक्त हुन सक्ने पदहरु समेतको गणना गरी सो समेतको विज्ञापन पहिलेनै गर्ने गरिएको छ ।

२) बढुवामा सम्भाव्य उम्मेदवार हुनको लागि बढुवा हुने पदको सेवा, समूह र उपसमुहको एकतह मुनिको पदमा कम्तिमा तीन वर्ष स्थायी सेवा अवधि पूरा भएको र अनुसूची-६ बमोजिमको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्ने व्यवस्था रहेको ।

३) सेवा/समूहीकृत नहुने वा मिश्रित सेवा समूह भएका सबै तहका पदहरुमा कार्यक्षमताको आधारमा बढुवाको माध्यमबाट पदपूर्ति गरिने व्यवस्था रहेको ।

४) सेवा, समूह वा उपसमूह परिवर्तन भएका कर्मचारीहरूले साविकको सेवा, समूह वा उपसमूहको समान तहको पदमा गरेको सेवा अवधि बढुवाको प्रयोजनको लागि समेत गणना गरिने व्यवस्था रहेको ।

५) बढुवाको लागि अंक प्रदान गर्ने प्रावधान रहेका उपनियमहरुमा कुनै संशोधन गर्दा त्यस्तो संशोधन भएको एक वर्ष पछिको मितिदेखि मात्र लागू हुने व्यवस्था रहेको ।

६) बढुवाको नामावली प्रकाशन गर्दा वढुवा हुने उम्मेद्वारले पाएको कुल अंक समेत प्रकाशन गर्नु पर्ने र त्यसरी वढुवा सिफारिशको नामावली प्रकाशन भएपछि वढुवामा नपर्ने कुनै उम्मेद्वारले आफुले पाएको कार्यसम्पादन मूल्यांकन सहितको जम्मा अंकको जानकारी लिन चाहेमा त्यसको जानकारी दिनु पर्ने व्यवस्था रहेको ।

७) वढुवा सिफारिश उपर चित्त नवुझी उजूरी दिन चाहेमा वढुवा नामावली प्रकाशित भएको मितिले पैंतीस दिनभित्र आफूले वढुवा पाउनु पर्ने स्पष्ट आधार र कारण समेत खुलाई समितिले तोकेको वढुवा सिफारिश उजुरी समिति समक्ष उजुरी दिन सकिने व्यवस्था रहेको ।

८) प्रकाशित वढुवाको सिफारिश सूची उपर नियम ६.१० को उपनियम (१) बमोजिमको म्याद भित्र कसैको उजूरी नपरेमा त्यस्तो वढुवा सिफारिश सूची प्रकाशन भएको मितिले छत्तिसौं दिनदेखि र उजुरी परी बढुवाको सूचि संशोधन गर्नुपरेमा संशोधित रुपमा सूचना प्रकाशन गरेको दिनदेखि वढुवा मिति कायम हुने गरी सम्वन्धित कर्मचारीलाई वढुवा गरिने व्यवस्था रहेको ।

९) उजूरी आधारहीन ठहरिई पूर्व प्रकाशित बढुवाको सूचिमा कुनै फेरबदल गर्नु नपरेमा त्यस्तो उजुरीकर्ताको पछि हुने वढुवामा पहिलो पटकको उजूरी भए दुई अंक कट्टा गरिने र दोश्रो पटकको उजूरी भए तीन अंक काटिने व्यवस्था रहेको ।

१० बढुवाको लागि अंक गणना हुने तालिममा मनोनयन गर्दा सामान्यतया जेष्ठतालाई आधार लिईने व्यवस्था रहेको ।

बढुवा हुन नपाउने आधार : बढुवा पाउने अभिलाषा कर्मचारीको हुने भएपनि त्यो निःशर्त भने हुन सक्दैन । कर्मचारीले सम्पादन गरेको कामको आधारमा उसलाई थप जिम्मेवारी र प्रोत्साहन दिने वा नदिने भन्ने व्यवस्था मिलाउन आवश्यक हुन्छ । त्यसैले सन्तोषजनक कार्य नगर्ने, काम चोर र तोकिएको आचरण पालना नगर्ने कर्मचारीहरुलाई बढुवा प्रक्रियामा समावेश हुन नपाउने गरी संगठनले व्यवस्था गरेको हुन्छ । यही व्यवस्था अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ मा समेत यस्तो प्रावधान राखिएको छ । यसमा राजनैतिक प्रभाव पार्ने, सरकार तथा प्राधिकरणको आलोचना गर्ने, खटाईएको कार्यालय वा स्थानमा नजाने, सेवा सम्वन्धी विषयमा नकरात्मक समाचार लेख्ने, प्रदर्शन र हड्ताल गर्ने वा गर्न उक्साउने, हड्ताल, थुनछेक तथा घेराउ गर्ने, जथाभावी रुपले दान उपहार चन्दा स्वीकार गर्ने वा सापटी तथा आर्थिक लेनदेन गर्ने, राजनीतिमा भाग लिनने जस्ता आचरण विपरितका कार्य पटक पटक भएमा त्यसलाई कसूर मानी नसिहत दिने र २ पटकसम्म नसिहत पाइसकेको कर्मचारीले पुनः नसिहत पाउने कार्य गरेमा निजलाई २ वर्षसम्म बढुवा रोक्का गर्ने वा तीन तलव वृद्धि रोक्का गर्न सकिने व्यवस्था रहेको छ । स्मरणीय छ, ३ तलव वृद्धि रोक्का भनेको ३ वर्षसम्म ग्रेड नपाउने अवस्था हो भने यससंगै सो अवधिभर निजको बढुवा समेत हुदैन । त्यसैले यो आर्थिक वृद्धि रोक्नुको साथ साथै २ वर्षसम्म बढुवा रोक्काको सजाय भन्दा थप १ वर्षको अवधिसम्म बढुवा रोक्ने सजाय पनि हो ।

कर्मचारीले बढुवा नपाउने अर्को अवस्था भनेको निलम्बनको अवस्था पनि हो । अभियोग लागेको कर्मचारी छानविनको सिलसिलामा निलम्बनमा पर्नसक्ने र त्यस्तो अवस्थामा उ बढुवा प्रक्रियामा समावेश हुन पाउदैन । यो व्यवस्थाबाट उक्त कर्मचारी पछि निर्दोष साबित भएपनि बढुवा प्रक्रिया अघि बढीसकेको हुने भएकोले छुट्न जाने हुदा उसले बढुवा पाउने अवस्था रहदैन ।

बढुवा प्रक्रियाका दोषहरु :

१) **सम-न्यायिक अनुभूति दिलाउन नसक्नु :** विभिन्न सेवा, समूह, र उप समूहहरुमा रहेको दरवन्दी संख्याबीचको ठूलो अन्तरले कुनै सेवा समूह तथा उप समूहहरुमा बढुवाको लागि सम्भावित उम्मेद्वार

हुने बित्तिकै बढुवाको अवसर प्राप्त भइरहेको अवस्था छ भने कतिपय पदहरुमा त झन् तल्लो पदबाट सम्भावित उम्मेद्वार भई दरखास्त कहिले पर्ने हो भनी पर्खिबसेको झैं अवस्था समेत रहेको छ। अर्कोतिर कुनै सेवा समूह तथा उप समूहमा बढुवाको लागि वर्षौं कुर्नुपर्ने अवस्था छ। त्यसैगरी कतिपय सेवा समूह, उप समूहमा चाँहि बढुवाको लागि पद नै नरहेको अवस्था समेत विद्यमान् छ।

२) उचित पदमा उचित व्यक्तिको चयन हुन नसक्नु : प्राधिकरणमा रहेका कतिपय महत्वपूर्ण पदहरु निकै थोरै छन्। ती पदहरुमा बढुवा पाई काम गर्न आईपुग्ने कर्मचारीहरु एउटा निश्चित पद्धतिको नतिजाबाट चयन हुन्छन्। यसरी महत्वपूर्ण पद प्राप्त गर्ने सबै व्यक्तिहरु सो पदको लागि योग्य हुन्छन् नै भन्न सकिदैन, किन कि वैयक्तिक विभिन्नताको कारण कामको प्रकृति र व्यक्तिको स्वभाव सँधै मेल खाँदैन। यस्तो अवस्थामा स्वभाव मिल्ने अन्य व्यक्तिको खोजी गरी उचित व्यक्तिको चयन हुन सक्ने अवस्था छैन।

३) कामको सम्मान हुन नसक्नु : प्राधिकरणको कतिपय पदहरुमा बढुवा हुन जुनसुकै सेवा, समूह वा उपसमूहका कर्मचारीहरुबीच प्रतिस्पर्धा हुन सक्ने व्यवस्था छ। बढुवा पाउनको लागि कर्मचारीहरु यस्तो पदमा आवेदन भरी बढुवा त पाउँछन् तर सो पदमा काम गर्न भने हिच्किचाउँछन्। किन कि त्यो काम गर्दा अरुको नजरमा आफुलाई गिरेको महशुश गर्दछन्। खास गरी प्राविधिक सेवा समूहका कर्मचारीहरुले खुल्ला सेवा, समूह वा उपसमूहको यस्तो पदमा काम गर्न असहज महशुश गरिरहेको अवस्था छ।

४) प्राविधिक सेवामा बढुवा हुदै जाँदा उसको सेवाको विशिष्टता खस्किदै गई अन्तमा प्रशासक जस्तो हुन पुग्नु: वर्तमान् बढुवा प्रणालीको यो एउटा अत्यन्तै महत्वपूर्ण दोष हो। आफ्नो सेवा समूहको विशिष्टता कायम राखेर वा यसमा थप विशिष्टता प्राप्त हुने गरी प्राविधिक कर्मचारीहरुले बढुवा पाउने व्यवस्था वर्तमान्मा छैन। बढुवा पाउनको लागि उनीहरुले आफ्नो विशिष्टता गुमाउन तयार हुनैपर्छ। अर्थात् उनीहरु क्रमशः कर्मचारी व्यवस्थापन, आर्थिक प्रशासन हुदै सामान्य प्रशासनको काममा सर्दै जान्छन्। यसबाट आाफ्नो सेवा र अनुभवको आधारमा विशिष्टता तर्फ अझै खारिदै जानुपर्नेमा बढुवा हुदैं जाँदा उनीहरुको विशिष्टता भुत्ते हुदै जाने स्थिति छ। विश्व विद्यालयहरुमा उप प्राध्यापकबाट प्राध्यापकसम्म बढुवा हुने व्यवस्था, अस्पतालहरुमा डाक्टरहरु र नर्सहरुको बढुवा हुने व्यवस्था तथा न्यायलयहरुमा न्याधीशहरुको बढोत्तरी हुने व्यवस्थामा यो दोष रहेको छैन। प्राधिकरणले पनि अब विशिष्टताको आफ्नो पहिचानलाई बढावा दिने गरी बढुवा प्रणालीमा पुनरावलोकन गरी यस प्रकारको दोषबाट मुक्ति पाउन सके प्राधिकरणको कार्य सम्पादनमा थप सुधार हुने अपेक्षा गर्न सकिन्छ।

Visual Approach Slope Aids in airports of Nepal

Sanjay Kumar Chaudhary
Dy. Director, CAAN

Visual approach slope aids are aeronautical ground lighting systems designed to provide a measure of vertical guidance (height information above ground) to aircraft approaching a particular runway. The principle of these aids is to provide color-based identification to the pilot indicating their variation from a desired altitude and descent rate while on approach. Visual approach slope aids are usually installed when one or more of the following conditions exist:

1) A runway is used by turbo jet aircraft.
2) The pilot may have difficulty in judging the final approach because of inadequate visual reference over water or featureless terrain, or because of deceptive surrounding terrain or misleading runway slopes.
3) There are serious hazards in the approach area that would endanger the aircraft if it sank below the normal approach path.
4) serious hazard would occur in the event of undershooting or overshooting.
5) Turbulence is found to exist because of terrain or meteorological conditions.

The two most common visual approach slope aids are the visual approach slope indicator system (VASIS), and the precision approach path indicator (PAPI).

Visual Approach Slope Indicator

The visual approach slope indicator (VASI) is a system of lights which acts as an aid in defining the desired glide path in relatively good weather conditions. VASI lighting intensities are designed to be visible from 3 to 5 mile during the day and up to 20 mile at night.

There are two different VASI configurations such as T- VASIS and AT- VASIS. T-VASIS consists of twenty light units symmetrically disposed about the runway centreline in the form of two wing bars of four light units each, with bisecting longitudinal lines of six lights, and an AT-VASIS consists of ten light units arranged on one side of the runway in the form of a single wing bar of four light units with a bisecting longitudinal line of six lights.

Precision Approach Path Indicator

There are two different precision approach path indicator (PAPI) configurations such as PAPI and A-PAPI. Precision approach path indicator (PAPI) is preferred than VASI system because it gives more precise indications to the pilot of the approach path of the aircraft and utilizes only one bar as opposed to the minimum of two required by the VASI system.

The PAPI system consists of a unit with four lights on either side of the approach runway. By utilizing the color scheme indicated on Figure:1, the pilot is able to ascertain five approach angles relative to the proper glide slope as compared with three with the VASI system. One of the problems with the VASI system has been the lack of an immediate transition from one color indication to another resulting in shades of colors. The PAPI system resolves this problem by providing an instant transition from one color indication to another as a reaction to the descent path of the aircraft. An advantage of the system is that it is a one-bar system as opposed to the two-bar VASI system. This results in greater operating and maintenance cost economies, and eliminates the need for the pilot to look at two bars to obtain glide slope indications.

Figure: 1 Pilot View of PAPI Light Signals at different elevations

The PAPI system consists of a bar of 4 sharp transition multi-lamp units, each one producing a light beam divided into an upper white and a lower red sector. PAPI's are usually situated to the left side of the runway. However, where this is impracticable, it may be installed on the right side of the runway. There also are aerodromes where PAPIs are placed on both sides of the runway. The visual range of PAPI system is more than 11km by day and 30km by night (meteorological visibility 14km). The angle of elevation (approach) settings of the light units in a PAPI wing bar will be such that, during an approach, the pilot maintaining sighting of one white and three reds will clear all obstacles in the approach area by a safe margin.

Where a PAPI is used together with an ILS, it is located

to align both glide slopes as much as practicable. A schematic diagram of the PAPI system is shown in Figure 2.



Figure: 2 PAPI Lights Layout

The wing bar of a PAPI is constructed and arranged in such a manner that a pilot making an approach will:

a) when on or close to the approach slope, see the two units nearest the runway as red and the two units farthest from the runway as white;

b) when above the approach slope, see the one unit nearest the runway as red and the three units farthest from the runway as white; and when further above the approach slope, see all the units as white; and

c) when below the approach slope, see the three units nearest the runway as red and the unit farthest from the runway as white; and when further below the approach slope, see all the units as red.

Abbreviated Precision Approach Path Indicator (APAPI)



Figure: 3 Light beams and angle of elevation setting for PAPI 3 degree approach slope

The Abbreviated Precision Approach Path Indicator (APAPI) system consists of a bar of 2 sharp transition multi-lamp units, each one producing a light beam divided into an upper white and a lower red sector. The system is located on the left hand side of the runway as seen by the pilot of an approaching aeroplane unless it is physically impracticable to do so. On runways where no public jet aircraft is carried out an Abbreviated PAPI (APAPI) may be installed.

An APAPI consists of only 2 light units. A schematic diagram of the APAPI system is shown in Figure 4.

The wing bar of an APAPI is constructed and arranged in such a manner that a pilot making an approach will:

a) when on or close to the approach slope, see the unit nearer the runway as red and the unit farther from the runway as white;

b) when above the approach slope, see both the units as white; and

c) when below the approach slope, see both the units as red.



Figure: 4 PAPI Layout



Figure: 5 Light beams and angle of elevation setting for APAI 3 deg approach slope

The optimum distance of PAPI/APAPI from the runway threshold is determined by:

a) the requirement to provide adequate wheel clearance over the threshold for all types of aircraft landing on the runway;

b) the operational desirability that PAPI/APAPI is compatible with any non-visual glide path down to the minimum possible range and height; and

c) any difference in elevation between the PAPI/APAPI units and the runway threshold.

Figure: 6 Installation and Components of PAPI Light

d) the remaining length of runway available for stopping the aircraft; and obstacle clearance.

Note: MEHT is the lowest height at which the pilot will perceive an on-slope indication over the threshold.

Table-1 : Summary of PAPI/ APAPI installed in different airports of Nepal

S.N.	Name of Airports	Design aircraft	Minimum Eye Height over Threshold (MEHT)	Design Approach Slope	Distance of PAPI/APAPI set from Threshold	Types of VASI	Remarks
1	Chandragadhi(R/W 10 side)	ATR 42	12.25 m	3º	250.60 m	PAPI (PU3L)	
	Chandragadhi(R/W 28 side)	ATR 72	12.25 m	3º	236.12 m	PAPI (PU3L)	in installation phase
2	Biratnagar (R/W 09 side)	ATR 72	12.25 m	3.15º	244.66 m	PAPI (PU3L)	
	Biratnagar (R/W 27 side)	ATR 72	12.25 m	3º	250.46 m	PAPI (PU3L)	
3	Rajbiraj (R/W 11 side)	N/A	N/A	3º	N/A	PAPI	in installation phase
4	Janakpur (R/W 09 side)	ATR 42	12.25 m	3º	249.26 m	PAPI (PU3L)	
	Janakpur (R/W 27 side)	ATR 72	12.25 m	3º	249.05 m	PAPI (PU3L)	
4	Simara (R/W 19 side)	ATR 42	12.25 m	3º	314.62 m	PAPI (PU3L)	
	Simara (R/W 01 side)	ATR 42	11.25 m	3º	202.69 m	APAPI (PU3L)	
5	Bhairahawa (R/W 10 side)	N/A	N/A	3º	N/A	PAPI (Europhane)	
	Bhairahawa (R/W 28 side)	N/A	N/A	3º	N/A	PAPI (Europhane)	
6	Nepalgunj (R/W 26 side)	ATR 72	14.02 m	3.4º	252.38 m	PAPI (PU3L)	
	Nepalgunj (R/W 08 side)	ATR 72	12.25 m	3º	248.31 m	PAPI (PU3L)	
7	Surkhet (R/W 02 side)	ATR 42	12.25 m	3º	196.07 m	PAPI (PU3L)	
8	Dhangadhi (R/W 09 side)	Fokker-100	14.82 m	3º	301.75 m	PAPI (PU3L)	
	Dhangadhi (R/W27 side)	Fokker-100	14.82 m	3º	310.87 m	PAPI (PU3L)	
9	Tumlingtar (R/W 34 side)	ATR 42	11.70 m	3º	239.15 m	PAPI (PU3L)	

Table-1 : Summary of PAPI/ APAPI installed in different airports of Nepal							
10	Tribhuvan Int'l Airport (R/W-02 Side)	N/A	N/A	3º	N/A	PAPI (Europhane)	in operation (old).
	Tribhuvan Int'l Airport (R/W-02 Side (new))	B777- 300	20.34 m	3º	336.69 m	PAPI (PU3L)	Temporarily installed & will be used only during construction work at Threshold-02.
	Tribhuvan Int'l Airport (R/W-20 Side)	N/A	N/A	3º	N/A	PAPI (Europhane)	in operation (old).
	Tribhuvan Int'l Airport (R/W-20 Side)	B777- 300	20.34 m	3º	409.07 m	PAPI (PU3L)-New	in installation phase, not commissioned
11	Lukla Airport (R/W-06 side)	DHC-6, D0 228	12.04 m	3.5º	71.07 m	**APAPI (PU3L)**	

References:

[1] ICAO Annex 14 Vol-I
[2] Aerodrome Design Manual Part 4, Doc 9157
[3] PAPI Design & Installation data from Electromechanical Department CAAN HQ & TIACAO.

Performance Based Navigation: a Better Option for Enhancing Accessibility to Hilly Airports

Suwarn Raj Upadhyay
Dy. Director, CAAN

Background

Nepal is a mountainous country occupying almost 83% of the land by mountainous and hilly areas. Many of the domestic airports in operation exist in the valleys of such areas. Access to such airports is just the direct VFR tracks. Lack of ground-based navigation aids has caused flight operations much more challenging at such airports. The situation is much more aggravated by bad weather conditions during the rainy seasons.

CAR-2 for 'Rules of the Air' does not allow VFR flights to fly into the clouds. However, it is realized that this rule is not 100% followed, especially during the rainy season. Majority of accidents that have occurred in Nepal are CFIT related accidents, and accident investigation reports revealed that 'VFR flights entering into IMC' in many cases has been found as the primary reason behind such accidents.

Many formal and informal discussions/communications were held among the concerned stakeholders in the past to develop some Performance Based Navigation (PBN) routes up to certain optimum points enroute to enhance the safety of flight operations and to increase the accessibility to the major hilly destinations. This article includes all those concepts in refined form.

Present Challenges of Hilly Airports

Hilly airports having enormous flight potentialities like Jomsom, Lukla, Jumla, Rara, Dolpa and Simikot are situated in the tough terrain environment. Such airports are lacking with ground-based navigation and surveillance facilities.

Besides that, those airports are connected to the major hub airports by the direct VFR routes only. Pilots do not have any opportunity to join protected IFR routes up to certain optimum locations from such destinations.

Because of the above reasons, flight operation during monsoon season to and from such airports are highly challenging. Aircraft in some inadvertent situations when enters the bad weather situations loses the visual references and in worst situation, crashes into the tough terrain resulting into CFIT accidents. This is a bitter truth in our case.

Significance of Performance Based Navigation

PBN is the method of navigation that allows aircraft operation on any desired flight path based on the performance of the aircraft within the coverage of ground- or space-based navigation aids or within the limits of the capability of self-contained aids, or a combination of these.

PBN helps in fulfilling the ICAO Strategic objectives of Airspace Concept such as enhancing safety, increasing ATC and airspace capacity, improving efficiency, enhancing accessibility to the airports and reducing the impact on the environment.

PBN now a days has become the utmost air navigation priority of global aviation communities. Aircraft manufacturers are introducing many new aircraft for industries having capabilities for different PBN operations and therefore, demands for necessary PBN airspace infrastructure have been rising day by day.

PBN can be used in developing efficient air route network. PBN allows different ways to construct most direct routes. As per PBN Manual, Doc 9613, following navigation specifications are used for enroute application:

RNAV 10 (RNP 10)	Oceanic/Remote
RNAV 5	Continental/Enroute
RNP 4	Oceanic/Remote
RNP 2	Continental/Enroute

Among the above specifications, for enroute application like ours, only the specifications that can be suited are either RNAV 5 or RNP 2. CAAN in its PBN Implementation Plan adopted a strategy to apply RNAV 5 specification for the construction of domestic air route network. Some efforts have already been taken place to develop the new domestic routes with RNAV 5 specification as per the plan.

However, ICAO APAC Seamless ATM Plan, V2.0, 2016 has expected that all Contracting States use RNP 2 navigation specification for enroute application in Category S airspace. APANPIRG ATM SG6 meeting as endorsed by the participating States also focuses

on the implementation of the same specification in enroute application. So, keeping in mind the above obligation, Nepal PBN Implementation Plan is to be revised and the existing domestic route structure is to be developed and/or revised accordingly. In doing so, consideration must also be given in enhancing the accessibility to major hilly airports of the country.

Significance of PBN for the betterment of air route network can be understood by the following bullets.

a. PBN routes with appropriate MEA will provide protected airspace for enroute navigation. For this purpose, RNP 2 routes with some protected altitude appropriate for STOL aircraft can be constructed.
b. This type of route provides the opportunity for cloud breaking if aircraft is within the weather and helps in reducing CFIT related accidents.
c. Diversionary or inbound PBN routes having lateral separation with the outbound route can also be developed for the safe and smooth flow of traffic.
d. There is no need of ground-based navigation aids to construct PBN routes based on RNP specification. Waypoints with WGS-84 coordinates of the desired position can be employed to construct such routes.
e. Aircraft having RNP 2 capability flown by appropriately trained pilots will have better access to the airports.
f. Thus, PBN can support enhancement in accessibility to remote airports by developing safe and cloud breaking procedures and by allowing capable aircraft to fly in PBN routes.
g. By doing so, PBN will also support in enhancing safety of aircraft operations to and from such airports.

Recommended Activities

To facilitate flight operation to and from remote hilly airports, by enhancing the accessibility to such airports, appropriate agencies within CAAN must put into effect the following activities:

1. Consult the stakeholders to collect the necessary information such as their needs or views about the ATS route structure.
2. Generate necessary waypoints and construct the preliminary outbound routes from Kathmandu and from some hub airports with appropriate PBN navigation specification, particularly RNP 2, having minimum enroute altitude up to the suitable waypoint appropriate for STOL aircraft operations. This activity shall be repeated until optimum MEA is achieved.
3. Develop similarly the diversionary or inbound routes with optimum MEA so that outbound and inbound or diverted traffic can be handled easily.
4. Name the waypoints and routes with the naming conventions as specified in the CAR-11.
5. Interact with the stakeholders and revise or refine the enroute procedures accordingly.
6. Check, verify and validate the procedure and finalize the whole design document package.
7. Get approval of the whole design document and publish the enroute procedures in AIP Nepal.

But that is not the end. Foremost thing is the aircraft and aircrew qualification to fly such routes. Once STOL aircraft operators and other interested operators get approval for RNP 2 application and when they implement such application, then only the published procedures may start showing the desirable effects in the Aircraft and ATS Operations.

Exemplary Domestic PBN routes

Some examples of PBN routes, particularly RNP 2, for some selective sectors are presented below. They are just the preliminary concept. They can be modified, or other appropriate routes can be developed as per the need, taking into consideration of enroute obstacles and STOL aircraft operations. Approximate values of MEA are presented below based on brief study of the available terrain data. Detail analysis of terrain data and route segments including the turn protection may result in different but more accurate values of MEA.

1. For flights originating from Kathmandu to hilly destinations towards East

a. Construct route T5 connecting Kathmandu-Rumjhatar-Bhojpur and up to specified waypoint WP3.
   - This route facilitates flights to the destinations like Lukla, Phaplu, Lamidanda, Rumjhatar, Bhojpur and Tumlingtar.
   - Develop inbound or diversionary route T6.

b. These routes will allow opportunities for STOL aircraft to fly IFR up to terminating waypoint destined for hilly airports. ATC during IFR Operation, instead of clearing aircraft up to IGRIS, can clear up to the end of the outbound route.

2. For flights originating from Biratnagar to hilly destinations

a. Develop routes T3 and T4 connecting Biratnagar to the specified waypoint WP3 and WP4 respectively which will facilitate flights to Tumlingtar and Bhojpur.
   - These routes may also serve as inbound or diversionary routes for one another.

b. Develop route T1 connecting Biratnagar to WP1 in the North.
   - This route will facilitate flights to Taplejung.
   - Develop inbound or diversionary route T2.

c. ATC during IFR Operation, instead of clearing aircraft, up to ITARI can clear up to the end of the outbound routes.

3. For flights originating from Kathmandu to hilly destinations towards West

a. Convert all three existing Whisky Routes W17, W19 and W41 routes into RNP 2 routes.

b. Construct RNP route T8 from PHR DME up to WP8.
   - This route may facilitate flights to Jomsom.
   - RNP route replacing W41 may facilitate diversionary route to the suitable alternate.

4. For flights originating from Bhairahawa to Pokhara

a. Develop route T13 connecting Bhairahawa, JULET and Pokhara.
   - RNP route replacing W41 may facilitate diversionary route to the suitable alternate.

5. For flights originating from Bharatpur to Pokhara

a. Develop route T9 connecting Bharatpur and Pokhara.
   - RNP route replacing W41 may facilitate diversionary route to the suitable alternate.

6. For flights originating from Nepalgunj to hilly destinations

a. Develop route T14 connecting Nepalgunj with Chaurjhari and beyond up to WP16.
   - This route will serve Chaurjhari, Jumla and Dolpa.
   - Develop diversionary route T15 on Nepalgunj-Salley Track which may also serve above destinations.

b. Develop route T16 connecting Nepalgunj with WP17 in the North.
   - This route will serve Surkhet, Bajura, Simikot and Jumla.
   - Develop diversionary route T17 on Nepalgunj-Sanphebagar Track which will also serve Safebagar and Bajhang airports.

c. ATC during IFR Operation, instead of clearing aircraft up to BABAI, can clear up to the terminating of the outbound route segments.

7. To relieve pilots from maintaining high and single MEA if any, the above routes may further be divided into segments with different MEAs.

8. These routes will allow opportunities for STOL aircraft to fly IFR up to certain specified waypoints, increasing the convenience to fly to hilly destinations and will help them in case of diversions also. By the terminating waypoints of the outbound routes, if weather becomes VMC, aircraft can request for cancelling IFR and maintain VMC till destination airports, otherwise, aircraft can elect one of the appropriate inbound or diversionary routes for the most suitable alternate(s).

9. The network of routes proposed above is just the conceptual one. The concept can be deeply analyzed to explore the better options and necessary modifications can be done.

10. The tabulated list of RNP 2 routes along with conceptual route chart to enhance safety of flights to some major hilly destinations and to enhance accessibility to such airports are given below.

Table. List of Proposed RNP 2 Routes

Sector	Route Naming	Proposed MEA	Remarks
VT-WP2	T1	9000ft	1. Proposed routes can be divided into segments to achieve different MEA for each segment. 2. Proposed routes can be modified to achieve optimum MEA. 3. Waypoints to be named as per CAR-11 requirements. 4. Presented route names are just the examples. Can be named as per CAR-11 and ICAO ICARD guidance.
VT-WP1	T2	9500ft	
VT-WP3	T3	9000ft	
VT-WP5-WP4 (Bhojpur)	T4	9000ft	
KT-WP6 (RT)-WP4-WP3	T5	11500ft	
KT-WP7-WP5	T6	10500ft	
PK-WP8	T8	11500ft	
BW-JULLET-PK	T13	8500ft	
BP-PK	T9	7500ft	
NG-CJ-WP16	T14	11500ft	
NG-SL-WP15	T15	11000ft	
NG-WP17	T16	12500ft	
NG-WP18	T17	10000ft	

Conceptual RNP 2 Route Chart



उड्डयन क्षेत्रमा खेलकुद क्रियाकलापको महत्व

सन्तुष्ट कुमार बस्नेत
उपनिर्देशक, ने.ना.उ.प्रा

खेल त्यो हो जसले शारिरिक तन्दुरुस्ती र मानशिक तनाबलाई कम गरि शरीरलाई स्फूर्ति दिलाउछ । खेलले अनुशासन र आचरण सिकाउछ। यसले हत्या हिंसा गर्न जोगाउदै त्यस्ता उछृंखल भावना ल्याउन नदिई सरल सक्षम मानब बन्न सिकाउदछ। ठूलालाई आदर र सानालाई मायाँ गर्न अनि दुःखमा नआत्तिन र सुखमा नमात्तिइ धैर्य र शान्त रहने भावनाको विकास गराउँदछ । भनिन्छ खेल मानव जीवनशैलीको मापन पनि हो । आज बिश्वमा खेलकुद क्रियाकलापलाई मन नपराउने विरलै होलान । यसैको माध्यमबाट विश्व एक गाँउ बनेको छ। फेरी उड्डयन क्षेत्र त झन् यस्तो विधा हो जुन वास्तबमै विश्वको सर्वाधिक गतिशिल, उच्च प्राविधिक युक्त अत्यन्तै खर्चिलो, संवेदनशिल तथा अन्तराष्ट्रिय प्रकृतिको हवाई उड्ययनलाई सुरक्षित, नियमित, छरितो र भरपर्दो बनाउने कार्यमा तल्लीन नागरिक उड्डयनका कर्मचारीहरु सदैव सवल र निरोगी हुनु जरुरी हुन्छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले पनि खेलकुद क्रियाकलापको महत्वलाई आत्मसात गर्दै नागरिक उड्डयन खेलकुद क्लब सम्बन्धी निर्देशिका, २०६९ जारी गरेको छ । जसमा उल्लेखित प्रस्तावना तथा काम, कर्तब्य र अधिकार देहाय बमोजिम उल्लेख गरिएको छ।

प्रस्तावना

नेपाल नागरिक उड्डयन् प्राधिकरणमा कार्यरत विभिन्न सेवा, समुह, उपसमुहका कर्मचारीहरुलाई खेलकुद लगायत अन्य अतिरिक्त क्रियाकलापको माध्यमबाट शारीरिक एबं मानसिक रुपमा चुस्त दुरुस्त राख्न, कर्मचारीहरु वीच एकता भाइचारा र आत्मीयताको भावनाको विकास गर्न, विभिन्न वायुसेवा कम्पनी, संघ संस्था र प्राधिकरण वीच रही आएको सौहार्दपूर्ण एबं सुमधुर सम्बन्धलाई प्रगाढ गरी प्राधिकरणलाई सबल सुदृढ संस्थाको रुपमा विकसित गर्न एक खेलकुद क्लवको स्थापना गर्न आबश्यक भएकोले ने.ना.उ.प्रा.ऐन, २०५३ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले नागरिक उड्डयन खेलकुद क्लवको संचालन तथा ब्यबस्थापन निर्देशिका जारी गरेको छ।

✓ त्यस्तो निर्देशिकाको पालन गर्न सम्बन्धित सबैको कर्तब्य हुनेछ।

काम, कर्तब्य र अधिकार

१. कार्यसमितिले आफ्नो उद्देश्य पुरा गर्न प्रचलित ऐन, नियम एबं प्राधिकरणको नियम निर्देशनको परिधि भित्र रही विभिन्न प्रकारका Indoor तथा Outdoor का खेलकुद गतिबिधि एबं अन्य क्रियाकलापहरु आयोजना एबं संचालन गर्ने ।

२. कर्मचारीहरु वीच खेलकुद गतिबिधि प्रति अभिरुची जगाई खेलकुद कार्यक्रममा बढि भन्दा बढि सहभागीता बढाउने ।

३. कर्मचारीहरु वीच खेलको माध्यमबाट आपसी सहयोग, मित्रता, एकता एबं आत्मीयता जगाउन प्रयत्नशिल रहने ।

४. प्राधिकरणको बार्षिक उत्सब लगायत अन्य अवसरहरुमा विभिन्न खेलकुद र अतिरिक्त क्रियाकलापहरु संचालन ब्यबस्थापन एबं आयोजना गर्ने ।

५. अन्तरसंस्थान, अन्य सरकारी एबं गैर सरकारी संघ संस्थाहरुले आयोजना गरेको खेदकुद एबं अतिरिक्त क्रियाकलापहरुमा प्राधिकरणको तर्फबाट सहभागीता जनाई प्राधिकरणको छबी उच्च बनाउन प्रयत्न गर्ने ।

६. आफैले पनि अन्तरसंस्थान, वायुसेवा कम्पनी, संघ-संस्था विच खेलकुद प्रतियोगीताहरु आयोजना गराउने ।

७. खेलकुदको लागी पुर्वाधार तयार गर्ने, तिनको संरक्षण, संम्बर्द्धन एबं मर्मत सम्भार गर्ने गराउने ।

८. हाजीरी जबाफ, निबन्ध प्रतियोगीता, कविता प्रतियोगीता, रक्तदान, पर्यटन प्रबद्धन हुने अन्य किसिमका गतिविधिहरु संचालन गर्ने ।

९. कर्मचारीहरुका शारीरिक तथा मानसिक तन्दुरुस्तका लागी समय समयमा योग शिविर, जीमखाना संचालन गर्ने ।

१०. प्राधिकरण एबं बायुसेवा कम्पनीका ब्यबस्थापक एबं Executive Level का पदाधिकारी बीच विभिन्न खेलकुद तथा अन्य कार्यक्रमहरु गरी सम्बन्ध सुमधुर बनाउन विभिन्न किसिमका गतिबिधिहरु संचालन गर्ने ।

११. प्रतियोगीताका बिजेताहरुलाई उचित प्रमाण पत्र, पुरस्कार तथा पदकको ब्यबस्था गर्ने ।

क्लवको गतिबिधि

प्रारम्भमा खेलकुद क्रियाकलाप प्राधिकरणको वार्षिकोत्सबको

समयमा मात्र सकृय भै विभिन्न कार्यक्रमहरु गरिदै आए पनि पछिल्लो चरणमा आएर अन्तर संस्थान प्रतियोगितामा समेत खेलाडीहरु सहभागी भै उनीहरुले उत्कृष्ट प्रदर्शन गर्दै आएका छन् । विगतमा सेफ्टी अफिसको उबढ खावड प्रांगनमा डोरीको नेट टाँगी ब्याडमिन्टन खेलिन्थ्यो भने हाल आएर एक नागरिक उड्डयन खेलकुद क्लब कै रुपमा विकसित हुन गयो । यस क्लवको संरक्षकको रुपमा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकज्यू, त्यसै गरि प्रशिक्षण प्रतिष्ठान प्रमुख सहसंरक्षकको रुपमा रहि प्रथम खेलकुद क्लवका अध्यक्ष श्री कृष्ण बहादुर थापा, दोश्रो कार्य समितिका अध्यक्ष श्री जगन्नाथ निरौलाले यस क्लबलाई गतिशिलता दिनुभयो । तेश्रो कार्यकालमा पुनः श्री कृष्ण बहादुर थापा हुदै चौथो वर्तमान कार्यसमितिको अध्यक्षमा म उपनिर्देशक सन्तुष्ट कुमार बस्नेत, उपाध्यक्ष दिप्ता पौड्याल, सदस्यहरु-लेखनाथ सुबेदी, अस्मीता सुब्बा, पुष्पराज न्यौपाने, प्रज्वल दुंगाना, अमर पोखरेल, सन्तोष अवाले, मनोज बुढाथोकी, जंग पुर्कुटी र सदस्य सचिव उद्व फुयाल समेत ११ जना रहेको छ । खेलकुद क्लबको स्थापना भैसके पछि प्रशिक्षण प्रतिष्ठानको परिशरमा ब्याडमिन्टन कभर्डहल, टेबलटेनिस लगायत अफिसकोठाहरु निर्माण गरिएको थियो । त्रि.अ.वि.आधुनिकरण विस्तार तथा निर्माणले प्रतिष्ठानको भवन संगै कभडहलमा समेत क्षति पुग्न गयो । तत्पश्चात एकेडेमीको सम्पूर्ण काम कारबाही गट्ठाघरमा सर्न गयो भने खेलकुद क्लबको अस्तीत्व न घर न घाटको हुन पुग्यो । यसको नत कुनै खेलकुद पूर्वाधार छ, न कतै यसको लागि जग्गा निर्धारण गरिएको छ । हुँदा हुँदा खेलकुद क्लवको अफिस कोठा समेत नभएको अवस्था छ । शून्यबाट सुरु भएको खेलकुद पुर्वाधार शून्यमै आइपुगेको स्थिति छ । यस्तो चुनौती नै चुनौतीको बीचमा प्राधिकरणको बार्षिकोत्सबको मुखमा हामीलाई यस क्लबको कार्यभार सुम्पने सुवर्ण मौका प्राप्त भयो । कार्यसमितिमा सबै पेशागत संघ संगठनबाट मनोनयन भै आएका खेलाडीहरु भएकोले खेलको विशेषता नै चुनौतीलाई स्वीकार गरि परिणाम मुखी बनाउनु हो भन्ने जानकार भएकोले नै होला सायद काम गर्न कुनै असहज भएन । संरक्षक महानिर्देशक, सहसंरक्षक प्रशिक्षण प्रतिष्ठान प्रमुखको प्रत्यक्ष सहयोग, सल्लाह, सुझाब र निर्देशनले हामीलाइ प्रेरणा मिलेको छ । त्रि.अ.वि.ना.उ.का.का महाप्रबन्धक लगायत युनियनका साथीहरुको सहयोगमा यूनियनहल भित्र रहेको कोठा मर्मत सम्भार गरी खेलकुद क्लबलाई अस्थायी प्रयोजनार्थ आवश्यक सरसामान सहित प्राप्त भयो । त्यही हलबाट टिटि खेलको आरम्भ गरि बाहिर चोरमा भलिबल खेलबाट खेलको समापन गरिने निधो गरियो ।

वर्तमान कार्यसमितिले प्राधिकरणको बार्षिकोत्सबको बेला मात्र सकृय नभई दीर्घकालीन रुपमा सम्पूर्ण बहालवाला तथा सेवा निवृत प्राधिकरणका कर्मचारीहरुको स्वास्थ्य लाभ कसरी गर्न सकिन्छ भनी स्थायीत्व हुने गरि खेलकुद पूर्बाधार बनाउनु पर्ने अबधारणा अगाडी बढाइएको छ । पूर्वाधार कस्तो बनाउने ? कहाँ बनाउने त ? कुन कुन खेललाई समाबेस गर्ने ? प्रश्नै प्रश्न भित्रको परिकल्पना यस्तो रहेको छ -

१. एउटा बहुद्देश्यीय कभर्डहल जहाँ कम्तिमा ३ वटा ब्याडमिन्टन कोर्ट होस जसको दुबै साइडमा प्याराफीट, अगाडी स्टेज अनि कसैले पनि खेल खेल्नको लागी लामो समय सम्म पालो कुर्न नपरोस भने प्राधिकरणको बार्षिकोत्सब लगायत अन्य ठूला ठूला कार्यक्रमहरु पनि यसै हलमा सम्पन्न गर्न सकियोस ।

२. एउटा सुन्दर पक्की भवन होस जस भित्र स्नूकर/विलियार्ड तथा टेबल टेनिसको बोर्ड कम्तीमा २/२ सेट हुन, माथिल्लो तल्लामा योगाहल, जीमखाना, म्यूजीक रुम साथै एभिएसन लाइब्रेरी, सभा सेमीनार हल लगायत अफिस, स्टोर रुम, साउना/सावर एबं बाथरुम आदिको ब्यबस्था होस ।

३. फायर लगायत अन्य कर्मचारीहरुको लागी ज्यादै उपयोगी हुने फुटसल कभर्डहल यसैको प्रांगनमा बनोस ।

४. भलिबल, बास्केटबल, लङ्गटेनिसको साथै अन्तराष्ट्रिय स्तरका स्वीमिङ्ग पुल र फुटबल मैदानको निर्माण होस जहाँ खेलकुदको क्षेत्रमा समेत दोश्रो विकल्पको रुपमा प्राधिकरण हुनेछ ।

५. सुरक्षाको लागी सेक्यूरिटि भवन सहित गार्डको ब्यबस्था, ब्यबस्थापनको लागी आवश्यक कर्मचारीहरु, उच्चकोटीको क्याफ्टेरीया, पार्किङ्ग तथा पेरिफेरि रोडको राम्रो प्रवन्ध होस ।

यस्ता किसिमका खेलकुद पुर्वाधारहरुबाट प्राधिकरणका तीनै वटा क्षेत्रहरु सकृय हुनेछन् –

क. कर्मचारीहरुको शारीरिक तथा मानसिक स्वास्थ्य लाभ हुने ।

ख. प्राधिकरणको नाम, इज्जत र प्रतिष्ठा बढ्ने ।

ग. प्राधिकरणको आम्दानीमा बृद्धि हुने ।

यसरी दिर्घकालिन रुपमा खेलकुद क्लबको लागी जग्गाको पहिचान गर्ने क्रममा नागरिक उड्डयन प्राधिकरणमा कार्यरत विभिन्न तह र तप्काका कर्मचारीहरुको पहुच योग्य स्थान र अधिकांस कर्मचारीहरुले दिएको राय, सल्लाह र सुझावहरुको आधार यस प्रकार थियो प्राथमिकता क्रम-

१. सिनामंगल आयोजना परिसर

२. कार्गो विल्डंगको दक्षिण तिर

३. धाबणमार्गको पूर्बीतिर पेप्सी एरियामा

४. नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, गट्ठाघर

वास्तवमा सुनेको, देखेको र भोगेको कुरामा आकास जमीनको फरक हुन्छ भन्थे हो रहेछ । प्राथमिकता क्रमको कुरा गर्दा नम्बर १-सिनामंगल आयोजना परिसरमा पुगियो । त्यस क्षेत्रमा भएका

जग्गाहरु मध्ये पाँचतारे होटल, एभिएशन म्यूजीयम, स.उ.स. विभाग, अस्थायी टहरा तथा स्टोर, आयोजनाको अफीस, शसस्त्र प्रहरी बल अनि केएमसी अस्पतालले पार्किङ्गको रुपमा उपभोग गरेको देखियो । दोश्रो र तेश्रो विकल्पमा विमानस्थल स्तरोन्नती गर्दा माष्टर प्लानमा सबै Occupied हुने पाइयो । अन्तिम विकल्प प्रशिक्षण प्रतिष्ठानमा टाडै भए पनि सबै खेलकुद पूर्वाधारहरु एकै ठाँउमा बनाउन सकिन्छ भनि ढुक्क भएका थियौ विडम्बना प्रतिष्ठान प्रशिक्षणको आफ्नै भवन पनि कता जाने हो भन्ने हल्ला समाचारमा आएकोले निराशाजनक अवस्था देखा पर्न गयो ।

यदि साँच्चै नै स्थायी रुपमा कतै पनि खेलकुद क्रियाकलापको लागी जग्गा यकिन गरी खेलकुद पुर्वाधार बनाउन सकिएन भने क्लबको अस्तीत्व नै एकदिन पूर्ण रुपमा नष्ट भएर जाने सम्भावना देखिन्छ । हामी पुनः विकल्पको खोजीमा आदरणिय प्रतिष्ठान प्रमुख श्री देबेन्द्र के.सी.ज्यू सहित आयोजना परिसर सिनामंगलमा स्थलगत निरीक्षण गरि Aviation Museum को पश्चिम पट्टीको करीब ५ रोपनी तारबारले घेरेको प्रयोग विहिन अवस्थाको जग्गा फेला पारी श्रीमान् महानिर्देशकज्यूसंग कुरा गर्दा उहाँ ज्यादै सकरात्मक हुनु भयो । तत्पश्चात ५ वटै युनियनका पदाधिकारीहरु र ६ वटै पेशागत संघ संगठनका साथीहरु सहित क्लबको संयुक्त मिटिङ्गमा एकमात्र एजेण्डाको रुपमा खेलकुद क्रियाकलापको लागी उक्त जग्गाको बारेमा छलफल गर्दा सबैले मन पराई श्रीमान् महानिर्देशकज्यू समक्ष अनुरोध गर्ने भनी सर्वसम्मतीबाट निर्णय गरियो ।



उक्त बैठकको निर्णयको फोटोकपी सहित सहसंरक्षकज्यू मार्फत संरक्षकज्यूलाई अनुरोध सहित २०७५।७।२६गते प्रधान कार्यालयमा प्रस्ताप दर्ता गराईयो । श्रीमान् महानिर्देशकज्यू लगायत सम्पूर्ण ब्यबस्थापनका सरहरु सकरात्मक हुनुभएकोले उक्त प्रस्ताव उपर क्लवको लागी जग्गा आवश्यक खेलकुद पूर्वाधार बनाउन मिति २०७५।८।१७ गते ऐतिहासिक निर्णय भएको छ ।

क्लबको दायरालाई सिमित क्षेत्रमा मात्र राख्ने हाम्रो भिजन, मिसन थिएन र हुदैन पनि । त्यसैले हामी प्राधिकरणको क्षेत्राधिकार भित्र रहेका विभिन्न ठाउँमा छरिएर रही प्रयोग बिहिन अवस्थाका जग्गाहरुको अवलोकन गर्ने क्रममा ठेचो र नलिनचोकमा पुगेका थियौं । अवलोकन पश्चात ठेचोमा Aviation Hospital को परिकल्पना गरि जहाँ लाइसेन्स होल्डर एभिएशनकर्मीहरुले नियमानुसार आफूले अनिवार्य रुपमा मेडिकल चेकअप (Class-1, Class-2, Class-3) गराउनु पर्ने प्रावधान छ, सो कुरालाइ एकैठाँउबाट गराउन सकिने जसबाट लाइसेन्स होल्डरको समय बचत मात्र होइन गुणस्तर मेडिकल चेकअप समेत हुने । सहज रुपमा इमरजेन्सी सेवा उपलब्ध गराउन सकिने साथै प्राधिकरणका कर्मचारीहरुलाई विरामी पर्दा सहुलियत तथा भरपर्दो उपचार सुविधा पनि दिलाउन सकिने । त्यसै गरि नलिनचोकमा Aviation College तथा University खोल्न सकिने जसमा Theory of Flight, Air Navigation , Rules of The Air, Air Traffic Services लगायत विभिन्न एभिएशन सम्बन्धित विषय समेत समावेश राखी पढाई गराउन सकिने । यसबाट एभिएशन प्रति सबैको चासो बढ्न सक्नेछ भने कर्मचारीहरुका सन्ततीले सहुलियत दरमा उच्चस्तरको शिक्षा आर्जन गर्न सक्नेछन् ।

प्राधिकरण जनतालाई हवाई सेवा दिई आफ्नो लागी आफैले Aeronatutical तथा Non Aeronautical कमाई गरि बाच्नु पर्ने अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो । आर्मी, पुलिस, सशस्त्रबल लगायत अन्य निकायहरुले पनि आफ्नै स्कूल, कलेज, अस्पताल लगायत क्लब संचालन गरि कर्मचारीहरुलाइ सेवा तथा सुविधा दिदै सर्वसाधरणलाई समेत उच्च गुणस्तरीय सेवा दिइ आर्थिक लाभ पनि गरेको पाइएकोले प्राधिकरणले त झन् स्वआर्जन गरि सुरक्षित तथा भरपर्दो हवाई संचालन गर्नु पर्ने भएको हुदा यस प्रति सबैको ध्याननकर्षण आवश्यक देखिन्छ। कर्मचारी कल्याणकोषको सहयोग र सहकार्यमा प्राधिकरणकै ब्यबस्थापनमा रहि उच्च छवि बनाई अनुभवि र केही गरु भन्ने इच्छा शक्ति भएका अवकास प्राप्त ब्यक्तित्वहरुबाट संचालन-ब्यवस्थापन गर्न सकिने । संपूर्ण योजनाहरु हामीले उच्च ओहोदामा आसिन सम्पूर्ण सरहरु समक्ष प्रस्ताव राखिदा मिश्रित प्रतिक्रिया प्राप्त भएको अवस्था छ ।

महत्व

वास्तवमा Stress तथा Fatigue Management बन्दकोठामा Theory पढाएर मात्र Relief हुने कुरा होइन । राम्रो तलव, भत्ता, सुविधा एबं बैदेसिक यात्राले क्षणिक सन्तुष्टी दिलाउछ भने शारीरिक तथा मानशिक कसरतले निरागी भइ जीवनभर पूर्ण सन्तुष्टी प्राप्त गराउदछ । धन, बल र शक्तिले स्वस्थ्य किन्न पनि सकिदैन । स्वस्थ्य केबल शारीरिक कसरत, योग ,ध्यान, प्रणायाम, प्राकृतिक आहार, विहार, सकरात्मक सोचाई, संगीत एबं मनोरन्जनात्मक क्रियाकलापहरु आदिले मात्र सम्भव छ । बाहिरी सरसफाई गर्न जति सजिलो छ भित्री सरसफाइ गर्न त्यति सहज छैन । शरीरमा भएका विजातीय तत्वलाई खेलकुद क्रियाकलाप एबं षटकर्मको

माध्यमबाट बाहिर निकाल्न सकिन्छ। भनिन्छ रोग लागेपछी उपचार गर्नु भन्दा रोग नै लाग्न नदिनु उत्तम हन्छ। उड्ययन क्षेत्रमा जहिले पनि उच्च मनोबल , पूर्ण सन्तुष्टी, सकरात्मक सोचाइको साथै सदा शारीरिक तन्दुरुस्ती भै रहनु पर्ने भएकोले खेलकुद क्रियाकलाप उडड्यन क्षेत्रमा ज्यादै महत्वपूर्ण छ।

साच्चै भन्ने हो भने हामी आफ्नो स्वास्थ्य प्रति त्यति ध्यान दिदैनौ। करोडौ लगानी गरेर घर बनाउछौ तर घरमा आफु लगायत परिवारको लागी शारिरिक कसरत गर्नको लागी एउटा कोठा समेत छुट्याउदैनौ। त्यस्तै कार्यालयमा समग्र कर्मचारीहरुको लागी Cardio Exercise आवश्यक देखिन्छ। त्यसैले प्रत्येक कार्यालयहरुमा कम्तीमा २ ओटा कोठाहरु जसमध्ये एउटा कोठा Cardio Exercise तथा Relaxation को लागी र अर्को कोठा Indoor Game (जस्तै टिटि, स्नूकर, विलियार्ड आदि) को लागी ब्यबस्था हुनु जरुरी छ। सबै विमानस्थल परिसरमा यस्तो ब्यबस्था भै दिए स्ट्रेस तथा थकानको वखत विमानचालकले समेत आवश्यक पर्दा उपभोग गर्न सक्ने छन् जसवाट यात्रु तथा विमान सुरक्षामा समेत लाभदायक हुन सक्छ। नेपाल नागरिक उड्डयन प्राधिकरणमा विभिन्न सेवा, समूह, उपसमूहमा कार्यरत कर्मचारीहरु हवाई संचार संचालनका क्रममा अत्याधिक रेडियसन सहन गर्नु पर्ने वाध्यता, अन्यन्तै स्ट्रेसमा रहि हवाई सेवा संचालन गर्नु पर्ने परिस्थीति, आपतकालिन अवस्थालाई मध्यनजर गर्दै शारीरिक रुपमा सुगठित भइ हरहमेसा सकृय रहनु पर्ने कर्तब्य, यी यावद कुराको लागी Physical Fitness एकदमै अपरिहार्य भएकोले हरेक विमानस्थलहरुमा विमानस्थल निर्माण कै क्रममा तथा निर्माण भै सकेका विमानस्थलहरुमा पनि सुविधायुक्त खेलकुद क्रियाकलापको लागी दीर्घकालीन रुपमा खेलकुद पूर्वाधार सहित हुने गरि Policy Level बाटै यसको ब्यबस्था हुन आवश्यक देखिन्छ।

अन्तमा

प्रत्येक ब्यक्तिले कुनै न कुनै रुपमा शारीरिक कसरत त गरिरहेकै हुन्छन्। अधिकांस मानिस हामी यस प्रति सचेत नै छौ ता पनि हामीले देखेको भोगेको कुरा के छ भने जो यस प्रति नकरात्मक दृष्टिले हेर्छ, कुनै पनि खेलकुद क्रियाकलापहरुमा सहभागी हुदैन भने त्यस्ता ब्यक्ति सधै आफु पनि तनावमा हुन्छ अरुलाइ पनि तनाब दिन्छ। आफ्नो फाइदा मात्र हेर्ने ,आफ्नो कुरामात्र ठिक ठान्ने , समूहमा मिल्न नसक्ने एबं स्वार्थी स्वभाबका हुन्छन् जुन संस्थाको लागी त्यति राम्रो मानिदैन। खेलले प्रतिष्पर्धामा सहभागी भै रहने हुँदा जितहारको कुरा स्वभाविक रुपमा लिने बानी बसाउछ। समूहमा काम गर्न सिकाउछ साथै मनोबल एबं आत्माविश्वास बढाइ काम गर्ने हौसला समेत प्रदान गराउदछ। खेलकुद जसले बुझेको छ उसले खेलकुद क्रियाकलापलाई शरीरको महत्वपूर्ण अंग, प्राणवायु अक्सीजन, जीवनको सहारा सम्झन्छ । यसको नत कुनै जात छ ,न कुनै धर्म या भाषा। न धनी न गरिब, न तहगत विभेद। छ त केबल माया, ममता, एकता, भाइचारा, शारीरिक एबं मानशिक तन्दुरुस्तता, संस्था प्रति इमान्दारिता, बफादारिता एबं कर्तब्यपरायणता । धन्यवाद।

समाप्त

हवाई पूर्वाधारमा किन पछि पऱ्यौ ?

नबीन प्रसाद आचार्य
उपनिर्देशक, ने.ना.उ.प्रा

पृष्ठभुमी :

बि.सं.२००६ सालमा काठमाडौको गौचरमा ४ सिटे सानो विमान अबतरण गरे पश्चात शुरु भएको हाम्रो हवाई सेवाको इतिहास आज २०७५ साल सम्म आइपुग्दा ६९ बर्ष पुरा भै सकेको छ। त्यसो त अमेरिकाका राइट ब्रर्दसले सन् १९०३ मा पहिलो पटक विमान उडाएर शुरु गरेको हवाई जहाजको इतिहासको ११५ बर्ष भै सकेको छ। यस अवधिमा विमानहरुको बनावट र प्रबिधिहरुमा धेरै विकास भै सकेका छन्। यसै कारणले गर्दा बिश्वको कुना कुनामा पनि सहज रुपमा आवतजावत गर्न सम्भब भएको छ। यसरी हवाई जहाजहरुको निर्माण र प्रबिधिको विकाससंगै अर्न्तराष्ट्रिय हवाई सेवाको बिस्तार नभैदिएको भए, आजको द्रुत आर्थिक विकास, पर्यटन विस्तार र बिश्वको सबै भागहरुमा व्यक्ति र राष्ट्र-राष्ट्र बिचको पहुँच र सम्बन्धको बिस्तार यती सहज रुपमा हुने थिएन।

नेपालमा हवाई सेवा :

नेपालमा हवाई सेवाको विकासको कुरा गर्दा नेपाल एयरलाइन्सको भूमिका अगाडी आउछ। २०१५ सालमा स्थापना भएको नेपाल एयरलाईन्स २०७५ सालसम्म आइपुग्दा ६० बर्ष भै सकेको छ। हालै मात्र दुईवटा एयरबस ३३०-२०० सेरिजको विमान खरिद गरेर अन्तर्राष्ट्रिय उडानतर्फ आफ्नो संजाल बढाएको हाम्रो देशको एयरलाइन्सले नयाँ एयरबस भित्र्याएको महिनौ भै सक्दा पनि आन्तरिक बिबादको साथै अर्न्तराष्ट्रिय सेवा बिस्तारको चाजोपाजो मिलाउन नसक्दा नयाँ भित्रिएका विमानहरुलाई पूर्ण रुपमा संचालनमा ल्याउन सकेको छैन। बिश्व भरनै हवाई यातायातको क्षेत्रमा भएको तिब्र बृद्धिसंगै सन् १९८० देखिनै बिभिन्न देशहरुले खुल्ला आकास तथा बजार नीति अवलम्बन गरी एकअर्को देशसंग हवाई सम्झौता गर्दै अन्तर्राष्ट्रिय हवाई सेवाको बिस्तार गरे। नेपालले पनि सन् १९९२ मा खुल्ला आकाश नीति अबलम्बन गरे पश्चात बिभिन्न मुलुकहरुसंग हवाई सम्झौता हुदै गयो। यस अनुसार आजसम्म ३८ मुलुकहरुसंग हवाई सेवा संझौता भई सकेको छ। हाम्रो देशमा सन् १९९२ पश्चात खुल्ला आकाश नीतिसंगै हवाई सेवामा निजी वायुसेवा कम्पनीहरु आउन थाले। आन्तरिक तर्फ सन् १९९६ मा स्थापना भएको बुद्ध एयर र सन् १९९८ देखि संचालनमा रहेको यति एयरलाईन्सले निरन्तर रुपमा सेवा संचालन गर्दै आन्तरिक तर्फको हवाई यातायात सेवा संचालनमा महत्वपुर्ण योगदान पुरयाएका छन्। सन् १९९२ पश्चात आन्तरिक तर्फ निजी वायुसेवा कम्पनीहरु स्थापना हुने, केही बर्ष संचालन हुने र त्यसपछि बन्द हुने क्रम चलि रहयो। ठुलो पुँजी, उच्चप्रबिधि र कुशल व्यवस्थापनको आवश्यकता पर्ने हवाई सेवामा आन्तरिक तर्फका नेकोन एयर, नेपाल एयरवेज, एभरेष्ट एयर, कस्मिक एयर तथा अग्नि एयर जस्ता निजी बायुसेवा कम्पनीहरु लामो समय टिक्न सकेनन् र बन्द भए। हाल आन्तरिक तर्फ १० वटा निजी बायुसेवा कम्पनीहरु रहेका छन्। त्यस्तै हेलिकप्टर तर्फ ९ वटा कम्पनीहरु संचालनमा छन्। हेलिकप्टर कम्पनीहरुले पनि खोज तथा उद्धार, पर्यटन, विकास निर्माण लगायत आर्थिक क्षेत्रको विकासमा योगदान पुरयाएका छन्। अन्तर्राष्ट्रिय उडान तर्फ नेपालका एयरलाईन्सहरुमा बुद्ध एयरबाट भारतको केही शहरमा भईरहेको उडानहरुको अतिरिक्त, काठमाडौलाई अधार बनाएर २०१६ देखि संचालनमा रहेको तिब्बत एयर र यति एयरलाइन्स ग्रुपको संयुक्त लगानीमा संचालनमा रहेको हिमालय एयरलाईन्स र नेपालको ध्वजाबाहक नेपाल एयरलाईन्स रहेका छन्। अन्य देशहरुको दाँजोमा हाम्रो देशको हवाई सेवाको विकास ज्यादै सुस्त रुपमा अघि बढेको देखिन्छ। नेपाल एयरलाईन्स भन्दा दुई बर्ष पछि सन् १९६० देखि सेवा संचालन गरेको एसियन मुलुकहरुका थाई एयरवेज, सन् १९७२ देखि सेवा बिस्तार गरेको सिंगापुर एयरलाईन्स, सन् १९८५ पछि बिस्तार भएको इमिरेटस् एयर तथा १९९४ पछि संचालनमा आएको कतार एयरवेजको बिश्वव्यापी सन्जालसंग नेपाल एयरलाइन्सलाई दाँज्दा हाम्रो अबस्था कमजोर र हामी पछि परेको यथार्थ हो।

हवाई पूर्वाधारहरुको अवस्था:

हवाई सेवाको विकास र बिस्तारका लागि आवश्यक पर्ने पूर्वाधार हरुको निमार्ण हुनु अति जरुरी हुन्छ। जलमार्गबाट बन्चित नेपालमा पर्यटन विकास र आर्थिक सम्पन्नताको लागि हवाई यातायात क्षेत्रको विकास हुनु जरुरी थियो। तर बिगतमा पुर्वाधारहरुको विकास र बिस्तार तर्फ ज्यादै सुस्त गतिमा कामहरु भए। हवाई ट्राफिकको बृद्धिको दाजोमा बिगत १० बर्षदेखि हाम्रो एकमात्र अर्न्तराष्ट्रिय विमानस्थलमा क्षमता विस्तारको कार्यहरु ज्यादै सुस्त

गतिमा रहयो । दक्षिण एशियाका मूलुकहरुले हवाई पुर्वाधारमा गरेको विकाससंग दाँज्दा हामी पछाडि परेका छौं । भारतको इन्दिरा गान्धि अन्तर्राष्ट्रिय विमानस्थलको बार्षिक ७ करोड हवाई यात्रु क्षमता रहेको सुबिधा सम्पन्न विमानस्थल को त कुरा छाडौ, हाम्रो विमानस्थल बंगलादेश र श्रीलङ्काको अन्तर्राष्ट्रिय विमानस्थलको दाँजोमा पनि पूर्वाधार निर्माणको कार्यमा पछाडि पर्‍यो ।

आजका अन्तर्राष्ट्रिय विमानस्थलहरु विमानहरुको उडान र अवतरण गर्ने स्थानको रुपमा मात्र सिमित भएका छैनन् । विमानस्थल क्षेत्रभित्र हवाई यात्रुले मात्र आवतजावत गर्ने नभई सर्बसाधरणहरुको ठुलो उपस्थिति हुने गरेको छ । विमानस्थल क्षेत्रभित्र ब्यापारिक मल, होटलहरु र थुप्रै आर्थिक कारोबारका गतिबिधिहरु हुने गरेका छन् । यसको उदाहरणको लागि जर्जर मरभुमिमा झण्डै १० बर्ष लगाएर बनाएको २२ बर्ग किलोमिटरमा फैलिएको कतारको हमाद अन्तर्राष्ट्रिय विमानस्थल र युनाइटेड अरब इमिरेट्सको दुबाई अन्तर्राष्ट्रिय विमानस्थललाई हेर्न सकिन्छ । १२ बर्ग किलोमिटरमा फैलिएको दुबई एयरपोर्टले मात्र ९० हजार जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको र यो रोजगारी युनाईटेड अरबको कुल रोजगारीको २१ प्रतिशत भएको बताइएको छ ।

बाहिरी संसारमा विमानस्थल क्षेत्रको पूर्वाधारहरुमा तिब्ररुपमा विकास भैरहदा हामी चाँही जहाँको त्यहीं भयौ । हवाई पुर्बाधारको निर्माण गर्दा कुन कुरालाई प्राथमिकता दिने हो त्यसमा बिचार पुर्‍याउनु पर्ने देखिन्छ । अन्य देशहरुले समुन्द्रलाई पुरेर ठुलो क्षेत्रमा आर्थिक गतिबिधिको केन्द्रको रुपमा विमानस्थललाई विस्तार गरिरहँदा हामीले चाँहि हाम्रो एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्र भित्रको वारीपारी रहेको खालि घासे जमिनलाई सम्याएर पर्याप्त मात्रामा विमानहरुको लागि पार्किङ्ग स्थल समेत बनाउन सकेनौ । आजकाल पार्किङ्गस्थल नपुग भएकै कारणले विमानहरु आकासमा होल्डिङ्गमा परिरहेका छन् र पार्किङ्ग स्थल नभएर काठमाडौमा अवतरण गर्न नपाई डाईभर्ट समेत हुने गरेका छन् । यसरी आकासमा विमानहरु होल्डिङ्गमा पर्दा वायुमण्डल प्रदुषण लगायत एयरलाईन्सहरुले लाखौको घाटा व्यहोरिरहेका छन् । धावन मार्ग पुरानो भई ठुला विमानहरुको चापको कारणले बिग्रेर दिनहुँ जसो मर्मत गर्नुपर्ने र टर्मिनल भवन साँघुरो भएकोले हुने भिड्भाड्ले यात्रुहरुलाई हैरानी, ढिलाई र अस्तव्यस्तको अवस्था छ ।

हवाई पुर्वाधारमा पछि पर्नाको कारण विगतको अस्थीर सरकार, बजेटको अभाव, कर्मचारीको काम गर्ने प्रणाली, र राजनैतिक हस्तक्षेपले हो भनिन्छ । सबै संरचनाहरुको निमार्णको लागि एकै पटक काम शुरुगर्ने र सबै संरचनाहरु योजनाहरु समयमा पुरा नभई लथालिङ्ग अबस्थामा रहने गरेकाछन् । पूर्वाधारहरुको निर्माण गर्दा, कुन चाँहि सबभन्दा महत्व र जरुरीको छ त्यसमा केन्द्रित हुनुपर्दछ । जस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको लागि आजको दिनमा धावन मार्गको निर्माण र पार्किङ्ग स्थल अभाब छ भने यसमा केन्द्रित भएर बजेट बिनियोजन गर्न र तोकिएको समयमा जसरी पनि कार्य सम्पन्न गरी छाडने सामुहिक प्रतिबद्धता हुनु पर्दछ । नेपालले विमानस्थल टर्मिनल भवन निर्माण बिस्तार गर्दा सिंगापुर र दुबईको नक्कल गरेर त्यस्तै निर्माण गर्न सम्भव हुँदैन । हामिले हाम्रो देशको शीप र कलाकौशल झल्कने गरी टर्मिनल भवन बनाउनु सक्नु पर्दछ । दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढका लागि लाखौं रुखहरु कटान गरिने छन् । हामीले यिनै रुखको काठहरु प्रयोग गरेर विमानस्थल वरिपरि पक्की र कलात्मक ढंगले पर्खाल तथा बारहरु लगाउन सकिन्छ । तिनै काठहरुको प्रयोग गरेर कलात्मक झ्याल ढोका र छाना राखेर टर्मिनल भवन बनाउन सकिन्छ । नेपालमा उपलब्ध नहुने स्टील र अन्य सामाग्री बाहिरी देशबाट झिकाएर ऋणको भारी बोकेर अर्बौं खर्च गरेर टर्मिनल भवन बनाउनु पर्ने छैन । विमानस्थलको लागि नभई नहुने पूर्वाधार भनेको उडान र अवतरणको लागि आवश्यक पर्ने बलियो पक्की धावन मार्ग र पार्किङ्ग स्थल नै हो । यति निमार्ण भैसकेपछि टर्मिनल भवन तथा आबश्यक पर्ने सेवा सुबिधाहरुको निमार्ण र बिस्तार अवश्यकता अनुसार बढाउँदै जान सकिन्छ ।

बिगतमा सरकारको सामाजिक दायित्व निर्बाह गर्नका लागि भनेर धेरै जिल्लाहरुमा विमानस्थल निमार्ण गरियो । निर्माण भै सकेका सबै आन्तरिक विमानस्थलहरुमा नियमित रुपमा विमानहरुको संचालन हुने अबस्था छैन । हालमा देश भरमा विमानस्थलहरुको संख्या ५६ वटा पुगिसकेको छ, जसमध्ये ३६ वटा मात्र संचालनमा छन् । नेपाल एयरलाइन्स लगायत निजी विमान कम्पनीहरुसंग विमानको संख्या पनि कम छ । हवाई यातायात महगो पर्ने हुनाले मोटर बाटोले जोडिएका जिल्लाहरुमा हवाई यात्रा गर्ने यात्रुहरु घटदै गएका छन् । नेपालको सन्दर्भमा ग्रामिण भेगको आर्थिक समृद्दिको लागि सडक संजालको विकास हुनै पर्दछ । यो यथार्थ हो । हवाई यातायातबाट टुवानी गर्दा महंगो पर्ने हुन्छ । त्यसैले अबका दिनमा सरकारले ग्रामिण भेगमा विमानस्थल बनाउने र त्यस पछि हवाई सेवा संचालन हुन नसक्ने अबस्थामा त्यस क्षेत्रमा लगानी गर्नुको कुनै अर्थ रहदैन । बरु अबका दिनमा प्रत्येक जिल्ला र क्षेत्रमा सुविधा सम्पन्न हेलिप्याड बनाउने र आपतकालिन अबस्थामा उद्धार तथा राहतको लागि प्रयोग गरिने हुनुपर्दछ । सोलुखुम्बुको नाम्चेसम्म सुविधा युक्त मोटर बाटो पुरयाउने हो भने धेरै संख्यामा आन्तरिक तथा बाहय पर्यटकहरुको आगमन हुने थियो । हिमाली तथा पहाडि भेगमा हवाई यात्रा गर्दा यात्रा जोखिमपुर्ण हुन्छ भन्ने सर्वसाधरणमा बुझाई रहेकोले समेत हवाई यात्रा गर्न नरुचाउने पनि सत्य हो । त्यसो त भौगोलिक रुपमा विमानहरु संचालन गर्न कठिन ठाउँहरु जस्तै लुक्ला विमानस्थल, जहाँ वरीपरि डाँडाको खोच छ । एकतर्फी एप्रोच र भिरालो सिमित धावन मार्ग छ । प्रतिकूल मौषम हुने गर्छ । त्यस्ता स्थानमा विमानस्थल संचालन भैरहदा सम्म उडान सुरक्षा र दुर्घटना हुने जोखिम भै रहने गर्दछ । सर एडमन्ड हिलारीले कुन उदेस्यले लुक्लामा धावन मार्ग बनाए, आजको दिनमा सोही

ठाउँलाई निरन्तरता दिनुपर्छ भन्ने हुदैन । सोलुखुम्बुकै अर्को फाप्लु विमानस्थललाई लुक्लाको बिकल्पमा प्रयोग गर्न सकिन्छ । फाप्लुबाट पक्कि मोटर बाटोको निर्माण गरी लुक्ला तथा नाम्चे जोडन सकिन्छ । मोटर बाटोले जोडिदैमा प्राकृतिक सुन्दरता घट्छ र वातावरण बिग्रन्छ भन्ने तर्क पनि आजको सन्दर्भमा सही छैन । समुन्द्र माथि ५०औं किलोमिटर लामो पुल हालेर एक देशबाट अर्को देशलाई जोडिएको आजको बिज्ञान प्रविधिको युगमा मोटर बाटोको बिकल्पको रुपमा केबल कारबाट पनि त जोडन सकिन्छ । मोटर बाटोले जोडिए पनि सबै खाले सवारी साधनहरुलाई प्रबेश दिनु पर्ने बाध्यता हुदैन । आर्थिक समृद्धि र पर्यटन बिस्तारको लागि सडक संजालको बिस्तार पनि हुनै पर्दछ ।

हवाई पूर्वाधार निर्माणमा आजको अवस्था :

हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल साघुरो भएको छ । विमानस्थलमा अर्न्तराष्ट्रिय तर्फ ९ वटा र आन्तरिक तर्फ सानाठुला खाले मिलाएर १८ वटा सम्म विमानहरु राख्न मिल्ने पार्किङ्ग स्थल छन् । एयर ट्रान्सपोर्ट क्यापासिटि इन्हेन्समेन्ट प्रोजेक्ट अर्न्तरगत एसियन विकास बैकको ऋण सहयोगमा भई रहेको त्रि.अ.बिको बिस्तार कार्यको पहिलो आयोजनाको कार्य २००९-२०१३ भित्र र दोश्रो आयोजनाको कामहरु २०१४-२०१८ सम्ममा पूरा हुनुपर्ने थियो । तर समयमा काम पुरा हुन सकेन । विमानस्थलमा आबश्यक पुर्वाधारहरुको निर्माण भएपछि मात्रै बडदो हवाई ट्राफिकको चापलाई व्यवस्थित गर्नसकिन्छ । देशमा हाल स्थायी सरकार छ । विकास निर्माणको लागि राजनितिक स्थिरता आवश्यक हुन्छ । भैरहवामा अन्तर्राष्ट्रिय उडानहरुको संचालन हुनेगरी नयाँ विमानस्थलको निर्माण द्रुत गतिमा भैरहेको छ । आजको एक बर्ष भित्रमा नै सो विमानस्थल संचालनमा आउन सक्ने देखिन्छ । पोखरामा पनि अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कार्य लक्ष्य अनुसार अघि बढेको छ । दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, भोलिको दिनमा भूपरिवेष्ठित नेपालको हवाई यातायातको महत्व र आवश्यकतालाई समेट्ने आयोजना हो । काठमाडौ तराई द्रुत मार्गले ४ बर्ष भित्र निजगढलाई काठमाडौसंग जोड्ने छ । नेपाल अन्तर्राष्ट्रिय आर्मीले युद्धस्तरमा अन्तर्राष्ट्रिय स्तरको सडक निर्माण गरिरहेको अवस्थामा ४ बर्षभित्र निजगढ बारामा दोश्रो विमानस्थल बनाई सक्नुपर्दछ । शुरुमा धावन मार्ग तथा जहाज पार्किङ्ग स्थल लगायत कन्ट्रोल टावरको निर्माण तथा एभिएसन फ्युल, भन्सार र अध्यागमनको व्यवस्था भएमा हवाई जहाजको संचालन हुन सक्ने देखिन्छ । अन्य सेवाहरुको बिस्तार आवश्यकता अनुसार बिस्तारै गर्न सकिन्छ ।

जसरी घरमा सबै परिवारका सदस्यको मेलमिलाप, सल्लाह र सहयोग भएमा सुखि र सम्पन्न परिवार बन्दछ । त्यस्तै राज्यमा पनि सरकारलाई कर्मचारीतन्त्र, नागरिक लगायत राजनितिक पार्टीहरुको सहयोग भएमा छिटो लक्ष्य हासिल भई आर्थिक सम्बृद्धि प्राप्त हुनसक्छ । नेपालमा हवाई यातायातको विकासको लागि पूर्वाधारहरुको निर्माण गरी स्तरीय, सुरक्षित, र प्रभाबकारी रुपमा हवाई यातायातको संचालन गराउने जिम्मेवारी बोकेको नेपाल नागरिक उड्डयन प्राधिकरणले आउने दिनहरुमा बिगतको ढिलासुस्तीबाट पाठ सिकेर प्रभाबकारी रुपमा आफना कार्यक्रमहरु अगाडी बढाउनु पर्दछ । ३१ डिसेम्बर १९९८ मा स्थापना भएको प्राधिकरण २०१८, डिसेम्बरमा आइपुग्दा २० बर्ष पुरा भएको छ । के यस दुई दशकको अवधिमा पूर्वाधार निर्माणतर्फ भएका कार्यहरु सन्तोषजनक छन् ? बिगतबाट पाठ सिकेर अब अघि बढनु पर्दछ । प्राधिकरणको कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा संचालन गराउने जिम्मा यहाँ कार्यरत कर्मचारीहरुको हो । एक हजारको हाराहारीमा स्थायी कर्मचारी भएको प्राधिकरणले कुशल रुपमा प्राधिकरणका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गराउनु पर्दछ । भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलताको नीति, व्यवस्थापनमा रहेका कर्मचारीको इमानदारीता, राजनितिक तह र सरकारबाट स्पष्ट निर्देशन र सहयोगको संधै अवश्यकता रहन्छ । कर्मचारीहरु बिच छिटो र गुणस्तरिय रुपमा पुर्वाधार निर्माण गर्ने सबालमा एकबद्धता हुनु पर्दछ । तोकेको जिम्मेवारी पुरा गर्न गराउन एकले अर्कोलाई सहयोग गर्ने हुनुपर्दछ । अनुशासित र योग्य कर्मचारीहरुबाट मात्रै तोकेको लक्ष्य हासिल हुन्छ । संगठन भित्रका योग्य कर्मचारीहरुको पहिचान र छनोट प्राधिकरण व्यवस्थापनले गर्न सक्नु पर्दछ र सोही अनुसारको जिम्मेवारी दिइनु पर्दछ । जुनसुकै पेशाको भएपनि दृढ ईच्छा शक्ति र केही गर्न चाहने योग्यता भएका कर्मचारीलाई कार्य गर्ने अबसर र जिम्मेवारी दिइनु पर्दछ । हाल नेपालमा राजनैतिक ठूला मुद्दाहरुको समाधान भई नयाँ संविधान लागु भई सकेको छ र नेपाल संघिय गणतन्त्रात्मक मुलुकको रुपमा अघि बढेको छ । स्थायी सरकार छ विकास र सम्बृद्धिका लागि सरकारको प्रतिबद्धता र सहयोग भइरहने अवस्था छ । यस अवस्थामा प्राधिकरणलाई भ्रष्टाचार मुक्त, पारदर्शी र जबाफदेही संगठनको रुपमा अघि बढाउनु पर्दछ । प्राधिकरणले शुरु गरेका पूर्वाधार निर्माणका कार्यलाई समयमा सम्पन्न गरेरै छोडनु पर्दछ हामीसंग अर्को बिकल्प नै छैन । यसमा सबैभन्दा बढी जिम्मेबारी प्राधिकरणमा कार्यरत जनशक्तिको हुन्छ । त्यसैले विगतको गल्तीहरुबाट पाठशिकी एक आपसमा समन्वय र सहयोगका साथ अघि बढेमा निश्चयनै हामीले चाहेको लक्ष्य हाशिल गर्ने छौं र आउने दिनहरुमा हामीले पछुताउनु पर्ने छैन ।

Khageswor Aryal
Manager, CAAN

Emerging Aviation Security Issues and its Nepalese Context

Man had a dream to fly in the sky as a bird. After continuous efforts of brave and wise persons, finally, the dream has come true. Air transportation has become basic need of human being these days.

As air transportation expanded, different countries of the world realized the need of a single organization that could manage all civil aviation activities. Thus, International Civil Aviation Organization (ICAO) was established as a specialized UN agency by States in 1944 for administration and governance of the Convention on International Civil Aviation. Presently, ICAO has been working with 192 Member States to ensure safe, efficient, secure, economically sustainable and environmentally responsible civil aviation.

ICAO source says annual international air passenger traffic is expected to reach 6 billion by 2030 from about 3.3 billion today, while air cargo transport is expected to increase to 125 million tons from 50 million. It seems that the air transportation has been growing rapidly. The effect of growth of civil aviation in various sectors such as trade, tourism, political and cultural activities has made the scenario very complex.

Along with growth and complexity of civil aviation, there are high chances of increasing threat level and that requires advance security system. Despite enhancements to the security system, terrorists continue to view civil aviation as an attractive target and continue to exploit vulnerabilities in civil aviation system, with the aim of causing substantial loss of life, economic damage and disruption to connectivity and trade between States. To draw a sensitive picture of aviation security, ICAO has identified global risk context of increasing threat level as:

a) sixty-nine acts of unlawful interference were recorded between 2011 and 2016.

b) attempts to attack civil aviation and airport infrastructure with improvised explosive devices (or IEDs) and person-borne IEDs continue to pose a significant threat.

c) attacks on the landside areas of airports have been growing to locations where members of the public and passengers circulate at predictable times.

Considering the global risk context statement (RCS), all member states also should analyze, identify and develop local risk context statement of the country and strengthen aviation security system accordingly.

In September 2016, at the 39th Session of Assembly, the International Civil Aviation Organization (ICAO) realized the need of Global Aviation Security Plan (GASeP) as a future aviation security policy and programming framework to cope with emerging challenges of States and industry. GASeP has been already applied in some member States for effective implementation of Standard and Recommendation Practices (SARP). Nepal also should take benefits of the plan by adapting it. Action plan should be developed in accordance with GASeP framework and guidelines and implemented accordingly. GASeP provides the foundation for States, industry, stakeholders and ICAO in enhancing aviation security worldwide and achieving five key priority outcomes, namely;

a) enhance risk awareness and response;

b) develop security culture and human capability;

c) improve technological resources and innovation;

d) improve oversight and quality assurance; and

e) increase cooperation and support.

Security oversight is needed to identify actual aviation security status of the country. It also enables States to ensure the effective implementation of security-related Standards and Recommended Practices (SARPs). There are eight critical elements for aviation security oversight system. These encompass the whole spectrum of civil aviation security activities. The critical elements are:

CE-1 : Aviation Security Legislation
CE-2 : Aviation Security Programmes and Regulations
CE-3 : State Appropriate Authority for Aviation Security and its Responsibilities
CE-4 : Personnel Qualifications and Training
CE-5 : Provision of Technical Guidance, Tools and Security Critical Information
CE-6 : Certification and Approval Obligations
CE-7 : Quality Control Obligations

CE-8 : Resolution of Security Concerns

ICAO has also fixed global targets of aviation security for its member States. By 2020, effective implementation (EI) of 80% states should reach above 65%, by 2023 effective implementation (EI) of 90% of States reach above 80% and finally by 2030 EI of 100% of States should reach above 90%. Various protocol questions (PQs) concerned with eight critical elements have been set by ICAO and given weightage for each question to calculate effective implementation. Thus, it has become necessary to review existing Aviation Security System of Nepal to meet global targets of aviation security as set by ICAO. To overcome the problem or to mitigate gap between ICAO target and actual scenario of Nepalese aviation security, it is urgent to initiate short term and long term corrective measures.

Aviation security is one of the means to ensure the safety of our flight to the destination. Different modality or structures of aviation security are established and practiced in different countries as per their requirement and nature of the states. In some countries aviation security function are carried by government agency, in some country the system has been managed by private security agency while in some countries it has been jointly done by government and private security agency. A state is free to apply any security modality and discharge aviation security responsibility through any agency as per state structure, rules and regulation of the States.

In Japan, air carriers conduct screening function of aviation security. Guarding and patrolling of airport terminal, surrounding area, handling the matters of bomb threat and hijack are done by National Police. Regulated agent manages security measures for air cargo. Training and certification of screeners and instructor are done by an autonomous entity i.e. Aviation Security Business Centre (ASBC). Japan Civil Aviation Bureau (JCAB) under Ministry of Land, Infrastructure, Transport and Tourism (MLIT) develops rules, regulation, policies, coordinate among relevant agencies and conducts inspection. JCAB is appropriate security agency for aviation security of the State.

Presently, acts of policy formulation, documentation, regulation, training and arrangement of security equipment and infrastructure are done by Civil Aviation Authority and Civil Aviation Office. Internal security of the airport is done by Nepal Police whereas external security is handled by Nepal Army and or Armed Police Force. Security activities such as access control, screening, guarding, patrolling are done by Nepal Police. In some airport, Nepal Army is taking responsibility of external security and in some airport Armed Police Force are deployed for external security. Aviation security responsibility is assigned to different agencies in Civil Aviation Security Rule, 2016 and National Civil Aviation Security Program of Nepal (Fifth Edition 2018).

Even though committees like National Aviation Security Committee (NCASC) and Airport Security Committee (ASC) are provisioned in documents, rules and regulation to coordinate among different government and private agencies. Documentation part is almost perfect but in implementation part, there are some issues that should be resolved. Some questions or serious issues are always raised in aviation security audit that chain of command may not work effectively, NCASC meeting may not held as and when required, Nepal police deployed at airport may not obey the instruction given by civil aviation security personnel, etc.

Next case, almost all Nepal police deployed in airport are given training and after some time they are transferred outside of airport and there is always issue regarding lack of training to Nepal Police. Higher level of decision has been made to establish separate wing under Nepal Police but not materialized yet. There is similar situation within Civil Aviation Authority of Nepal. There is a separate unit under it but not a separate group or subgroup dedicated to take over responsibility of aviation security. A lot of budget has been spent in human resource, equipment, infrastructure, documents, etc. but there is no significant result achieved in this area. It is, therefore, urgent to consider seriously on this matter by the management.

Nepal has experienced first cycle audit in 2006 and second cycle audit in 2010 conducted by ICAO under Universal Aviation Security Audit Program. During the time there was adequate number well experienced employees almost competent as ICAO Expert. The case is different now. ICAO, then, changed modality of audit as Universal Aviation Security Audit Program - Continuous Monitoring Approach (USAP-CMA). Aviation security scenario was not that much complex like of these days. Due to some reasons, other neighboring countries that were behind Nepal or in initial stage have done a lot of progress in aviation security. Thus, Nepal should give high priority for aviation security in the days to come to march ahead in comparison to other countries.

Nepal has just got relief from the stress suffered from Significant Safety Concern (SSC) issued by ICAO. Before starting audit, thus, well preparation is required, so that no significant security concern (SSeC) will be bored. Documentation and organization parts could be at acceptable level but most of the developing countries like Nepal generally suffer from lacking effective implementation at airport level. Inadequate access control measures to Security Restricted Areas (SRAs); deficiencies in the implementation of airport

personnel identification and vehicle pass systems; lack of airport-level human and technical resources for aviation security; ineffective screening and security controls of non-passengers being granted access to the SRA such other deficiencies are identified in auditing process.

If there is plan of ICAO to conduct a recent aviation security audit of Nepal, in short term, to face the audit, an Action Team should be formed immediately in coordination of aviation security department of CAAN involving members from TIACAO, Civil Aviation Academy and Aircraft Operators. The team should receive protocol questionnaires (PQs) from ICAO, study and analyze them and make necessary arrangement to face the audit. Technical assistance can be taken from Cooperative Aviation Security Program Asia Pacific (CASP AP) or ICAO and also advice can be taken from available ICAO experts. ICAO may also provide technical assistance for auditing purpose through Combine Action Team (CAT) mission but member States should request ICAO well in advance.

In long term, a model can be - there should be structural change in organization and change of existing regulation to adapt appropriate model aviation security for Nepal. A separate wing under Nepal Police can be established for airport police like traffic police and some incentive should be given to them to maintain chain of command with civil aviation security personnel. There is a separate unit within CAAN and in addition to that separate group and sub group should also be created having career opportunity.

As another model - airport police should conduct guarding and patrolling, involve in bomb threat and hijacking and inspection of terminal building and around, and conduct general security. Private party or security personnel deputed under section 21 of Civil Aviation Authority Act, 2053 should involve in access control & screening. Provision of NCASP relating to air cargo should be implemented through regulated agent (RA). Security Department of CAAN should works as regulator and also develops rules & policies.

The issue of splitting CAAN as a regulator and a service provider being hot cake and new Nepal Civil Aviation Act, 2017 (Draft) being under final phase of governmental approval, provisions mentioned in Chapter 8 of the ACT seem insufficient and unclear. It is, therefore, right time to consider aviation security system modality of the other States and improve the Act in line with provisions of Security (Annex 17) and Aviation Security Manual (Doc 8973- Restricted).

Finally, aviation security is business of international characteristics and any lapses in aviation security of the country can affect aviation security system of another country of the world. Improving security system is a never ending process. Thus, whether there is an audit case of ICAO or not, aviation security system should be continuously reviewed, modified and improved to strengthen the security system and cope with emerging local and or global threat of unlawful acts.

Source

ICAO official website
Global Aviation Security Plan, 2017
Civil Aviation Security Rules, 2016
National Civil Aviation Security Program of Nepal (Fifth Edition 2018)
Civil Aviation Authority Act,1996
Nepal Civil Aviation Act, 2017 (Draft)

ट्रेड युनियन: सिद्धान्त, आवश्यकता र अभ्यास

देबेन्द्र प्रसाद पाण्डेय
प्रबन्धक, ने.ना.उ.प्रा.

ऐतिहासिक पृष्ठभूमी :

अठारौं शताब्दिमा वेलायतबाट शुरु भएको औद्योगीक क्रान्तिले ल्याएका विभिन्न असरहरु मध्ये पुँजीवादको विकासले पुँजीवादी अर्थव्यवस्था अन्तर्गत उद्योगहरुमा पुँजीपति वर्गबाट उच्च मुनाफा आर्जनका लागि आफ्नो मिलमा कार्यरत मजदुरको श्रम माथि अत्यधिक शोषण हुन थाल्यो । मजदुरहरुले कलकारखानामा पसिना काढेर मालसामान तयार गर्ने तर तिनको जीवन निर्वाहको लागि पर्याप्त मजदुरी प्राप्त नहुने अवस्थाले गर्दा बाध्य भएर मजदुरहरु उचित मजदुरी आफ्नो कार्यथलोबाटै प्राप्त गर्न संगठित भै मालिक वर्गलाई दबाव दिने यहां सम्म कि मिलका मेशिनहरु नै तोडफोड गर्ने सम्मका क्रियाकलापहरु गर्न थाले । पछि जब सरकारले मेशिन तोडफोड गर्ने मजदुरलाई मृत्युदण्ड दिने कानुन वनायो तब मजदुरहरुले मिल मालिक कहां र त्यहांको पार्लियामेण्टमा दरखास्त मार्फत विरोध गर्ने नयां तरिकाको शुरुवात गरे र पार्लियामेण्टले पनि मजदुरहरुको दुःख निवारणका लागि धेरै प्रकारका फ्याक्ट्री एक्टहरु पास गर्‌यो । तर त्यसको कार्यान्वयन गर्ने मेजिष्ट्रेट पनि मिल मालिक वर्गकै व्यक्ति हुने भएकोले एक्टको मक्सद वमोजिम कार्यान्वयन हुन सकेन र कार्यान्वयन नगर्ने माथि कुनै प्रकारको कारवाहीको व्यवस्था गरिएको थिएन । त्यसपछि मजदुरहरुले त्यहांको पार्लियामेण्टको चुनावमा आफुहरु ले पनि मत दिने अधिकार प्राप्त गरि कानुन वनाउने निकायमा दवाव पारि वहुसंख्यक मजदुरवर्गको हित गर्ने सरकार वनाउने उद्धेश्यका लागि विभिन्न उपयोगी पाँच वटा माग राखि चर्चिष्ट आन्दोलन (Chartist Movement) शुरु गरे जसका धेरैजसो मागहरुलाई स्वीकारिएको भएता पनि व्यवहारमा त्यत्ति लागु हुन नसक्दा अन्ततः मजदुरहरुले आफ्नो हितको रक्षार्थ समान स्वार्थ भएका र देशव्यापीरुपमा छरिएर रहेका सम्पुर्ण मजदुरहरुलाई संगठीत पारि औपचारिकरुपमा मजदुर संघ (ट्रेड यूनियन) वनाई त्यसै मार्फत आफ्ना हकहितको संरक्षण गर्ने विचार गरे । तत्कालिन समयमा मजदुर संघ वनाउन नदिने गरि राज्यबाट धेरै प्रकारका प्रतिवन्धहरु लगाईएका भएता पनि अन्ततः सन् १८२२ मा वेलायतमा सर्वप्रथम मजदुर संघ (ट्रेड यूनियन) को जन्म भयो । विश्व इतिहासमा यस पृष्ठभूमीबाट ट्रेड यूनियनको शुरुवात भएको पाइन्छ ।

ट्रेड यूनियन सिद्धान्त :

अर्थ : मानिसले आफ्नो जीवन निर्वाह गर्ने क्रममा अर्थोपार्जनका लागि विभिन्न पेशा व्यवसायहरुः उद्योग, व्यापार, नोकरी आदी अपनाउने गरेको हुन्छ । जुनसुकै पेशा व्यवसायमा एउटा पक्ष रोजगारदाता, मालिक, पुजिपति, उद्योगी, व्यापारी अथवा सरकार (रोजगारदाताकोरुपमा हेर्दा) रहेको हुन्छ भने अर्को पक्ष त्यस उद्योग, व्यापार अथवा सरकारको काम गर्ने रोजगार प्राप्त गर्ने मजदुर, श्रमिक, कामदार अथवा कर्मचारी रहेको हुन्छ । मालिकले आफ्नो पुँजी लगाई व्यवसाय स्थापना गर्दछ र त्यसबाट अधिकतम नाफाको चाहना राखेको हुन्छ भने श्रमिक वर्गसंग उसको पुँजीकोरुपमा श्रम रहेको हुन्छ र उसले आफ्नो श्रम वेचेर प्राप्त तलव, ज्याला वा मजदुरीबाट जीवन निर्वाह गर्नुपर्ने हुन्छ । व्यवहारगतरुपमा हेर्दा मालिकले आफ्नो व्यवसायबाट बढि भन्दा बढि नाफाको अपेक्षा गर्दछ जसको लागि उसले कार्यरत कामदारलाई कम भन्दा कम पारिश्रमिक दिन खोज्छ भने अर्को तिर मजदुरहरुले आफुले श्रम बिक्रि गरेर सहज जीवन निर्वाहका लागि बढि भन्दा बढि मौद्रिक तथा गैह्र मौद्रिक सुविधाको अपेक्षा राख्दछ । यसरी रोजगारदाता र रोजगारप्राप्त गर्ने पक्षहरुको विपरित रुचिका विचमा श्रमिकले सहजैरुपमा आफ्नो श्रमको मूल्य वरावरको ज्याला प्राप्त गर्न कठिन हुने अवस्था सिर्जना हुने हुदा श्रमिकहरु आफ्नो वर्गिय तथा पेशागत सामुहिक हकहितकालागि संगठित हुने र रोजगारदाता कहां दवाव सिर्जना गर्ने कार्य गर्दछन् । सिद्धान्ततः त्यस्तो प्रकारको मजदुरहरुको औपचारिक संगठन नै ट्रेड यूनियन हो । अर्थात अर्को शब्दमा भन्दा निजी तथा सार्वजनिक उद्योग, व्यापार अथवा सरकारको कामगर्ने मजदुर, श्रमिक, कामदार अथवा कर्मचारीहरुको आफ्नो वर्गिय तथा पेशागत हकहितको संरक्षण र सम्वर्धन गर्नकालागि औपचारिक रुपमा संगठित समुह वा संस्थालाई ट्रेड यूनियन भनिन्छ ।

प्रकृति : ट्रेड यूनियनको प्रकृतिलाई हेर्दा यो एक औपचारिक रुपमा संगठित तथा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठन हो । यसले स्वहित निर्दिष्ट कार्यहरु गर्दै साझा स्वार्थ र उद्धेश्य पूर्तिका लागि क्रियाशिल रहन्छ । ट्रेड यूनियनको सदस्यता बाध्यकारी नभै स्वेच्छिक हुन्छ । ट्रेड यूनियनका गतिविधिहरु राजनितिक कार्योन्मुख अथवा राजनितिक प्रकृतिको हुन्छ र यसले आफ्नो वर्गिय र पेशागत हित संरक्षणको दायरासम्म मात्र कार्य गर्दछ तर यो पुर्णरुपमा राष्ट्रिय राजनितिक संस्था होईन । ट्रेड यूनियनले आफ्नो पेशागत वर्गीय र सामुहिक हकहितका लागि क्रियाशिल रहने क्रममा यसले आफ्ना कुनै पनि सदस्यलाई रोजगारदाताको कुनै व्यवस्थापकिय पदमा वहाल नगराई व्यवस्थापन पक्षका निर्णयहरु, नीतिहरुलाई आफ्नो वर्गीय र पेशागत हितका पक्षमा गराउन वा प्रभावित गर्न प्रयत्नशिल रहन्छन् । त्यसैले यो औपचारिक समुह आफैमा एउटा समग्र श्रमिक,

कामदार तथा कर्मचारीहरुको सामूहिक आवाज अथवा उद्घोष हो।

कार्यहरु तथा अधिकारहरु:

ट्रेड यूनियनका कार्यहरुलाई हेर्दा मूख्य रुपमा आफ्ना सदस्यहरुको सामूहिक हित अभिबृद्धि गर्ने खालका मागहरु आवधिकरुपमा प्रस्तुत गर्ने र ति मागहरु पुरा गराउन प्रयत्नशील रहने, आफ्ना गतिविधिहरुका साथै व्यवस्थापनका निर्णयहरुको आम कर्मचारी माझ प्रचार प्रसार गर्ने, निर्वाचनका गतिविधिहरु संचालन गरि मजदुर अगुवाहरु चुन्ने, सम्पुर्ण श्रमिकहरु तथा व्यवस्थापनका बिच सम्पर्क स्थापित गर्ने, राजनितिक लविङ (Political Lobbing) गर्ने, व्यवस्थापनको नीति निर्णयहरुलाई श्रमिकको पक्षमा र संस्थाको विकासको पक्षमा ल्याउनका लागि सिर्जनात्मकरुपमा विरोधका कार्यक्रम सञ्चालन गर्ने तथा आन्दोलन गर्ने, श्रमिक वर्गका सामूहिक पिरमर्का समाधानका लागि प्रयत्नरत रहने, सामूहिक सौदावाजी गर्ने र जनमत निर्माण गर्ने गराउने आदि कार्यहरु ट्रेड यूनियनका कार्यहरु हुन । त्यस्तै विश्वव्यापीरुपमा संगठित हुने अधिकार, सामुहिक सौदाबाजी गर्ने अधिकार र हड्ताल गर्ने अधिकार जस्ता बिषयरु मुख्यरुपमा ट्रेड यूनियन अधिकारको रुपमा स्थापित भएको पाईन्छ।

सामुहिक सौदाबाजी:

संगठनको मुख्य व्यवस्थापक (अन्तिम निर्णयकर्ता) र कार्यरत कामदार अथवा कर्मचारीहरुका बिच सामूहिक विवाद समाधान गर्नका लागि सामूहिक छलफलको माध्यमबाट निरुपण गर्ने प्रकृयालाई सामूहिक सौदाबाजी भनिन्छ। यो एक सामूहिक सरोकारका बिषयहरुमा ब्यवस्थापन पक्ष र ट्रेड युनियन प्रतिनिधिहरु बीच हुने समुहगत प्रकृया तथा दुईपक्षिय वार्तालाप पद्धति हो। संगठनमा श्रमिकहरुको कार्य अवस्था निर्धारण गर्न, रोजगारीका शर्तहरु निर्धारण गर्न, रोजगारदाता तथा तिनका संगठनहरु र श्रमिक तथा तिनका संगठनहरुबीचको सम्बन्धलाई नियमित गर्नका लागि सामुहिक सौदाबाजी को प्रयोग गरिन्छ। यसको सफल अभ्यासका लागि कामदार वा कर्मचारीहरुको ट्रेड यूनियन अधिकार स्थापित भएको हुनुपर्ने, बलियो र व्यवस्थीत यूनियन हुनुपर्ने, उपयुक्त राजनितिक वातावरण र संस्थागत संरचना हुनुपर्ने, दुईपक्षहरुका बीचमा आपसी विश्वास मजवुत हुनुका साथै एकआपसमा निर्भरता स्वीकार तथा सुचनाको आदानप्रदान हुनुपर्ने जस्ता व्यवस्थाहरु तथा अवस्था कायम रहेको हुनुपर्दछ। नयां व्यवस्थापकिय अवधारणा अन्तर्गत सामुहिक सौदाबाजीलाई व्यवस्थापनको एउटा पद्धतिको रुपमा समेत लिने गरेको पाईन्छ।

अन्तर्राष्ट्रिय श्रम संगठन :

विश्वभरिका कामदारहरुको सामाजिक न्यायलाई प्रोत्साहित गर्ने तथा श्रमिकहरुको आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्ने खालका श्रम कानुनहरु पारित गर्ने मुख्य उद्धेश्यका साथ सन् १९१९ अप्रिल १४ मा स्थापित भै १४ डिसेम्वर १९४६ मा संयूक्त राष्ट्र संघको महासभाबाट अनुमोदित यस संयूक्त राष्ट्र संघको बिशिष्टिकृत संस्थाका हाल १९१ राष्ट्रहरु सदस्यको रुपमा रहेका छन्। नेपालले १६ डिसेम्वर १९५५ (तद्नुसार वि.सं. २०१२ पौष १) मा यस संस्थाको सदस्यता प्राप्त गरेको थियो । यस संगठनको विधान अनुसारः सवैका लागि पुर्ण रोजगारिको अवसर प्रदान गरि जिवनस्तर उत्थान गर्नु, न्यूनतम ज्याला मजदुरीको स्तर निर्धारण गर्नु, सामुहिक सौदावाजीलाई प्रोत्साहित गर्नु, कामदारहरुको सामाजिक सुरक्षाको व्यवस्था मिलाउनु, बाल कल्याणको व्यवस्था गर्नु, कामदारहरुका लागि आवास, मनोरञ्जन आदिको व्यवस्था मिलाउनु, रोजगार तथा शिक्षाको समान अवसर दिलाउने व्यवस्था गर्नु आदि उद्धेश्यहरु रहेका छन्।

अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा पारित सुझावहरु (Recommendations) श्रम व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानून र व्यवहारको लागि मार्गदर्शकको रुपमा रहन्छन् । संगठनद्वारा निर्मित सन्धिहरुलाई अनुमोदन गर्ने सदस्य राष्ट्रहरुका लागि ती सन्धिहरु बाध्यकारी हुन्छन् र ती सन्धिका व्यवस्थाहरु आ आफ्नो राष्ट्रमा लागू गर्नु सदस्य राष्ट्रको कर्तव्य हुन्छ। अनुमोदन गर्ने राष्ट्रद्वारा सन्धिको कार्यान्वयन भए नभएको रेखदेख संगठनले गर्दछ साथै ट्रेड यूनियनका अधिकारहरुको उल्लंघन सम्बन्धी शिकायतहरुको जांच गर्ने छुट्टै प्रकृया रहेको छ। यस संगठनले हालसम्म १८१ भन्दा बढी सन्धिहरु र १८८ भन्दा बढी सुझावहरु पारित गरेको छ र यस्ता सन्धि तथा सुझावहरुलाई अन्तर्राष्ट्रिय श्रम संहिता भन्ने गरिन्छ।

कर्मचारीतन्त्र:

सार्वजनिक क्षेत्रमा कर्मचारीहरुद्वारा संचालित शासन प्रणालीलाई कर्मचारीतन्त्र भनिन्छ । राज्य व्यवस्था संचालनको क्रममा जनप्रतिनिधीहरुबाट जनआकांक्षा बमोजीमको नीति निर्धारण हुने र कर्मचारीतन्त्रबाट कार्यान्वयन हुने हुँदा कर्मचारीतन्त्र स्वतन्त्र, निश्पक्ष, राजनितिक तटस्थ, योग्य, व्यवसायीक तथा दक्ष रहनुपर्ने अपेक्षा गरिएको हुन्छ। कर्मचारीतन्त्रबाट गरिएको अपेक्षा भन्दा अन्यथा भएमा जनताले यथोचितरुपमा राज्यबाट स्वतन्त्र र निश्पक्ष सेवा प्राप्त गर्न सक्दैनन्, सुशासन कायम रहन सक्दैन र फलतः सरकारको विश्वशनियता, लोकप्रियता र अवधिमा प्रश्न चिन्ह आउन सक्छ। कर्मचारीतन्त्रका प्रणेता म्याक्स वेबरको कर्मचारीतन्त्रको सिद्धान्तमा निजामति कर्मचारीतन्त्र राजनितिकरुपमा निश्पक्ष र तटस्थ तथा पेशागतरुपमा दक्ष हुनुपर्ने विषय नै मुख्यरुपमा उल्लेख छ।

नेपालमा ट्रेड यूनियन र सामुहिक सौदाबाजी :

नेपालमा सर्वप्रथम सन् १९४६ मा अखिल नेपाल ट्रेड यूनियन कांग्रेसको स्थापना र सन् १९४७ मा विराटनगरमा मजदुर यूनियनको गठन संगै ट्रेड यूनियनको इतिहास शुरुवात भएको पाईन्छ। हाल आएर ट्रेड यूनियन अधिकार र यसको प्रयोग सम्बन्धमा नेपालमा विभिन्न ऐन कानुनहरु मार्फत यस्तो अधिकारको प्रत्याभुत गरिएको छ। नेपालको संविधान, २०७२ मा मौलिक हक अन्तर्गत प्रत्येक नागरिकलाई संघ र संस्था खोल्ने स्वतन्त्रताको हक हुने र प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने र प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुने व्यवस्था रहेको छ। यस्तो

संविधान प्रदत्त हकलाई श्रम ऐन २०४८ तथा ट्रेड यूनियन ऐन २०४९ मार्फत परिभाषित र व्यवस्थीत गरिएको छ । सार्वजनिक क्षेत्रमा कार्यरत निजामति कर्मचारीहरुका लागि निजामती सेवा ऐन र नियमावलीमा टेड् यूनियन तथा श्रम अधिकारको कानुनी व्यवस्था रहेको छ भने यीनै ऐन, नियमहरुमा आधारीतभै विभिन्न सार्वजनिक संस्थानहरुका (प्रतिष्ठानहरुका) कर्मचारी सेवा र शर्त सम्बन्धी नियमावली तथा विनियमावलीहरुमा ट्रेड युनियन अधिकार सम्बन्धी व्यवस्थाहरु गरिएको पाईन्छ ।

ट्रेड यूनियनको मुख्य अधिकार अन्तर्गत सामुहिक सौदाबाजी हुने भएकोले नेपालमा पनि यसका केही कानुनी मान्यताहरु स्थापित भएका छन् । श्रम ऐनमा कामदार वा कर्मचारी तथा व्यवस्थापकको बीचमा उत्पन्न विवादको टुङ्गो लगाउन गरिएको संझौता श्रम कार्यालयमा दर्ता भएपछि सम्बन्धित पक्षहरुको लागि कानुन सरह मान्य हुने, त्यस्तो संझौता मिति तोकिएकोमा सोही मितिबाट र नतोकिएकोमा श्रम कार्यालयमा दर्ता भएका मितिबाट लागु हुने, लागु भएपछि दुईबर्षसम्म संझौतामा उल्लेखित व्यवस्थाहरुको सम्बन्धमा पुःन माग राख्न नपाइने, सामुहिक सम्झौताको कार्यान्वयन नभएमा सम्बन्धित पक्षले श्रम कार्यालयमा उजुरी दिन सक्ने र श्रम कार्यालयमा कानून बमोजिमको प्रकृयाबाट लागू गराउने व्यवस्था रहेकोछ ।

ट्रेड यूनियन अभ्यासका चुनौती र निराकरण:

3. Poor human resource management.
4. Weaker intermediary role.
5. Fails to nurture positive relation within the organization.
6. Insufficient investment in training of administrative staffs.
7. Unequal distribution of budget.
8. Status-quo mentality in working environment.
9. Incompatible selection criteria between technical and administrative employees.
10. Huge gap between technical and administrative manpower.
11. Sense of frustration, monotonous working environment, fear, pressure and domination in employees.

Solutions:

1. It should be broadened and widened.
2. It should embrace the gap between admin and technical employees.
3. Selection and recruitment of highly qualified and skilled manpower.
4. It should decentralize decision making process.
5. The scope of the changes underway should not be limited- as traditions and mindset regarding administration.
6. Time to time counseling and motivation to admin staffs.
7. Internalization of the importance of administration of in CAAN.
8. Restructuring of organizational chart.
9. Staffing based on person-job and person-organization fit.
10. Trainings program to develop knowledge, skill and abilities.

Conclusion:

All in all, administration is inexorable for both construction and destruction so it is the back bone of every organization. CAAN must try to amalgam the essence of an administration that is planning, organizing, leading, controlling and getting competitive advantage.

References:

http://www.google.com.np
Robbins p. Stephen, Coulter Mary. Management. 10th ed. Pearson, 2009.
R. L. Katz, "Skills of an Effective Administrator," Harvard Business Review, September-October 1974,
H. Fayol, Industrial and General Administration (Paris: Dunob,1916)
http://www.teach.timesofindia.com/

सार्वजनिक निकायमा उत्तरदायित्व

भीम राज उप्रेती
अधिकृत, ने.ना.उ.प्रा.

अवधारणा र अर्थ :

जिम्मेवारी तोकिएको काम कारवाही सम्पादन गर्ने क्रममा सार्वजनिक पदमा रहेका व्यक्तिहरुले आफूले सम्पादन गर्ने कामहरुको बारेमा सम्वन्धित पक्ष वा सरोकारवाला निकाय वा नागरिकलाई पारदर्शी रुपमा सुसूचित गराउने दायित्व वा गहन जिम्मेवारीलाई सार्वजनिक उत्तरदायित्व भनिन्छ । सार्वजनिक निकायमा उत्तरदायित्व भन्नाले नीति, काम, कार्यक्रम, निर्णय वा कार्यका सम्बन्धमा सार्वजनिक निकायले प्रतिवेदन दिने, स्पष्टीकरण दिने, उत्तर दिने वा जवाफ दिने कार्यलाई सामान्यता उत्तरदायित्व भनिन्छ। कुनै कार्य गरेको वा नगरेको वा कस्तो अवस्थामा रहेको छ भन्ने बारेमा सरोकारवालाहरुलाई जानकारी दिनु सूचनाको अधिकार हो जसले पारदर्शिता प्रवर्द्धन गरी उत्तरदायित्वमा टेवा पुऱ्याउछ। Accountability शब्द Latin accomptare बाट आएको हो जसको अर्थ Account Giving हुन्छ । यसलाई कहिलेकाही responsibility, answerability, blameworthiness, liability, culpability को रुपमा पनि बुझ्ने गरेको पाइन्छ । कुनै निश्चित कार्यविवरण, दायित्व वा जिम्मेवारीको कारणले गर्दा उत्तरदायित्व सृजना हुन्छ। उत्तरदायित्व विनाको सार्वजनिक जीवन कल्पना पनि गर्न सकिदैन । उत्तरदायित्वलाई सुशासनको प्रमुख खम्बाको रुपमा लिइन्छ । उत्तरदायित्व मूलतः एकै स्थानमा रहन्छ त्यसैले भनिएको छ "Accountability cannot be shared".

सार्वजनिक पदाधिकारीहरु जनताका सेवक वा प्रतिनिधि हुन र उनीहरुको कामकारवाहीको बारेमा आम जनताले थाहा पाउनु पर्छ। शासनको बैधता स्थापना गर्न र आम जनतालाई शासनसँग निकट बनाउन शासनमा उत्तरदायित्व आवश्यक हुन्छ। लोकतान्त्रिक शासन प्रणालीलाई वलियो वनाई न्याय र नैतिकतामा आधारित स्वस्थ समाज निर्माण गर्न उत्तरदायित्वले भरिएको शासन प्रणाली आजको आवश्यकता र पहिलो शर्त हो। आजको विश्वमा घुमाउरो, तहगत, अप्रत्क्षय, प्रक्रियागत भन्दा पनि सोझो, प्रत्यक्ष र नतिजामुखी उत्तरदायित्वको आवश्यकता र महत्वमा जोड दिइएको पाइन्छ । NPM, NPS, Reinventing Government, Responsive Governance, Good Governance, e-governance, Digital era Governance आदिले पनि उत्तरदायित्वको महत्व अझ बृहत र विस्तृत बनाएका छन। विधागत रुपमा उत्तरदायित्वलाई राजनीतिक, व्यवस्थापकीय, कानूनी, सेवाग्राहीप्रतिको, व्यवसायिक, नैतिक, वित्तिय, प्रशासनिक, कार्यक्रममूलक, आदिमा विभाजन गर्न सकिन्छ। उत्तरदायित्वका प्रकारको बिभाजनको सन्दर्भमा विभिन्न विद्धानहरुको एक मत पाइदैन र उत्तरदायित्वको विभाजन गर्ने क्रममा Duight waldo ले निम्न १२ प्रकारमा बाडेका छन्। जुन यस प्रकार छन्: संविधानप्रति, कानूनप्रति, राष्ट्रप्रति, मानवताप्रति, लोकतन्त्रप्रति, संगठनको मुल्य र संस्कृतिप्रति, व्यावसायप्रति, सार्वजनिक हितप्रति, परिवार र साथीप्रति, वर्ग, जाति, र दलप्रति, आफैप्रति, धर्म र ईश्वरप्रति । उत्तरदायित्व मूलतः Upward Oriented हुन्छ। तर आजको समाजमा नागरिक र समाजप्रतिको दायित्वलाई पनि अहम रुपमा स्वीकार गरी पारदर्शिता प्रवर्द्धनमा जोड दिइएको पाइन्छ।

सार्वजनिक निकायमा उत्तरदायित्वको अवस्था :

सार्बजनिक निकायमा हुने गरेका कामकारवाहीकाबारेमा आम नागरिक र समाजले थाहा पाउने गरी कार्य गर्ने प्रणालीको विकास आजका दिनमा पनि पर्याप्त मात्रामा भएको पाइदैन । सूचनाको हक नागरिक समक्ष वस्तुनिष्ठ ढङ्गले कार्यान्वयन गर्न सार्वजनिक निकायहरु धेरै हदसम्म असफल भएका छन्। सार्वजनिक सरोकारका बिषयमा वा आफूसँग सम्वन्धित विषयका वारेमा आवश्यक सूचना तथा जानकारीहरुमा आम नागरिकको सरल र सहज पँहुचलाई सूचनाको हक भनिन्छ । बर्तमान संविधानको धारा २७ ले पनि सूचनाको हकलाई संवैधानिक हकको रुपमा व्यवस्था गरेको भएता पनि आजका दिनमा पनि नागरिकलाई सार्वजनिक सूचना प्राप्त गर्न कठिनाइ र हैरानी छ। राज्यले गोप्य राख्नु पर्ने भनी कानूनी रुपमा किटान गरिएका सूचनाहरुको संरक्षणको जिम्मा पनि सार्वजनिक निकायको उत्तरदायित्व भित्र पर्दछ। सूचनाको हक सम्वन्धी ऐन, २०६४ ले नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्वन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात, तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्वन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने र व्यक्तिगत गोपनीयता, व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने प्रकृतिको सूचना प्रवाह नगरिने कोटीमा पर्ने कुरा उल्लेख गरेको भएता पनि यदाकदा राज्य र नागरिकको हितमा प्रतिकूल पर्ने प्रकृतिका संवेदनशील सूचनाहरु प्रकाशन र प्रसारण हुने गरेको पाइन्छ। यस्ता संवेदनशील विषयमा सार्वजनिक निकायहरु सचेत हुनु आवश्यक देखिन्छ।

पूर्वसावाधानीको सिद्धान्त, अधिकार कर्तव्य र उत्तरदायित्वका सामञ्जस्यताको सिद्धान्त, पूर्वसावधानीसम्वन्धी प्रश्नको जवाफको

सिद्धान्त, जिम्मेवार व्यक्तिको उत्तरदायित्वको सिद्धान्त, जवाफ वैधताको सिद्धान्त, संस्थागतरुपमा जवाफ दिनु पर्ने सिद्धान्त, सुविधा कटौतीको सिद्धान्त, कामको सार्वजनिकीकरणको सिद्धान्त, आत्म सूचनाको कर्तव्यको सिद्धान्त, अभिप्राय सार्वजनिकको सिद्धान्त, दिशा निर्देशन वा प्रमुख पदाधिकारीको उत्तरदायित्वको सिद्धान्त र पूर्ण उत्तरदायित्वको सिद्धान्त आदि सार्वजनिक/प्रशासनिक उत्तरदायित्वका सिद्धान्तहरु हुन् जसले सार्वजनिक पदाधिकारीहरुलाई आफ्नो काम र कर्तव्यप्रति ईमानदार र जिम्मेवार हुन् अभिप्रेरित गरेका छन् । उत्तरदायित्व भित्र Responsibility, Answerability, Responsiveness समेत पर्दछन् । सार्वजनिक उत्तरदायित्व सरकार र कर्मचारीहरुको गुणस्तर मापन गरी नियन्त्रण गर्ने संयन्त्र हो । यसले सार्वजनिक सेवामा प्रभावकारिता वृद्धि गरी गुणस्तरमा सुनिश्चितता प्रदान गर्दछ । जवाफदेही पारदर्शी सरकारको पहिलो शर्त नै उत्तरदायित्वको पुर्णरुपमा परिपालना नै हो । तर आज पनि नेपाली समाजमा सूचना लुकाउने, भनेको समयमा नपाउने, पाइहाले पनि अपुर्ण सूचना प्राप्त गर्ने जस्ता समस्या विद्यमान छन् ।

सार्वजनिक निकायमा उत्तरदायित्वको आवश्यकता र महत्व:

- ✓ खुल्ला, पारदर्शी र जवाफदेही समाजको निर्माण गर्न,
- ✓ न्याय र नैतिकतामा आधारित स्वस्थ्य समाज निर्माण गर्न,
- ✓ सुशासनलाई सुदृढीकरण गर्न,
- ✓ सार्वजनिक निर्णयहरुलाई नागरिक समक्ष पुऱ्याउन,
- ✓ लोकतान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धन गर्न,
- ✓ प्रशासनिक निर्णयहरुमा वैधता प्राप्त गर्न,
- ✓ सार्वजनिक प्रशासन प्रति जनताको विश्वासमा अभिवृद्धि गर्न,
- ✓ सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र गुणस्तरीय बनाउन,
- ✓ कार्य सम्पादनको स्तर र दक्षतामा वृद्धि गर्न,
- ✓ अनुगमन र मुल्यांकन प्रणालीलाई वस्तुनिष्ठ बनाउन,
- ✓ सार्वजनिक स्रोत र साधनको दुरु प्रयोग रोकी यसको दक्ष, प्रभावकारी, मितव्ययी, समन्यायिक प्रयोग गर्न,
- ✓ भ्रष्टाचार रोकी दिगो, फराकिलो र समावेशी आर्थिक विकास र आर्थिक वृद्धि गर्न,
- ✓ असल शासकीय संस्कृतिको निर्माण गर्न,
- ✓ कानूनको शासनलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न,

नेपालको सन्दर्भमा सार्वजनिक निकायमा भएका कानूनी व्यवस्था:

प्रधानमन्त्री तथा अन्य मन्त्रीहरु संघीय व्यवस्थापिका र मुख्य मन्त्री तथा अन्य मन्त्रीहरु प्रादेशिक संसद प्रति सामूहिक रुपमा र मन्त्रीहरु आफ्ना मन्त्रालयका कामका लागि व्यक्तिगत रुपमा क्रमशः प्रधानमन्त्री र मुख्य मन्त्री प्रति उत्तरदायी हुने व्यवस्था वर्तमान संविधानले गरेको छ । सरकारले गरेका काम कारवाहीहरुको अनुगमन र मुल्यांकन गर्न संसदीय समितिको व्यवस्था गरिएको छ । संवैधानिक निकायहरुले बार्षिक रुपमा प्रतिवेदन पेस गर्नु पर्ने व्यवस्थाले पनि उत्तरदायित्व प्रवर्द्धनमा टेवा पुगेको छ । सुशासन ऐन, २०६४ ले सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी एवं सहभागितामुलक बनाउने कुरामा जोड दिइएको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सार्वजनिक सरोकारको विषयमा सूचना दिनु पर्ने, सार्वजनिक कामकारवाहीमा पारदर्शीता कायम गर्नु पर्ने विषयमा जोड दिइएको छ । निजामती सेवा ऐन, २०४९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ लेखा परीक्षण ऐन, २०४८, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ आदिले पनि उत्तरदायित्व प्रवर्द्धनमा सहयोग गरेका छन् ।

सुशासन विस्तृत कार्ययोजना, २०६८, सेवा केन्द्र सम्बन्धी निर्देशिका, २०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५, हेलो सरकार संचालन निर्देशिका, २०६८, जन गुनासो व्यवस्थापन निर्देशिका, २०६६, आदि पनि उत्तरदायित्व अभिवृद्धि गर्नमा केहि हदसम्म उपयोगी सिद्ध भएका छन् । सार्वजनिक सुनुवाइ, नागरिक बडापत्र, प्रवक्ता र सूचना अधिकारीको व्यवस्था, सरकारका मन्त्री र सचिवहरु संसदीय समितिहरु प्रति उत्तरदायि भई जवाफ दिनु पर्ने व्यवस्था, प्रगति प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था, कार्य सम्पादन करार सम्बन्धी व्यवस्था, हरेक सार्वजनिक पदाधिकारीले पदले सृजना गरे अनुरुपको जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्नु पर्ने व्यवस्था आदिले पनि सार्वजनिक प्रशासनलाई उत्तरदायी र जवाफदेही बनाउन महत्वपुर्ण भूमिका रहेको छ ।

उत्तरदायित्व सम्बन्धमा सार्वजनिक प्रशासनमा देखिएका समस्याहरु:

- ✓ प्रशासनिक प्रतिबद्धता र इमानदारिताको अभाव,
- ✓ सामाजिकीकरणमा Ethics and Morality पक्ष कमजोर हुँदै जानु,
- ✓ नागरिक शिक्षा र नागरिक चेतनाको स्तर अपेक्षाकृतरुपमा विकास हुन नसक्नु,
- ✓ नागरिक समाज दलीय विभाजनका कारण क्षयिकरण हुदै जानु,
- ✓ उत्तरदायित्व निर्वाह अरुको मात्र दायित्व हो भन्ने कमजोर मानसिकता,
- ✓ राजनीतिक अस्थिरता र सरकारी कामकारवाहीमा पारदर्शीताको अभाव,
- ✓ बस्तुनिष्ठ कार्यसम्पादन मूल्यांकन हुन नसक्नु,
- ✓ कर्मचारीलाई दिनुपर्ने न्यूनतम र अत्यावश्यक सुविधा उपलब्ध गराउन नसक्नु,
- ✓ दण्ड र पुरस्कारको नीतिलाई व्यवहारमा अवलम्वन गर्न नसक्नु,
- ✓ प्रशासनयन्त्र जनमुखी, पारदर्शी, निष्पक्ष, तटस्थ हुन नसक्नु,
- ✓ सार्वजनिक निकायहरु बीच पर्याप्त समन्वय हुन नसक्नु,
- ✓ जनसहभागिता र नागरिक समाजको यथेष्ठ परिचालन हुन नसक्नु,
- ✓ सूचनाको हकको व्यावहारिक रुपमा कार्यान्वयन गर्न नसक्नु,
- ✓ राजनीति र प्रशासनबीचको कार्य क्षेत्रको सीमांकन हुन नसक्नु,
- ✓ प्रभावकारी अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षणको अभाव कायम रहनु,

- ✓ विगतबाट पाठ सिक्ने बानीको विकास हुन नसक्नु,
- ✓ कर्मचारीतन्त्रमा व्यावसायिकताको अभाव हुनु,

उत्तरदायित्व बढाउन विकास भएका नवीनतम् विधिहरु:

- ✓ Digital era governance
- ✓ Citizen-Centric Administration
- ✓ Public Hearing
- ✓ Social Audit
- ✓ Virtual Organization
- ✓ People Bonus
- ✓ Team work/Group work
- ✓ One Door System
- ✓ Mobile Government
- ✓ Community Led Government
- ✓ One stop service, Citizen charter
- ✓ Hello Sarkar
- ✓ Flat structure and Functional Autonomy
- ✓ Lean and thin organization structure
- ✓ Mobile service, Desk system
- ✓ Networking/ Cross broader Organization
- ✓ Technical Audit
- ✓ Performance Evaluation
- ✓ Performance based pay system
- ✓ White paper, Citizen advisory board
- ✓ Management audit, Ombudsman
- ✓ Grievance Handling,
- ✓ 360o evaluation system
- ✓ NPM, NPS, Etc.

सार्वजनिक निकायमा उत्तरदायित्वलाई प्रभाकारी बनाउने उपायहरु :

- ✓ राजनीतिक कटिबद्धता र प्रशासनिक प्रतिवद्धता हुनु पर्ने,
- ✓ प्रभावकारी सन्तुलन र नियन्त्रणको व्यवस्था गर्ने,
- ✓ सामाजिकीकरण प्रक्रियामा Ethics and Morality पाटोलाई बलियो बनाउने,
- ✓ निर्णय प्रक्रियालाई पारदर्शी र बस्तुनिष्ठ बनाउने,
- ✓ अनुगमन र मूल्यांकन प्रणालीलाई व्यवाहारिक तथ्य र तथ्याङ्कमा आधारित बनाउने,
- ✓ Whistle blower's Protection Act लाई कार्यान्वयन गर्ने,
- ✓ नागरिक चेतना र नागरिक शिक्षामा जोड दिने,
- ✓ कार्य सम्पादनमा आधारित मूल्यांकन प्रणाली लागु गर्ने,
- ✓ सार्वजनिक प्रशासनलाई राजनीतिक प्रभावबाट टाढा राख्ने,
- ✓ सार्वजनिक प्रशासनसँग आवद्ध कर्मचारीहरुलाई Performance Contract गराउने र उनीहरुले दिइएको Outcomes का आधारमा वृत्ति विकासका अवसरहरु सिर्जना गर्ने,
- ✓ अनुसन्धानमा आधारित खोजमूलक पत्रकारिताको विकास गर्ने,
- ✓ नागरिक समाजको सशक्तिकरण गरी दलिय आवद्धतामा कमि ल्याउने,
- ✓ सूचनाको हकको प्रचारप्रसार गरी व्यवहारिक कार्यान्वयनमा जोड दिने,
- ✓ स्पष्ट परिभाषित जिम्मेवारी दिने सोही अनुरुप कार्य संपादन मूल्यांकन गर्ने परिपाटिको विकास गर्ने,
- ✓ उत्तरदायित्वलाई कार्य सम्पादनसँग आबद्ध गर्ने,
- ✓ निर्णय, अनुगमन र मूल्यांकनमा सेवाग्राहीको संलग्नतामा जोड दिने,
- ✓ व्यवसायिक उत्तरदायित्वलाई संस्थागत गर्ने प्रणालीको विकास गर्ने,
- ✓ प्रशासनिक जटिल कार्यविधि र परम्परागत संगठनलाई समय सापेक्ष सुधार गर्ने,
- ✓ सामाजिक मूल्य मान्यता र पेशागत आचारसंहिताको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने,
- ✓ सार्वजनिक सुनुवाईमा प्रभावकारिता ल्याउने, आदि ।

निष्कर्षमा,

न्याय र नैतिकतामा आधारित स्वास्थ्य समाज निर्माण गरी देशमा सार्थक र परिणाममुखी विकास गर्न उत्तरदायित्वलाई संस्थागत गर्न अपरिहार्य भई सकेको छ । लोकतन्त्रमा सरकारले गरेका कामकारवाहीलाई वैधता प्राप्तिका लागि जवाफदेही, पारदर्शी, र सहभागितामूलक शासन प्रणालीमा जोड दिने गरिन्छ। राज्यका सबै सार्वजनिक निकायहरुले गरेका कार्यहरुको बारेमा आम नागरिकलाई सहज रुपमा सूचना प्रेषित गर्न सकेको खण्डमा भ्रष्टाचार जस्ता विकृतिहरुलाई धेरै हदसम्म हटाउन सकिन्छ। नेपालको सार्वजनिक निकायमा उत्तरदायित्वको अवस्था कमजोर रहेको छ। यसको प्रमुख कारण बिभिन्न राजनीतिक परिवर्तन भएता पनि सार्वजनिक निकाय र कर्मचारीको संस्कार, संस्कृति र सोचमा परिवर्तन हुन नसक्नु नै हो । राजनीतिक र प्रशासनिक क्षेत्रको शुद्धीकरण गरी सूचनाको हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने हो भने सार्वजनिक निकायमा उत्तरदायित्वलाई सबल बनाउन सकिने देखिन्छ।

सन्दर्भ सामाग्रीहरु :

- सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा, २०७५
- प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७०
- सोपान मासिकका विभिन्न अंकहरु
- राजन खनाल, सार्वजनिक व्यवस्थापनका सामयिक बहस, दोस्रो परिमार्जित संस्करण, सोपान मासिक, डिल्ली बजार, काठमाण्डौं ।
- आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७४/०७५
- राष्ट्रसेवक दर्पण, २०७१
- विष्णु सुवेदी, प्रशासन, व्यवस्थापन, समावेशी लोकतन्त्रका नविन आयामहरु, पैरवी प्रकासन, पुतलीसडक, काठमाण्डौं ।

गोमा बञ्जाडे
अधिकृत, ने.ना.उ.प्रा.

टौदह: एक पर्यटकीय स्थल

कीर्तिपुर नगरपालिकाको वडा नं.६ स्थित, प्राचीनकालदेखि नै कर्कोटक नागराजा र नागरानीको बासस्थानको रूपमा चिनिने ८३ रोपनी जलक्षेत्र दह र सो दह वरिपरिको बस्ती नै टौदह हो । अष्टभुजाकारमा फैलिएको यस दहको अधिकतम लम्बाई ५०० मि., अधिकतम चौडाइ ४०० मि. र अधिकतम गहिराई २० मि. रहेको मानिन्छ। यो दह समुद्र सतहबाट १२९९ अर्थात् करिब १३०० मिटरको उचाइमा पर्छ भने यो दह ८५ डिग्री १७ मिनेट ६ सेकेन्ड पूर्वी देशान्तर र २७ डिग्री ३८ मिनेट ५४ सेकेन्ड उत्तरी अक्षांशमा पर्दछ।

चम्पादेवी, भष्मासुर र सोलीथुम्के डाँडाको काखमा रहेको शान्त र सौम्य टौदह वास्तवमै प्रकृतिको अनुपम उपहार हो। यस क्षेत्रमा करीब १०० भन्दा बढी प्रकारका चराचुरूङ्गीहरू, ३८ जातका बोटबिरूवा, ३६ जातका किराहरू पाइने भएकोले जैविक अनुसन्धानका लागि पनि महत्वपूर्ण मानिन्छ। टौदहमा कमन कार्प, सिल्भर कार्प, ग्रास कार्प, गोल्डेन कार्प, जुङ्गे माछा आदि विविध खालका माछाहरूले पोखरीको सौन्दर्य बढाएका छन्।

टौदह कर्कोटक नागराजा र नागरानीको बासस्थान भएकोले यहाँ प्रत्येक वर्षको नागपञ्चमीको दिन नागको पूजा गर्नेको घुँइचो हुन्छ । त्यस दिन टौदहमा घोगा सहितको मकैको बोट चढाउने, कपासको नाग बनाएर पूजा गर्ने, चामलको दुध बनाएर नागलाई चढाउने आदि गरी नागलाई खुसी पार्ने चलन छ। यहाँका नागलाई पूजाआजा गरी खुसी पार्न सकेमा धन दौलत बढ्ने, निरोगी हुने र उत्तरोत्तर प्रगति हुँदै जाने जनविश्वास छ। माछालाई आहार हाल्दै रमाउँदै गर्दा दिन बितेको पत्तै नहुने रमणीय टौदहमा नागपञ्चमी बाहेक शनिबारको दिन तथा अन्य सार्वजनिक बिदाको दिनमा पनि प्रकृतिप्रेमी व्यक्तित्वहरूको ओइरो नै लाग्छ । खास गरी बिदाको दिनमा प्राकृतिक सुन्दरतासँगै रमाउन चाहने जोडीहरू र भ्रमणबाट ज्ञान आर्जन गर्न चाहने विद्यार्थीजनहरूका लागि टौदह एउटा अद्वितीय ठाउँ हो ।

केही वर्ष अगाडिसम्म छेउछाउमा अतिक्रमित हुँदै अस्त-व्यस्त रूपमा रहेको यस टौदह परिसरलाई यहींका स्थानीय जनताको सक्रियता र सहभागितामा कर्कोटक नागराजा-नागरानी बासस्थान टौदह समाजको गठन गरी सोही समाजको नेतृत्वमा यथोचित संरक्षण गरी यस दहलाई परिक्रमा गर्न सहज र रमणीय बनाउन वरिपरि चौडा बाटो बनाई, ठाउँ ठाउँमा फूलहरू अनि दुबो लगाई, हिंड्दै जाँदा थाकेमा बस्नलायक स्थानहरू बनाई, फलाम र स्टीलका आकर्षक बार बनाएर बच्चाहरू घुमाउन पनि सुरक्षित र सहज बनाइएको छ।

कसरी पुग्ने?

काठमाडौँ रिङरोडको बल्खुबाट चोभार गेट, चोभार डाँडा र पहिलाको हिमाल सिमेन्ट कारखाना भएको ठाउँ हुँदै दक्षिणकालीतिर जाने सडकमा बल्खुबाट ४.२ किलोमिटरको दुरीमा सडकको देब्रेपट्टि छेवैमा देखिने दह नै टौदह हो। सार्वजनिक सवारी साधनमा चढेर जाँदा त टौदह भन्ने ठाउँमा झर्दा बित्तिकै दहको गेटमा पुगिन्छ । काठमाडौँको रत्नपार्क नजिकैको पुरानो बसपार्कबाट त्रिपुरेश्वर, कालीमाटी, कुलेश्वर, बल्खु हुँदै र पाटनको लगनखेलबाट सातदोबाटो, नक्खु दोबाटो, धोबीघाट, बल्खु हुँदै चोभार गेट, चोभार डाँडा र टौदह भएर दक्षिणकालीसम्म जाने रुट नं. २२ को सार्वजनिक बसद्वारा पुग्न सकिन्छ।

टौदहसम्बन्धी केही रोचक किंवदन्तीहरू:

टौदहको निर्माण

चाहे श्रीकृष्ण भगवान्ले होस्, चाहे चिनियाँ बोधीसत्व महामञ्जुश्रीले होस्स चोभारको डाँडा काटी कालीदहको पानी बाहिर पठाएपछि काठमाडौँ उपत्यका मानव बस्ती बस्न योग्य भएको कुरा सर्वविदितै छ । तात्कालिक कालीदह कर्कोटक नागराजा र नागरानी सहित बासुकी, तक्षक आदि थुप्रै नागहरू र अन्य जलचरहरूको बसोबास थियो । प्राचीन कालका नागहरू आधा मानव र आधा सर्पको रूपधारी दैवी शक्ति सम्पन्न प्राणीका रूपमा थिए।

कालीदहको पानी चोभारको डाँडा काटी बाहिर फाल्दा यस्ता दैवी शक्ति सम्पन्न नागहरू सहित सम्पूर्ण जलचरहरू पनि पानीसँगै बगेर तलतिर गएको देखेर यस्ता नागहरू नेपालबाट बाहिरिएमा केही अनिष्ट हुने देखी चोभारको गल्छीदेखि करिब २ किलोमिटर दक्षिणतिर एउटा सानो दह निर्माण गरी सोही दहमा कर्कोटक नागराजा र नागरानी सहित अन्य जलचरहरू राखिएको किंवदन्ती छ। सोही दहलाई अहिले टौदह वा टौदह पोखरी भनेर चिनिन्छ।

टौदह पोखरी निर्माण गर्न वा खन्नको लागि पाण्डुपुत्र भीमसेनलाई लगाइएको थियो रे। भीमसेनले ३ कोदाली माटो निकाली ३ अन्जुली पानी ल्याएर राखी टौदहको निर्माण गरेका भन्ने किंवदन्ती पनि सुन्न पाइन्छ । फेरि कसैका अनुसार मन्जुश्रीले खड्गले माटो निकाली टौदहको निर्माण गरेका हुन् । त्यसकारण यस दहलाई 'खड्ग दह' भनेर पनि चिनिन्छ। कसै-कसैको भनाइ अनुसार कालीदहको पानी

सबै बाहिर गएपछि जलविना त्यहाँ बस्न नसक्ने देखी कर्कोटक नागराजा आफैले आफ्नो बस्ने ठाउँको बन्दोबस्त मिलाइदिन माग गरेको र सोही अनुसार टौदह पोखरीको निर्माण गरी कर्कोटक नागराजा र नागरानी सहित अन्य जलचरहरूलाई राखिएको भन्ने पनि सुन्न पाइन्छ ।

टौदहको निर्माण कसरी भयो भन्ने सम्बन्धमा अर्को एउटा छुट्टै प्राचीन किंवदन्ती पनि सुनिन्छ । यस किंवदन्ती अनुसार परापूर्व कालमा अहिले टौदह भएको ठाउँमा ४०।५० घर भएको एउटा बस्ती थियो । एकदिन मध्यान्नमा एउटा मोटोघाटो हृष्टपुष्ट र सामान्य मानिसभन्दा अग्लो जोगी आई अलख जगाउँदै भिक्षा माग्न लागेछ । जोगीको खाइलाग्दो र बलियो बाङ्गो शरीर देखेर उसलाई कसैले पनि भिक्षा दिएनछन् । अन्तिममा एउटा कुटीमा भिक्षा माग्न पुगेछ । उक्त कुटीकी बुढीमान्छेले ँम त यही गाउँमा अरूको ढिकीजाँतो गरेर खाने मान्छे हुँ, तैपनि मेरो घरमा भिक्षा माग्न आउनुभयो, कनिका ल्याउँछु भनी भित्र गएर कनिका ल्याउँदा त जोगी अलप भइसकेका रहेछन् । भोलिपल्ट बिहान बुढीमान्छेको कुटी बाहेक सम्पूर्ण बस्ती तालमा परिणत भएछ । ती बुढीमान्छेको कुटी अहिले तालको बिचमा रहेको केही उठेको र रूखहरू भएको थुम्को वा ढिस्कोमा थियो रे ।

टौदहका नागराजाले उपहार दिएको भोटो (मछिन्द्रनाथको भोटो)

मच्छिन्द्रनाथको भोटो वा सो भोटो देखाउने जात्रासँग टौदहका नागराजाको नजिकको सम्बन्ध छ भनिन्छ । यो भोटो देखाउने जात्रा बुङमतीका मच्छिन्द्रनाथको रथ तान्ने जात्राको अन्तिम दिनमा पर्दछ । यस जात्राको तिथिमिति ज्योतिषीहरूले हेराएर निकाल्ने भएकाले यही दिन पर्छ भन्न सकिँदैन तर सामान्यतया यो जात्रा प्रत्येक वर्षको जेठ, असार वा साउन महिनामा पनि पर्न सक्छ । प्रत्येक वर्ष जावलाखेलमा सर्वसाधारणलाई देखाइने सो भोटो विभिन्न बहुमूल्य रत्न जडित कालो रङको छ । यो भोटो टौदहका नागराजाले एकजना किसानलाई दिएको उपहार हो भनिन्छ । अब त्यो भोटो नागराजाले कुन किसानलाई किन दिए र त्यो मच्छिन्द्रनाथकहाँ कसरी पुग्यो र किन प्रत्येक वर्ष सर्वसाधारणलाई देखाइन्छ भन्ने सम्बन्धमा एउटा कहानी यस प्रकार छः

उहिल्यै टौदहको नजिकै ग्वाल नाम गरेका एकजना नेवार किसान वा ज्यापु फुकफाक गर्न पनि सिपालु थिए रे । उनको खेत टौदहको डिलसँगै जोडिएकोले नागराजासँग उनको राम्रो चिनजान थियो भनिन्छ । एकदिन नागरानीको टाउको असाध्यै दुखेर (कसैकसैको भनाइअनुसार आँखा दुखेर) छट्पटाइरहेका बेला ती किसानले फुकेर उनलाई सन्चो पारिदिएकाले नागराजाले उनलाई एउटा बहुमूल्य रत्न जडित भोटो उपहार स्वरूप टक्रयाएछन् । ती किसान नागराजादेखि अत्यन्त खुसी भई आफ्नो बाटो लागेछन् । केही समयपछि ती किसान त्यही भोटो लाएर टौदह नजिकैको खेतमा काम गर्दै गर्दा उनलाई दिसा लागेछ । नागराजाले त्यो भोटो दिँदा दिसा गर्ने बेलामा नलगाउन भनेका थिए रे । त्यसैले त्यो भोटो खोलेर खेतको डिलमा राखी दिसा गर्न झाडीतिर पसेछन् । दिसा गरी फर्केपछि यसो डिलतिर हेर्छन् त अघि राखेको भोटो छैन । यताउता हेर्दा कहीँ नदेखेपछि निरास भई घरतिर लागेछन् ।

त्यसको केही दिनपछि पाटनमा मच्छिन्द्रनाथको रथ तान्ने जात्रामा टौदहका ग्वाल किसान पुग्दा आफूलाई नागराजाले उपहार दिएको भोटो एकजना भक्तपुरे किसानले लगाइरहेको देखेछन् । भक्तपुरे किसानका अनुसार त्यो भोटो उनले भक्तपुरको सिद्धपोखरीको डिलमा फेला पारी लिएका रहेछन् । वास्तविक कुरा के परेछ त भन्दा त्यो भोटो ग्वाल किसानले राखेको ठाउँबाट भूतले चोरेर लगी भक्तपुरको सिद्धपोखरीको डिलमा राखेर पोखरीभित्र पसेका बेला भक्तपुरका ती किसानले फेला पारी लगाएका रहेछन् । त्यो भोटो देखेपछि टौदहका किसानले मेरो हो भनी दाबी गर्दा ती दुईजनाको झगडा परेछ । जात्रामा जम्मा भएका मान्छेहरूका अगाडि ती दुई किसानहरूमध्ये कुनैले पनि भोटो आफ्नो हो भन्ने यथेष्ट प्रमाण दिन नसकेपछि जबसम्म त्यो भोटो आफ्नो हो भन्ने यथेष्ट प्रमाणका साथ कोही मान्छे आउँदैन, तबसम्म यो भोटो मच्छिन्द्रनाथ देवतासँग रहन्छ भन्ने निर्णय गरिएकोले त्यही बेलादेखि प्रत्येक वर्ष मच्छिन्द्रनाथको जात्राको अन्तिम दिन यो भोटो कसको हो भनी सर्वसाधारणको जमातमा देखाइने गरेको किंवदन्ती छ ।

त्यो भोटो देखाउने जात्राको दिनमा हावाको भुमरीको रूपमा टौदहका नागराजा पनि पाटनको जावलाखेल गई भोटोको दर्शन गरेर आउँछन् , यसको चासो लिए अहिले पनि हेर्न सकिन्छ, मच्छिन्द्रनाथको भोटो देखाउने जात्राको एकदिन अघि ठाडै भएका टौदह पोखरी नजिकका मकैका बोटहरू भोलिपल्ट सर्लक्क ढल्ने गरेको भनाइ राख्छन् स्थानीय बुढापाकाहरू ।

टौदहको गहिराइ

टौदहको नजिकै पश्चिमपट्टि चम्पादेवी डाँडाको काखैमा एउटा सोल्थुम्के वा सोले थुम्को भन्ने थुम्को वा डाँडो छ । त्यसलाई एक पाखे डाँडो पनि भनिन्छ । त्यस थुम्कामा अहिले पानी ट्याङ्की पनि बनाइएको छ । किंवदन्ती अनुसार सुरुमा टौदहको गहिराइ त्यही सोल्थुम्के डाँडाको उचाइ बराबर नै थियो रे । किंवदन्ती अनुसार हालको काठमाडौँ उपत्यकामा अवस्थित तत्कालीन कालीदहको पानी चोभारको डाँडा काटी गल्छी बनाई त्यहाँबाट बाहिर पठाएपछि कालीदहमा बसोबास गर्दै आएका कर्कोटक नागराजा र नागरानी सहित अन्य जलचरहरूको बसोबासको लागि टौदहको निर्माण गर्न पाण्डुपुत्र भीमसेनलाई लगाइको थियो रे । भीमसेनले अहिलेको टौदह भएको ठाउँबाट एक कोदाली माटो निकालेर पश्चिमपट्टि फाल्दा त्यो सोल्थुम्के भन्ने डाँडा बनेको हो रे । यो कुरा साँच्चै हो वा संयोगवश यस्तो भएको हो अहिले पनि त्यो थुम्को वा डाँडाको आधार भाग वा तलको भागको आकार र टौदहको माथिल्लो सतहको आकार मिल्दोजुल्दो देखिन्छ । कोदालीले माटो फाल्दा माथिको भाग तल र तलको भाग माथि परेकोले त्यस्तो भएको भन्ने जनविश्वास छ ।

अर्को एउटा किंवदन्ती अनुसार भीमसेनले ३ कोदाली माटो निकाली ३ अञ्जुल पानी ल्याएर खन्याई टौदह निर्माण गरेका हुन् भनिन्छ । कालान्तरमा टौदहका नागहरू पुनः काठमाडौ उपत्यका

फर्की चोभारको गल्छी थुनेर बस्न थाले पछि टौदहलाई पुर्ने उद्देश्यले भीमसेनले टौदहकै आयतन बराबरको पहाड बोकेर ल्याउँदै गर्दा चम्पादेवीको डाँडो काट्दा बित्तिकै कुखुरा बासेको सुनेर वा उज्यालो भएको थाहा पाएर सबैले देख्ने गरी टौदह पुरेमा केही अनिष्ट हुनसक्ने देखी उक्त पहाडलाई त्यहीं मिल्काई अन्तरध्यान भए रे । त्यही भीमसेनले फालेको माटोको डल्लोबाट अहिलेको सोल्थुम्के भन्ने डाँडो बनेको जनविश्वास पनि छ । यस किंवदन्ती अनुसार पनि सुरुमा टौदहको गहिराइ त्यही थुम्काको उचाइसँग मिल्दोजुल्दो हुनुपर्छ भन्ने बुझिन्छ । अहिले भने विभिन्न कारणले पुरिँदै जाँदा टौदहको गहिराइ कम भएको हुन सक्छ ।

टौदहका नागराजाको दैवी शक्ति:

परापूर्वकालदेखि अहिलेसम्म पनि टौदह पोखरीमा पौडी खेल्ने, डुङ्गा चलाउने, माछा मार्ने तथा सिकार खेल्ने जस्ता क्रियाकलापहरू गर्न सख्त मनाही छ । कसैले यसो गरेमा वा पोखरी छेउछाउको माटो, ढुङ्गा तथा अन्य वस्तुहरू कोही व्यक्तिले प्रयोग गरेमा वा पोखरीमा फोहर मैला गरेमा सो व्यक्तिलाई नागले धेरै दुःख दिई कहिल्यै प्रगतिपथमा लम्कन नसक्ने जनविश्वास पनि यथावतै छ । अब यसको प्राचीन कारण के हुन सक्छ त भन्ने बारेमा सोधीखोजी गर्दा विभिन्न तथ्य घटनाहरूको उदाहरण दिएर टौदहको सम्पदाको प्रयोग गरी फाइदा उठाउन खोज्नेको मात्र होइन, त्यस्तो कुरा सोच्नेको पनि बिचल्ली हुने गरेको बताउँछन् टौदहबासी बुढापाकाहरू । टौदहका कर्कोटक नागराजामा अहिलेसम्म पनि दैवी शक्ति यथावत् छ भन्ने कुरा जनाउने वा प्रमाणित गर्न हालसालै घटेका थुप्रै तथ्य घटनाहरू सुन्न पाइन्छ ।

टौदह नजिकैका लक्ष्मण के.सी.को घरमा केही वर्ष अगाडि एउटा घटना घट्यो रे भनेको सुन्न पाइयो । आफूले पनि अरूले भनेर सुनेको बताउने एकजना व्यक्तिका अनुसार त्यस घरका मान्छेले टौदहको किनारका वा यसको वरिपरिका ढुङ्गाहरू घरको आँगनमा लगी थुपारेपछि उक्त ढुङ्गाको थुप्राको वरिपरि सयौं नागहरू आई सल्बलाएर त्यहाँ कामै गर्न दिएनन् । पछि ती ढुङ्गाहरू जहाँबाट ल्याएको हो, त्यही ठाउँमा लगी फालेर टौदहका नागराजासँग माफ मागेपछि नागहरू आउन छाडे रे ।

लक्ष्मण के.सी. का छोरा अमृत के.सी. का अनुसार त्यस्तै २०४६/४७ सालतिर नयाँ घर बनाउनको लागि रोडा बनाउने उद्देश्यले टौदह वरिपरिका अर्थात् किनारका ढुङ्गाहरू उहाँ र उहाँकी श्रीमतीले लगेर आँगनमा राख्नासाथ ८-१० वटा सर्पहरू आई त्यस ढुङ्गाको थुप्राको वरिपरि सल्बलाई काम गर्ने मेलोमेसो नै दिएनन् रे । त्यसपछि ती ढुङ्गाहरू लगेर टौदहमा नै फालिदिएपछि सर्पहरू आउन छोडे रे । त्यस्तै कीर्तिपुर नगरपालिका वडा नं. ६ अन्तर्गत पाण्डेछाप निवासी रामरत्न के.सी. को घरमा पनि केही अगाडि एउटा त्यस्तै खालको घटना घटेको थियो भन्ने सुनियो । अन्य व्यक्तिहरूबाट सुने अनुसार पाण्डेछापका एकजना व्यक्तिले टौदहमा नुहाउन आउँदा एउटा ढुङ्गाको मन्दिर फेला पारी घरमा लगेर राखेका मात्र के थिए उनका घर वरिपरि सयौं सर्पहरूले घेरी बस्न खान दिएनन् रे । पछि गएर उक्त ढुङ्गाको मन्दिरलाई टौदहमा नै ल्याई फालेर नागराजाको पूजाआजा गरी माफ मागेपछि मात्र सर्पहरूले छोडेर गए रे । उक्त घटनामा संलग्न व्यक्ति रामरात्न के.सी. र उहाँकी श्रीमती निर्मला के.सी. का अनुसार यो घटना पनि त्यस्तै २०४५ सालतिरकै हो । रामरात्न के.सी. आफै टौदहमा नुहाउन आउँदा एउटा ५ वटा टाउका भएको नागको आकृति भएको ढुङ्गाको मूर्तिजस्तो फेला पारेको साँचो हो रे । टौदहबाट त्यो मूर्ति लिएर घर जाने बेलामा केही परसम्म त एउटा सर्पले पछ्याएको पनि थियो रे । तर त्यसको वास्ता नगरी त्यो मूर्ति घरमा लगेर राखेको दिनदेखि टौदह वरपर पानी परेको थिएन रे । उहाँहरूको भनाइ अनुसार करिब २ महिनासम्म पनि पानी नपरेपछि उहाँले त्यो मूर्ति ल्याएको देख्ने टौदह वरिपरिका केही व्यक्तिहरू आएर त्यो मूर्ति टौदह पोखरीमा नै लगेर फालिदिन अनुरोध गरेपछि रामरात्न के.सी. त्यो मूर्ति लिएर टौदहतिर जाँदै गर्दा त्यहाँ नपुग्दै ठूलो पानी पऱ्यो रे ।

केही अगाडि एकजना व्यक्तिले टौदहबाट एउटा ढुङ्गा ल्याई देउताको रूपमा स्थापना गरी पुज्न थाले रे । यसरी पूजा गर्दै जाँदा आज एउटा आँखा सुनिने, भोलि अर्को आँखा सुनिने हुँदै गई अन्धो नै हुन पुगे रे । यस्तो भएको देखी पक्का पनि त्यही ढुङ्गो ल्याएको भएर यस्तो भयो भन्ने सोंची त्यो ढुङ्गो टौदहमा नै लगी फालेर नागराजासँग माफ मागेपछि बिस्तारै सन्चो भएर दुवै आँखाले देख्न सक्ने भए रे । माथिका घटनाहरूले टौदह वरिपरिको माटो, ढुङ्गा वा अन्य केही पनि कुरा लिएर जाने कुनै पनि मान्छेको भलो हुँदैन भन्ने प्रमाणित हुन्छ ।

कतिपय टौदहबासी जानकारहरूका अनुसार अहिले नागराजा नागरानीको बासस्थानको संरक्षणका लागि भनी सिमेन्ट लगाएर दहको वरिपरि जुन पर्खाल लगाइएको छ, त्यो पनि नागराजाको लागि अनुकूल छैन । दह वरिपरिको उक्त पर्खाल बनाउँदा नेतृत्वदायी भूमिका खेल्ने कर्कोटक नागराजा नागरानी बासस्थान टौदह समाज नामक संस्थाका अध्यक्ष रहनु भएका रामचन्द्र खड्का पनि उक्त पर्खाल बनाएकोमा सन्तुष्ट हुनुहुन्न । उहाँका अनुसार यसरी टौदहको पानीले नै छुने गरी सिमेन्टको पर्खाल लगाउने काम नाग र अरू जलचरहरूको लागि पनि उपयुक्त होइन । सबैको सरसल्लाह अनुसार यस्तो काम गरे पनि आफू त्यो समाजको अध्यक्ष पदमा रहेकोले आफैले ठूलो दुःख बेहोर्नु पऱ्यो । त्यसै कारणले उहाँले धेरै शारीरिक एवम् मानसिक दुःखकष्ट बेहोर्नु पऱ्यो । अन्त्यमा अध्यक्ष पदबाट राजीनामा दिएपछि मात्रै त्यस्तो दुःखबाट मुक्त हुनुभयो ।

टौदहका नागराजा यति धेरै शक्ति सम्पन्न छन् कि हाम्रो देश नेपालको हर प्रकारको राजनैतिक एवम् प्रशासनिक उतारचढावमा उनको विशेष हात छ भन्ने समेत जनविश्वास पाइन्छ । २०४५ सालमा राजा वीरेन्द्र आएर टौदहको वरिपरि 'वीरेन्द्र पार्क' बनाउने योजना बनाएका थिए रे । त्यही कारणले त्यति बेला देखि नै उनको पतन शुरू भएको भन्ने जनविश्वास पनि छ । देशमा प्रधानमन्त्रीले राजीनामा दिने अर्थात् मन्त्रीमण्डलको नेतृत्व फेरिने बेलामा पनि टौदहका नागराजाले पूर्वसङ्केत गर्छन् भन्ने समेत सुनिन्छ । टौदहको

तहसनहस भएमा काठमाडौँ उपत्यका र राष्ट्रकै तहसनहस हुन्छ भन्ने समेत जनविश्वास पाइन्छ । त्यसकारण टौदहका कर्कोटक नागराजालाई अहिलेसम्म पनि राष्ट्रपालक नागका रूपमा मान्दै आइएको छ । यति मात्र नभएर चीन, भारत, जापान र जर्मनी लगायत अन्य देशका तिर्थालु भक्तजनहरू एवं अनुसन्धाताहरूको समेत बेला मौकामा टौदहमा ओइरो लाग्नुले कर्कोटक नागराजाको दैवी शक्तिकै कारणले यसको अन्तर्राष्ट्रिय महत्व समेत भएको मान्न सकिन्छ ।

टौदह र काठमाडौँ उपत्यकाको आकार उस्तै:

टौदह पोखरीको आकार अष्टाकार हुनु वा पूरै काठमाडौँ उपत्यकाको आकारसँग मिल्दोजुल्दो हुनु र काठमाडौँ उपत्यका जस्तै यसको जुनसुकै कुना वा छेउबाट हेर्दा पनि दहको सम्पूर्ण भाग देख्न नसकिनुलाई यसको विचित्र विशेषताको रूपमा लिइन्छ । यस सम्बन्धमा शर्मा (२०७१) अनुसार चोभारको डाँडा काटी कर्कोटक नागराजा र नागरानीको राज्य भएको कालीदहको पानी बाहिर पठाई उपत्यकालाई मानव बस्ती बस्न योग्य बनाइएको कुरा साँचो हो भने उक्त कालीदहमा सदियौँदेखि शासन जमाउँदै आएका कर्कोटक नागराजा सहज रूपमा उपत्यका छोडेर बाहिर जान नमान्नु, तपाईं नागहरूलाई हामी नजिकै एउटा दह बनाई राखिदिन्छौं, अन्यथा नलिनुहोला भनी अनुरोध गर्दा नागराजाले आनेकाने गरेका, टौदहमा लगेर राखिसकेपछि पनि कालान्तरमा फेरि फर्केर चोभारको गल्छी थुनी फेरि कालीदहमै नागराजाले आफ्नो राज्य खडा गरेको भन्ने किंवदन्तीले पनि नागराजाको कालीदहप्रतिको मोहलाई थप पुष्टि गर्दछ । यति सुन्दर र शान्त कालीदहमा राज गरी बसेका हामी नागहरू अर्को कुनै सामान्य पोखरीमा गई बस्नुभन्दा त बगेरै जानु बेस भनी बाहिर जान थाले । यस्तो भएमा नेपालमा केही अनिष्ट हुने देखी श्रीकृष्ण भगवान् वा मञ्जुश्री र अन्य पात्रहरूले कालीदहबाट धेरै टाढा पनि नपर्ने गरी कालीदहकै (अर्थात् अहिलेको काठमाडौँ उपत्यकाकै) आकारमा उत्तिकै सुन्दर र शान्त दह बनाई राखिदिने शर्तमा उस्तै आकारको बनाइएको हुन सक्ने अनुमान गरिएको छ ।

निचोड

पवित्र तीर्थस्थल टौदह एउटा सानो तर वास्तवमै ऐतिहासिक, धार्मिक रूपले महत्वपूर्ण प्राकृतिक सम्पदा हो । यस अनुपम सम्पदालाई प्रदुषणबाट मुक्त राखी यसको प्राकृतिक मुहान नसुक्ने गरी संरक्षण गर्नुपर्दछ । मनलाई आनन्द, तनमा तन्दुरूस्ती, थोरै धनमा भ्रमण गरी धेरै ज्ञान हासिल गर्न सकिने, काठमाडौंको रिङ् रोड बाहिर तर नजिकै रहेको यो रमणीय स्थल घुम्न नछुटाई यस क्षेत्रमा पर्यटनको विकास, बिस्तार र प्रवर्द्धनमा सहयोग गरौं ।

जय होस् कर्कोटक नागराजा-नागरानीको !

सन्दर्भ सामग्री

ज्ञवाली, खेमराज (२०६३) श्रीशुकसुधा श्रीमद्भागवतमहापुराण कथासार, काठमाडौँ विद्यार्थी पुस्तक भण्डार

भट्टराई, ज्ञानेश्वर (२०७५) बृहत ज्ञानकोश, काठमाडौँ, आशिष बुक हाउस

शर्मा, बाबु माधवप्रसाद (२०६८), कृष्णचरित्र, वाराणसीः बाबु माधवप्रसाद शर्मा

शर्मा, उमानाथ (२०७१) आदिनाथ, गणेशस्थान, टौदहः एक चिनो, तीन चिनारी काठमाडौँ सनलाइट पब्लिकेशन

सिंजापति, ललितजङ्ग (२००५) नेपाली ऐतिहासिक कथा संग्रह ने.भा.प्र. समिति

Lall, Kesar (2007), Legends of Kathmandu Valley. Kathmandu: Nepal Bhasha Academy.

Deep, Dhruba K. (2012), Selected Folk Tales of Nepal. Kathmandu: Ekta Books Distributors Pvt. Ltd.

नजिकै बोसन गाउँबाट टौदहको दृष्य

विशाल पौडेल
वरिष्ठ सहायक, ने.ना.उ.प्रा.

आन्तरिक पर्यटन: आवश्यकता, प्राधिकरणको भूमिका र चुनौतीहरू

बालीबाट फर्किएको साथीले फेसबुकमा इन्डोनेसियाको मनमोहक तस्वीर देखाउदा मेरो मन मस्तिष्कमा पनि यसपालीको भ्रमण योजनामा थाईल्याण्ड, इन्डोनेसिया, मलेशिया वा दुबईले प्राथमिकता पाउन थाल्यो । मेरो पनि कभर फोटो नयाँ अपलोड गर्नुपर्‍यो भनि यसो ल्यापटपमा फाइलहरु केलाउदै गर्दा पोहोर साल फ्लाईट मुभमेन्ट एप्लिकेसनको तालिम दिन पश्चिम नेपालका एयरपोर्टहरुको भ्रमणमा जादाँ बाटोमा रोकेर कर्णाली पुलमा कैद गरेको तस्बीर माथि नजर पर्‍यो । एकछिन टोलाएर त्यो यात्रा सम्झिदा लुम्बिनी, काकैं बिहार र घोडाघोडी तालमा बिताएको निकै छोटो तर रमाइलो पल सम्झिए । ७ दिनमा ६ वटा एयरपोर्ट पुगेर फर्कनुपर्ने बाध्यताको माझ बीचबीचमा अफिसको गाडी रोकेर १५ देखि २० मिनेट भएपनि ती ठाउँहरुमा उभिएर अर्को पटक धेरै समय बिताउने गरी आउनेछु भन्ने बाचा गरेको सम्झिए । यसरी ती ठाउँहरुको सम्झनामा डुबेर हराउदै जादाँ मेरो ध्यान अब थाईल्याण्ड, इन्डोनेसिया, मलेशिया वा दुबई भन्दा पनि आन्तरिक पर्यटन तिर झुक्न थाल्यो ।

नेपाल आफैमा विविधताको देश, त्यसमा पनि झन प्रकृतिले साथ दिएर एक अलग सुन्दर पहिचान बनाउन सकेको देश । नेपालमा वर्षैनी लाखौ पर्यटकहरु भ्रमणका लागि आउने गर्दछन् । विशेष गरी पोखरा, सौराहा, काठमाडौँ र लुम्बिनी उनीहरुको प्रथम रोजाइमा पर्दछ । नेपाल भ्रमण वर्ष १९९८ (Visit Nepal 1998) र नेपाल पर्यटन वर्ष २०११ (Nepal Tourism Year 2011) पश्चात अबको भिजिट नेपाल २०२० - लाइफटाइम एक्सपिरियन्स (Visit Nepal 2020 - Lifetime Experience) ले २० लाख पर्यटकहरु भित्र्याउने लक्ष्य राखिएको छ । नेचुरल्ली नेपाल, वान्स इज नट इनफ (Naturally Nepal, Once is Not Enough) को अवधारणानै पर्यटकलाई नेपाल एक चोटी नभई बारम्बार गईरहनुपर्ने भ्रमण स्थलको अनुभुति दिने रहेको छ ।

वि.सं. २०७२ सालको विनासकारी भुकम्प बाबजुद नेपाल अझै पर्यटन र भ्रमणको लागि सुरक्षित छ भनेर विश्वलाई सन्देश दिन भिजिट नेपाल २०२० - लाइफटाइम एक्सपिरियन्स (Visit Nepal 2020 - Lifetime Experience) सन् २०१८ मा मनाउने योजना बनाइएको थियो तर विभिन्न कारणले सन् २०२० मा सर्न गयो । सो विनासकारी भुकम्प पछि नेपाल स्वयमलाई सम्हाल्दै पुनः पर्यटन क्षेत्रमा आफुलाई उभ्याउन लागिपर्‍यो । सायद यहि दृढ विश्वास र प्रयासको नतिजा स्वरुप होला सन् २०१६ मा The World of Wanderlust ले नेपाललाई 'Top 25 Best Destinations in the World List' मा १९औं स्थानमा राख्यो । Rough Guides' को त्यसै बेलाको "Top 10 Best Countries" मा नेपाल पहिलो स्थानमा पर्न सफल भयो । Rough Guides to Nepal का सहलेखक सफिक मेघ्जीका अनुसार नेपालको सँस्कृतिमा नेपालको भुगोल जत्तिनै विविधता छ । नेपाल २०१६ मै 'Best Ecotourism Destinations in Asia' को सुचीमा छैटौ स्थानमा परेको थियो भने लोन्ली प्लानेट (Lonely Planet) को अनुसार सन् २०१७ को Best Value Destination to travel in the year 2017 नेपाल थियो भने उस्कै छुटाउनै नहुने मुख्य १० देशको सूचीमा नेपाल ५औं स्थानमा थियो । यसरी नेपाललाई विभिन्न मुलुकहरुले प्राथमिकता राख्नु एकातिर भुकम्प पछि पर्यटनको माध्यमले आर्थिक सहयोगको भावनाले थियो भने अर्कोतिर नेपालको पर्यटकहरुलाई लोभ्याईरहने विविधता थियो जसलाई भुकम्पले पनि छेक्न सकेन । यसले नेपालको पर्यटन विश्व मानचित्रमा कस्तो रहेको छ भन्ने देखाउछ ।

आन्तरिक पर्यटन किन ?

पर्यटन नीति, २०६५ मा समेत नेपाललाई एक अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा परिचित गराइएको छ । यसरी विश्वनै सूचना प्रविधिमा एक सिंगो गाउँ (Global Village) को रुपमा परिणत भइरहेको बेला नेपालले पनि आफुलाई विश्व पर्यटनमा चिनाउन त आवश्यक छदैछ राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार पर्यटन व्यवसायको विविधिकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नका लागि आन्तरिक पर्यटन अपरिहार्य छ । नेपाल भ्रमण वर्ष २०२० लाई सफल तुल्याउनुछ भने हामीले आन्तरिक पर्यटनबाट शुरु गर्नपर्छ । आन्तरिक पर्यटनबाट धेरै कुराहरु सिक्न सकिन्छ । आन्तरिक पर्यटनले नेपाल भित्रका भ्रमणस्थलहरु मात्र होइन, त्यहाँको विशेषता र विकटता अथवा सहजता दुबै दर्शाउँछ । नयाँ नयाँ ठाउँको पहिचान हुनुका साथै रोजगारीले पनि ठाउँ पाउँछ ।

आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाइनेछ भनेर नेपालको पर्यटन नीति, २०६५ को ८(ग) मा उल्लेख गरिएको छ । यसको कार्यनीतिहरु हेर्दा आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिइने, मुलुकको एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने नेपाली नागरिकलाई पनि आन्तरिक पर्यटकको

रुपमा मान्यता दिइने; हिमाल, पहाड र तराईका विभिन्न पर्यटकीय स्थलहरूमा नेपाली पर्यटकहरूलाई भ्रमण गर्न प्रोत्साहन गरिने, आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न निजी क्षेत्रको समन्वयमा पर्यटकीय प्याकेजहरूको विकास गरी कर्मचारीहरुलाई यात्रा उत्प्रेरणा विदा (Travel Incentive Leaves), शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमणको व्यवस्थाको लागि प्रोत्साहन गरिने र सबै क्षेत्रमा काम गर्ने जनशक्तिलाई आन्तरिक पर्यटनतर्फ आकर्षित गर्न निश्चित सहुलियतयुक्त बिदासहितको स्थानीय भ्रमण प्रोत्साहन कार्यक्रम (Local Travel Concessions) लागू गरिने भनेर उल्लेखित छ।

नेपालको संविधान, २०७२ को भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व को धारा ५१ राज्यका नीतिहरूको को उपधारा (ठ) पर्यटन सम्बन्धी नीतिमा नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रबर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने भनेर उल्लेख गरिएको छ। यसरी स्थानीय जनतालाई प्राथमिकतामा राखेर आन्तरिक पर्यटनलाई बढाउदै लैजादा स्वदेशी तथा विदेशी दुबै पर्यटकहरुलाई आकर्षित गर्नुका साथसाथै ती ठाउँहरुलाई विश्वको पर्यटनमाझ आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रुपमा विकास गर्नुका साथै पर्यटन व्यवसायले आर्थिक विकासमा ठुलो योगदान दिन सक्छ। आन्तरिक पर्यटनको विकासले सर्वसाधारण र स्थानिय नागरिकमा स्वरोजगारको सिर्जना, ग्रामीण पर्यटनबाट गरिबी निवारण, उनीहरूको जीवनस्तरमा सुधार पनि हुन्छ जो राष्ट्रको अर्थतन्त्रसँग सिधै जोडिएको छ। आन्तरिक पर्यटनद्वारा स्थानिय तहमा आ-आफ्नो ठाउँलाई नेपाल र विश्वमाझ चिनाउन त्यहाँका वासिन्दाहरुले त्यस ठाउँ विशेषका मूर्त-अमूर्त, प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुलाई प्रचार प्रसार मार्फत क्षेत्रगत विकास गर्दै आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाउन सक्दछन्।

आन्तरिक पर्यटनले अब संघियतामा गइसकेको हाम्रो देशका सबै प्रदेशमा उपलब्ध प्राकृतिक तथा सांस्कृतिक स्रोत तथा साधन एवं सीप र प्रविधिको अधिकतम प्रयोग गरी आर्थिक क्षेत्रको सन्तुलित विकासको माध्यमबाट ती क्षेत्रका वासिन्दाहरुको उच्च गुणस्तरीय जीवनस्तरको सुनिश्चिता गर्न मदत पुग्नुका साथै त्यहाँ स्थित बैंक तथा वित्तिय संस्थाहरुलाई पर्यटनक्षेत्र पूर्वाधार विकास तथा पर्यटन व्यवसाय प्रबर्धनमा नीजी तथा सामुदायिक समुहलाइ लगानी गर्न प्रोत्साहित गर्न सकिन्छ।

नेपालीहरु माझ आजकाल आन्तरिक पर्यटन एकदमै प्राथमिकतामा रहेको छ। पर्यटकीय गन्तव्यस्थलहरुमा आजकाल विदेशी र स्वदेशी पर्यटकहरु उत्तिकै मात्रमा देख्न पाइन्छ। वि.सं. २०७२ सालको विनाशकारी भुकम्प पश्चात अलि खस्केको नेपालको पर्यटन अब पुरानै लयमा फर्कनुमा आन्तरिक पर्यटनको भूमिका पनि सराहनीय रहेको छ। नेपालका दुर्गम स्थलमा समेत विस्तारै पूर्वाधारहरुको पहुँच, सडक, खानेपानी, विद्युत, सञ्चार आदिको विकास, पर्यटन पूर्वाधारको विकास, स्थानीय समुदाय र नागरिकको पर्यटन प्रतिको भूमिकामा सरकारसँगको समन्वयता आदिले पनि पर्यटकको संख्यामा बृद्धि भएको छ। आन्तरिक पर्यटनलाई बढावा दिदाँ विदेशी पर्यटक मात्र नभई स्वदेशी पर्यटकले समेत देशको अर्थतन्त्रमा निकै योगदान दिन सक्दछन्।

प्राधिकरणको भूमिका :

नेपालको भौगोलिक अवस्थिति र भू-धरातलीय स्वरुपका कारण हवाई यातायात नै सबै भन्दा भरपर्दो माध्यमका रुपमा रहेको छ। हवाई नीति २०६३ को अवधारणा नै यहि स्तरीय हवाई सेवाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु लगायत आधुनिक प्रविधिको प्रयोग गरी छोटो र लामो दूरीको हवाई सेवा संचालन गर्न सक्ने विमानस्थलहरुको विकास गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप उड्डयन एवं हवाई सुरक्षा (Flight Safety and Aviation Security) लाई सुनिश्चित गर्दै सुरक्षित, सुलभ, मितव्ययी, बजार मुखी, भरपर्दो, एवं प्रभावकारी हवाई यातायातको माध्यमबाट पर्यटन र व्यापार प्रवर्द्धनमा सहयोग पुऱ्याउन सरकारको स्पष्ट नीति हुनुपर्ने आवश्यकता महशुस गरी ल्याइएको हो। यसै बाट प्राधिकरणको भूमिका कत्तिको प्रभावकारी छ भन्ने खुल्दछ। नेपाल नागरिक उड्डयन प्राधिकरण नागरिक उड्डयन क्षेत्रको नियमन, नियन्त्रण एवं सेवा प्रवाहका कार्यहरु प्रभावकारी रुपले संचालन गर्न एउटा सक्षम नागरिक उड्डयन नियमनकारी निकाय (Aeronautical Regulatory Body) एवं सेवा प्रदायी संस्थाको रुपमा रहेको छ। पर्यटन क्षेत्रको पूर्वाधार विकासमा टेवा पुऱ्याउन तथा हवाई सेवालाई व्यापक र सरल बनाउन अन्तर्राष्ट्रिय विमानस्थल तथा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलहरुको निर्माण, विकास र संचालन गर्ने देखि नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउन मित्रराष्ट्रसँग द्वीपक्षीय हवाई सेवा सम्झौता तथा सेवा विस्तारमा नेपाल सरकार तथा प्राधिकरणको भूमिका महत्वपूर्ण रहिआएकोछ।

पर्यटन क्षेत्रको पूर्वाधार विकासमा अहम भूमिका खेल्ने हवाई सेवालाई सुरक्षित नियमित र भरपर्दो बनाउन प्रधिकरणले पर्यटन क्षेत्रको विकासमा सरकारको भूमिकामा सहयोग तथा ठूला पूर्वाधार निर्माण र पर्यटन सेवा वा वस्तुको विकास एवं विस्तारमा सहजकर्ता, नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको रुपमा रहने गरी यस क्षेत्रमा निजीक्षेत्रको भूमिकालाई प्रोत्साहन गर्न सक्दछ। पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना भएका मुलुकहरुसँग समानता र पारस्परिकताको आधारमा नेपाललाई अधिकतम फाईदा हुने गरी द्विपक्षीय तथा बहुपक्षीय हवाई सेवा सम्झौता गर्न पहल गरिनेछ भनेर हवाई नीतिमानै उल्लेख गरिएको छ।

प्राधिकरण भित्रबाटनै आन्तरिक पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउन नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरुलाई आन्तरिक पर्यटनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको

सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ (संशोधनसहित) को नियम ५.३ को उपनियम (६) ले निर्देशिका बनाई मिति २०७०/०९/०१ देखि लागु गरेको छ जसको फलस्वरुप नियमानुसारको अवधि पुगेका कर्मचारीहरु सो निर्देशिकाको अनुसूची - १ मा रहेको आन्तरिक पर्यटनका लागि छनौट भएका स्थानहरु मध्ये जुनसुकै स्थानमा आन्तरिक पर्यटन भ्रमणमा जान सक्दछन् । यसले नेपाल भित्रका पर्यटकीय स्थलहरुलाई पनि फाइदा पुगेको छ। प्राधिकरणका कर्मचारीहरुले सो ठाउँमा भ्रमण गर्दा त्यहाँको प्रचार प्रसार हुनुका साथै त्यहाँ आर्थिक सहयोग त हुन्छनै, कर्मचारीहरुले फर्केपछि पेश गरेको भ्रमण प्रतिवेदनका आधारमा अन्य सरोकारवालाहरुको सहयोगका साथ त्यस्ता ठाउँहरुको पूर्वाधार विकास तथा प्रबर्द्धन कार्य दुबै सम्भव हुन सक्दछ।

चुनौतीहरुः

आन्तरिक पर्यटनको विकास त्यति सहज भने छैन । यसमा केही चुनौतीहरु पनि छन् जस्तैः

- धेरै जसो ठाउँहरुका पर्यटकीय क्षेत्रमा बाटो घाटोको र सूचनाको राम्रो सुविधा छैन, जसका कारण पर्यटकहरु जोखिमपुर्ण यात्रा गर्न बाध्य हुन्छन् । यसका अलावा भौगोलिक भू-संरचनाको विकटता र विषम हावापानी र न्यून दक्ष पर्यटन व्यवसायी पनि आन्तरिक पर्यटनको चुनौतिको रुपमा रहेका छन् ।
- पर्यटन व्यवसायका लागि चाहिने आवश्यक भौतिक पूर्वाधारको सहज विकास हुन नसक्नु र यसको प्रबर्धन तथा विकासका लागि निजी क्षेत्रको सहभागिता न्यून हुनु, पर्यटन क्षेत्रमा संलग्न जनशक्तिलाई उपयुक्त प्रशिक्षण दिन नसक्नु पनि चुनौतीपुर्ण रहेको छ।
- देशका विभिन्न स्थानमा रहेका पर्यटकीय गन्तव्य स्थल तथा तिनीहरुको पदमार्गहरुको पहिचान र प्रचार प्रसार नहुनु र पर्यटन क्षेत्रका साझेदारहरुको पूर्वाधार विकासमा भन्दा प्रबर्द्धनात्मक कार्यमा बढी संलग्न हुँदा यो क्षेत्रले लगानीमा प्राथमिकता पाउन नसक्नु पनि पर्यटन क्षेत्रको विकासमा रुकावट बनेको छ।
- पर्यटन सूचना प्रणालीको राम्रो विकास हुन नसक्नु र स्थानीय स्रोत साधनको समुचित उपयोगको लागि क्षमता विकासका अवसरहरुको अभाव हुनु जस्ता समस्याहरुले पर्यटन क्षेत्रको विकासले आशागरेको जस्तो गति लिन सकिरहेको छैन।
- पर्यटन व्यवसायको एकिकृत विकासका लागि समन्वय र सहकार्य नहुनु र पर्यटनजन्य क्रियाकलापलाई वातावरणमैत्री बनाउन नसक्नु पनि चुनौतिको रुपमा रहेको छ।
- नेपाल आउन खोज्ने विभिन्न देशका पर्यटकहरुलाई सोझै नेपाल सम्म आउनसक्ने भरपर्दो हवाइसेवाको सञ्जाल विस्तार गर्न सकिएको छैन भने नेपाल भित्रै आन्तरिक उडानहरुको क्षेत्रको कभरेज राम्रो हुनसकिरहेको छैन।

यी र यस्ता विभिन्न खाले चुनौती र समस्याहरु छन् तर आँटे के सम्भव हुदैन भनेझै हामी लागी पर्‍यौं भने यस्ता सबै समस्याहरुको निराकरण गरी आन्तरिक पर्यटनको माध्यमबाट नेपालको पर्यटनलाई विकास गर्दै विश्व पर्यटनको मानचित्रमाझ नेपालको पर्यटनलाई चिनाउन सकिन्छ।

अन्तमा :

विदेशी पर्यटकतर्फ मात्र केन्द्रित सोचले नेपालका केही छानिएका गन्तव्यस्थलहरुले मात्र पर्यटनमा फड्को लिन सक्दछन्होला तर स्वदेशी पर्यटक समेत आकर्षित गर्ने गरी प्रचार गरिएको आन्तरिक पर्यटनले सिँगो नेपाललाई पर्यटनमा फड्को मार्ने मौका दिन्छ। पर्यटन सम्बन्धी सूचना तथा प्रमुख सूचकहरु तयार गरी, तथ्य अद्यावधिक एवं सूचना प्रविधिका माध्यमबाट मुख्य पर्यटकिय गन्तव्यस्थलहरुको प्रचार प्रसार गर्नका साथै सूचना प्रणालीको विकास तथा डकुमेन्ट्री तयार गरी सो सूचना देश विदेशमा विस्तार गर्न सकिन्छ।

विशेष गरी अहिलेको युवा पुस्ता जो साहसिक पर्यटनमा विशेष रुची राख्दछन्, मुस्ताङ्गको मुक्तिनाथ यात्रा, रारा तालको ट्रेकिङ्ग होस या पोखराको प्याराग्लाईडिङ्ग वा अहिलेको आकर्षण बनेको जिपलाइनिङ्ग वा नेपालका कुनाकाप्चामा पुगेर रमाउँदछ । यसरी हिड्ने मार्गको सहजता, पुग्ने ठाँउमा आवश्यक तथा पर्याप्त बस्ने तथा खाने होटलहरुको व्यवस्था, आवश्यक पर्यटकीय पूर्वाधारको विकास, दक्ष जनशक्तिको पर्यटनमा प्रयोग, पर्यटकीय स्थलहरुको व्यवस्थित पहिचान र विज्ञापन, पर्यटन सूचना प्रणालीको प्रयोग अनि सहकारीताका साथ आन्तरिक पर्यटनलाई बढावा दिने हो Malaysia Truly Asia जस्ता विज्ञापन हेरी मन मस्तिष्कमा विदेशको भ्रमण योजना बनाउने म र म जस्ता थुप्रै नेपाली आन्तरिक पर्यटनमा रमाउन र अबको भिजिट नेपाल २०२० - लाइफटाइम एक्सपिरियन्स (Visit Nepal 2020 - Lifetime Experience) र नेचुरल्ली नेपाल, वान्स इज नट इनफ (Naturally Nepal, Once is Not Enough) लाई सफल बनाउन पर्यटन वर्ष २०२० को तयारीमा जुट्नेछौ।

सन्दर्भ सामाग्री :

१) नेपालको संविधान २०७२
२) नेपाल पर्यटन बोर्ड
३) पर्यटन नीति २०६५
४) हवाई नीति २०६३
५) http://www.nepalnow.org/stories/10-things-about-nepal/
६) https://www.nepalsanctuarytreks.com/visit-nepal-2020/

CIVIL AVIATION AUTHORITY OF NEPAL

Head Office, Babarmahal, Kathmandu, Nepal
Tel.: 977-1-4262387, 4262326, 4262518. Fax: 977-1-4262516, AFTN:VNKTYAYX
Email: cnsatm@mos.com.np, dgca@caanepal.gov.np, misprpd@caanepal.gov.np
Website: www.caanepal.gov.np